शारदा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खलंगा, सल्यान

कर्णाली प्रदेश, नेपाल

# खानेपानी, सरसफाइ तथा स्वच्छता योजना-२०८१
# (खासस्व योजना)

# Water, Sanitation and Hygiene
# (WASH Plan)

**मितिः- २०८१-२०९१**

**Date:- 2025-2035**

# प्राक्कथन

शारदा नगरपालिका साविकका ७ गा.वि.स. खलंगा, मार्के, हिवल्चा, कजेरी, सेजवालटाकुरा, स्यानीखाल र डाँडागाउँलाई मिलाएर मिति २०७१/०२/०२ मा नगरपालिका घोषणा गरिएको हो। नगरपालिकाको समग्र खानेपानी तथा सरसफाइ झल्किने गरि तयार भएकोयो वास योजना (WASH Plan) निर्माण गर्न पाउँदा अत्यन्तै उत्साहित छौं। आवश्यकता अनुसार योजना तथा कार्य योजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन्। यसै कारण वर्तमानका हाम्रा धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाहरुको पहिचान गरि भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (WASH Plan) सीमित समय तथा स्रोतको सीमाभित्र रही तयार गरिएको छ। WASH Plan सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यस नगरपालिकाको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ। यो WASH Plan एकातिर नगरपालिकाको खानेपानी तथा सरसफाइ चिनारीका रूपमा हेर्न सकिन्छ भने अर्को तर्फ यस मार्फत हाम्रा सम्भावना र चुनौतीहरूलाई पहिचान गर्न सकिन्छ।

दिगो र योजनावद्ध विकासलाई अगाडि बढाउनका लागि नगरपालिकाको खानेपानी तथा सरसफाइ तथ्याङ्कको आवश्यकता पर्दछ। यसै आवश्यकतालाई मध्यनजर गरि नगरपालिकाको WASH Plan (वास प्लान) तयार गरिएको छ। जसमा नगरपालिकाको विभिन्न योजनाहरु समावेश गरिएको स्रोत नक्साहरू, विभिन्न विद्यालय, स्वास्थ्य संस्थाहरु, घर धुरीहरुमा खानेपानी तथा सरसफाइ अवस्थाको तथ्याङ्क समावेश गरि नगर स्तरीय WASH Plan तयार गरिएकोछ।

वास योजनामा उल्लेखित विवरणमा नगरपालिकाको राष्ट्रिय जनगणना २०७८ अनुसारको जनसंख्या खानेपानी तथा सरसफाइको विविध पक्षहरू समावेश गरिएका छन्। अन्तमा प्रस्तुत खासस्व योजना तयार गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण विद्यालय, स्वास्थ्य संस्थाहरु नगरवाकसीहरु, डाटा संकलक सामाजिक परिचालक, प्राविधिकहरु वडा सचिवहरू, नगर कार्यपालिकाका कर्मचारीहरू, प्रमुख प्रशासकीय अधिकृत तथा तथ्याङ्क संकलन, प्रशोधन गरि NWASH Dasbord मा डाटा सुरक्षित राख्ने परामर्शदाता लगाएत सबैलाई धन्यवाद दिन चाहन्छौं।

# धन्यवाद ज्ञापन



खानेपानी, सरसफाई र स्वच्छतासँग सम्बन्धित विभिन्न ऐन, कानुन र नेपालको संविधान एवं स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहलाई दिएको अधिकारको प्रयोग गरि र अन्य प्रचलित कानुनहरुको परिधिभित्र रही खानेपानी, सरसफाइ र स्वच्छतासँग सम्बन्धित सेवा तथा सुविधाहरुको दिगो व्यवस्थापनको लागि खानेपानी, स्वच्छता योजना निर्माण गरेका छौँ ।

नेपाल सरकारले दिएको उच्चतम् सुचना प्रविधि N-WASH Dasboard MIS लाई प्रयोग गरि यस शारदा नगरपालिकाका खानेपानी योजनाहरु, विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक शौचालयहरुका साथै पालिका भरीको ३३५० घरधुरीहरुको खानेपानी, सरसफाई र स्वच्छताको हालको अवस्थालाई अध्ययन गरि सबै पूर्वाधारहरुको MIS सहितको तथ्यांक संकलन गरि यो योजनालाई तयार गरिएको हो।

प्रत्येक वडाका सबै खानेपानी सरसफाई र स्वच्छताका सेवा तथा पूर्वाधारहरु अध्ययन गरि विभिन्न चरणबाट प्राप्त तथ्याङकलाई विश्लेशण गरि १० वर्ष सम्मको पूर्वानुमान गरि तयार पारिएको यस योजना शारदा नगरपालिकाको अमूल्य सम्पत्तीको रुपमा रहनेछ। साथै यस योजनाको आगामी दिनहरुमा खानेपानी, सरसफाई र स्वच्छता क्षेत्रको सेवा तथा पूर्वाधारहरुको दिगो विकास तथा व्यवस्थापनको लागि मार्गदर्शन हुनेछ भन्ने विश्वास दिलाउन चाहान्छु।

शारदा नगरपालिकाको खानेपानी, सरसफाई र स्वच्छता योजना वास प्लान तयार गर्न सहयोग गर्नुहुने नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल निकास विभाग काठमाणडौ र विभिन्न सहयोगी दातृ निकाय र डाटा संकलनमा अहोरात्र खटिने प्राविधिक कर्मचारीहरुमा आभार प्रकट गर्नुका साथै धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

यस पालिकाले आगामी दिनमा खानेपानी सरसफाई र स्वच्छता सँग सम्बन्धित योजनाहरुको कार्यान्वयन गर्दा यस योजनामा निर्धारण गरिएको प्राथमिकताको आधारमा कार्यान्वयन गर्ने गराउने प्रतिवद्धता समेत व्यक्त गर्दछु।

प्रत्येक घरधुरीमा व्यक्तिगत धारा तथा जीवाणुरहित सुरक्षित खानेपानी, वितरण र फोहोर व्यवस्थापन पालिकाको प्रमुख प्राथमिकता रहेको जानकारी गराउँदछु। साथै यस योजनाको सफल कार्यान्वयनका लागि सरोकारवाला निकाय तथा संघ संस्था सँग समन्वय र सहकार्य गरिनेछ भन्ने विश्वास दिलाउन चाहान्छु । खानेपानी सरसफाई र स्वच्छता योजना सफल कार्यान्वयनका लागि सम्पूर्णमा हार्दिक अनुरोध तथा धन्यवाद व्यक्त गर्दछु।

.......................

**प्रकाश भण्डारी**

नगर प्रमुख

# दुई शब्द



खानेपानी क्षेत्रलाई दिगो र योजनावद्ध विकासको रुपमा अगाडि बढाउनका लागि शारदा नगरपालिकाको खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा दिर्घकालिन रुपमा सेवा र सुविधाहरु पुर्याउन नेपाल सरकार, खानेपानी मन्त्रालय, खानेपानी तथा ढल निकास विभागको आर्थिक सहयोग र शारदा नगरपालिका खानेपानी तथा सरसफाई शाखाको प्राविधिक सहयोगमा खानेपानी, सरसफाइ र स्वच्छता योजना तयार भएकोमा धेरै खुशी लागेको छ, साथै सहयोगी विभिन्न निकायहरुलाई धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु।

नगरपालिकाको विद्यमान स्रोत र साधनको अभावका कारण खानेपानी, सरसफाइ र स्वच्छता योजनाहरुलाई कार्यान्वयनमा ल्याउनु अबको चुनौती रहेको छ। यस क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा गैरसरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गर्न जरुरी छ। यी योजनाहरु कार्यान्वयन गर्न स्पष्ट ऐन, कार्यविधि तथा नीति नियमहरु हुन जरुरी छ, साथै नगरपालिकाभित्र खानेपानी, सरसफाइ र स्वच्छता शाखा भएमा मात्र यसको प्रभावकारी कार्यान्वियन हुनसक्छ। यसै कुरालाई मध्यनजर गरि शारदा नगरपालिकाले भौतिक पूर्वाधार अन्तर्गत सरसफाइ शाखा रहने गरि खानेपानी, सरसफाइ र स्वच्छता शाखा स्थापना गरिसकेको छ।

नेपाल सरकारको खानेपानी तथा सरसफाइ राष्ट्रिय लक्ष्य अनुसार दिगो विकास लक्ष्य परिपुर्ति गर्ने कार्यमा सहयोग पुर्याउनका लागि शारदा नगरपालिकाले सबै घरहरुमा सुरक्षित पानी सबैको पहुँचयुक्त हुने साथै एक घर एक धारा नीति अवलवन गरेको छ। घरायसी र वातावरणीय सरसफाइ र स्वच्छतालाई नगरपालिकाको प्रतिष्ठाको रुपमा लिई सिङ्गो नगरपालिकालाई पूर्ण सरसफाइमा नमुना नगरपालिका बनाउने हाम्रो लक्ष्य रहेको छ। यस वास योजनाले शारदा नगरपालिकाको जनसमुदाय स्तरमा वर्षौंदेखि भोग्दै आएको समस्यालाई निराकरण गरि खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा अहम् भूमिका रहने आशा गर्दछु धन्यवाद।



सुस्मिता सापकोटा
नगर उप-प्रमुख

# प्रकाशकीय



शारदा नगरपालिकाको समग्र खानेपानी सरसफाई तथा स्वच्छता (खासस्व) योजना (Wash Plan) तयार गर्न पाउँदा निकै हर्सित छु ।राज्यको पुनर्संरचनाका सिलसिलामा स्थापित यस नगरपालिकाको यथार्थ वर्तमान अवस्थालाई खासस्व योजना मार्फत जानकारी गराई कार्यान्वयनमा सहजता ल्याउनमा सहयोग पुग्ने देखिन्छ। यस योजनाले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरि उपलब्ध सीमित स्रोत साधनको अधिकतम सदुपयोग गरि नगरपालिकाको खानेपानी सरसफाई तथा स्वच्छताको विकासलाई गति प्रदान गर्न सहयोग पुर्याउने आशा तथा विश्वास लिएको छु।

यस अध्ययन प्रतिवेदनले प्रायः सबै वडाका खानेपानी सरसफाई तथा स्वचुछताको वस्तुगत यथार्थतालाई समेट्ने प्रयास गरेको भएता पनि सीमित समय र स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण नहुन सक्छ । यसलाई समय र सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गरेका छौं ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो खासस्व योजना समयमै तयार गर्न लगाउने नगरकार्यपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु नगर प्रमुख ज्यू, उप-प्रमुख ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, अन्य जनप्रतिनिधिहरु, समाजसेवीहरु, बुद्धिजीविहरु तथा वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने प्राविधिक कर्मचारी र अन्य कर्मचारीहरु एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण नगरवासीहरु विषयगत कार्यालय, संघ संस्था तथा अन्य सबैमा आभार प्रकट गर्न चाहन्छु। अन्तमा, समग्र नगरपालिकाको खानेपानी सरसफाई तथा स्वच्छताको विकास आधार चित्र कोर्दै दीर्घकालीन सोचका साथ अगाडि बढ्न यो खासस्व योजना सहयोगी बनोस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

धन्यवाद !

..............................

**ओम प्रकाश देवकोटा**

प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


१. खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना योजनाको परिचय ........ 1
१.१. परिचय ........ 1
१.२. उद्देश्यहरू ........ 2
१.३. औ चत्य ........ 3
१.४. वषयगत क्षेत्र (Scope) ........ 4
१.५. खानेपानी, सरसफाइ तथा स्वच्छता) खासस्व( योजना तर्जुमा बि ध र प्र क्रया ........ 4
**१ .१.५.खासस्व योजनाको ढाँचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन** ........ 5
**१ .२.५.मौजुदा वास सेवा तथा संरचनाहरुको तथ्यांक संकलन,लेखाजोखा र मस्यौदा** ........ 6
**१.५.३ .योजना प्रमाणीकरण कार्यशाला** ........ 8
१.६ .योजना तर्जुमाको ला ग वास सूचकहरू ........ 8
**१.६ .१.खानेपानी** ........ 8
**१.६.२ .सरसफाइ** ........ 9
**१.६.३ .स्वच्छता** ........ 9
**१.६.४ .विद्यालयमा** खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व)**सुविधाहरू** ........ 9
**१.६.५ .स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व)सुविधाहरू** ........ 10
१.७ . खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना तर्जुमा औजार को रुपमा एनवास (NWASH Mobile Apps) ........ 11

२. शारदा नगरपा लका ........ 12
२.१ .भौगो लक अवस्थीति र बनौट ........ 12
२.२ .भू-उपयोग तथा वातावरण ........ 14
२.३ .प्रशासनिक एकाइ ........ 14
२.४ .जनसंख्या र जनसाङ्ख्यिक वशेषताहरू ........ 15
**२.४.१ .जातजाति र अन्य जनसाङ्ख्यिक विवरण** ........ 15
२.५ .जनसङ्ख्याको गति शलता र बसाइ सराइको स्थिति ........ 16
२.६ .भौतिक पूर्वाधारको अवस्था ........ 16
२.७ .आ र्थक अवस्था, गति व ध र पेशा ........ 16

३. खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) अवस्थाको वश्लेषण ........ 17
३.१ .खानेपानीका प्राथ मक स्रोतहरु ........ 17
३.२ .मौजुदा खानेपानी, सरसफाइ तथा स्वच्छता) खासस्व (प्रणालीको अवस्था ........ 18
**३.२.१ .नगरपालिकाको मौजुदा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) प्रणालीको अवस्था अध्ययन गर्दा नगरपालिका भित्र निम्न खानेपानी, सरसफाइ तथा स्वच्छता प्रणालीहरू रहेको देखिन्छ।** ........ 18

खानेपानी सेवा 18
३.२.२ घरायसी स्तरमा .पहुँच र सेवा स्तर ....19
३.२.३:जन्य फोहोर व्यवस्थापन-मानव मलमुत्र ....19
३.२.४:ढल सहितको फोहोरपानी प्रशोधन केन्द्र ....19
३.२.५:ठोस फोहोर व्यवस्थापन . ....19
३.३. सरसफाइ र स्वच्छता: ....20
३.४. संस्थाहरूमा कभरेज र समुच्च सेवा स्तर ....21
३.५. वद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता) खासस्व( सु वधाहरू ....21
३.८ स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ तथा स्वच्छता) खासस्व (सु वधाहरू ....23
३.६ .स्वास्थ्य संस्थामा सरसफाइ....23
३.६ .१.स्वास्थ्य संस्थामा ठोस फोहोर व्यवस्थापन....23
३.७ सार्वजनिक स्थलमा खानेपानी, सरसफाइ तथा स्वच्छता) खासस्व( सु वधाहरू ....24
३.८. पूर्ण सरसफाइ उन्मुख गरिएका क्रयाकलाप र मौजुदा अवस्था ....25
३.९ .खानेपानी तथा सरसफाइको मौजुदा प्रणाली तथा प्र व ध: ....27
३.१० .मौजुदा प्रणालीको सुचारूपना र दिगोपनाको अवस्था ....30
३ .१.१०.खानेपानीको मर्मत अवस्था ....30
३ .३.१०.सरसफाइको मर्मत अवस्था ....31
३ .३.१०.धाराको अवस्था ....31
३ .४.१०.सुचारूपना र दिगोपना लेखाजोखा ....33
३.११ .उपभोक्ता स मतिको संस्थागत व्यवस्थापन र दीगोपनाको अवस्था ....35
३.१२ .सम्प त्तको स्वा मत्व ....36
३.१३ .खानेपानी, सरसफाइ तथा स्वच्छता )खासस्व (मा लगानी (Financing) ....37
३.१४ . खानेपानी, सरसफाइ तथा स्वच्छता )खासस्व (क्षेत्रका चुनौतीहरू र अन्तर (Gap) ....38
३ .१.१४.खानेपानी ....38
३ .२.१४.सरसफाइ ....38
३.१४.३. संस्थागत खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) ....39
३.१५. जलवायु परिवर्तनका असरहरु, वपद जो खम व्यवस्थापन र चुनौतीहरू ....39
३.१६. हालका सु वधाहरूको सूची....39

४. योजना, प्रक्षेपण र लागत ....40
४.१ .योजनाहरुको पहिचान ....40
४.१ नयाँ .१.खानेपानी आयोजनाहरुको पहिचान र प्राथमिकता निर्धारण ....41
४.१.२. नयाँ सरसफाइ आयोजनाहरुको पहिचान र प्राथमिकता निर्धारण ....43
४.१.३ प्राथमिकता अनुरुप आयोजना र क्रियाकलापहरूको वितरण योजना ....44
४ .४.१.उपलब्ध स्रोतहरूको लेखाजोखा ....45

४.१.५. ग्यापको पूर्ति) Bridging the Gap) ....45
४.२ .अनुमान सारांश) कभरेज( ....45
४.३ .लागत ....51
४लागत अन .१.३.ुमानको पद्धति....51
४ .२.३.खानेपानी, सरसफाइ तथा स्वच्छता )खासस्व ( योजना लागतको सारांश....53
४.३.३ .लगानी र ग्याप....63
४ .४.३.लगानी पूर्ति (Bridging) को सारांश....65
४सम्पत्तिको मूल्य .५.३.....67

५. खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना कार्यान्वयन तथा अनुगमानको ला ग सञ्जाल र साझा बुझाई ....68
५.१ .योजना कार्यान्वयन अवधारणा ....68
५.२ .क्षेत्रगत निकायहरूको भू मका र जिम्मेवारीहरू....68
५.३ .संस्थागत संरचना र क्षमता अभीवृद् धका योजनाहरु....73
५नगरपालिकाको खानेपानी .१.३., सरसफाइ र स्वच्छता संरचना (खासस्व)....73
५नीनगरपालिकामा खानेपा .२.३., सरसफाइ तथा स्वच्छता कोष (खासस्व)....73
५ संस्थागत .३.३.क्षमता अभिवृद्धि....73
५.४ .अनुगमन संयन्त्रको स्थापना र निय मत अनुगमन योजना ....75
५.५ .खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको निय मत र समयबद्ध परिमार्जन व्यवस्था ....76
५.६ .पूरक वषय तथा सवालहरु र त्यसको संवोधनका ला ग व्यवस्था ....77
५.६.१. लैङ्गिक समानता तथा सामाजिक समावेसीकरण ....77
५ २.६.प्रयोगकर्ता मैत्री संरचनाको निर्माण योजना....77
५.६.३ विपद जोखिम व्यवस्थापन ....77
५ ४.६.जलवायु परिवर्तन अनुकुलन....78
५बैकल्पिक प्रविधि .५.६....79

६. वस्तृत खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) कृयाकलापहरू र लागत....79
६.१ .समावेस गरिएका प्रतिवेदनहरु ....79

७. वस्तृत खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) कृयाकलापहरू र लागत....79
६.१ .समावेस गरिएका प्रतिवेदनहरु ....80

# चित्रहरुको सूची

चत्र 2-1: नगरपा लकाको स्थान मान चत्र ....13
चत्र 3-1: खानेपानी सेवा ....18
चत्र 3-2 :ट्युवबेल ....19
चत्र 3-3 :सरसफाइ घरधुरी ....19
चत्र 3-4: शै क्षक संस्थाका चर्पीको सेवा स्तर ....23
चत्र 3-5: खानेपानीको प्रणाली तथा प्र व ध ....28
चत्र 3-6: मानव मल-मुत्रजन्य फोहोर व्यवस्थापन  वकल्पहरू ....30
चत्र 3-7: धाराको प्रकार आधारमा सेवा प्राप्त जनसङ्ख्या ....32
चत्र 3-8: सुचारूपनाको आधारमा सेवा प्राप्त जनसङ्ख्या ....34
चत्र 3-9: दिगोपनाको आधारमा सेवा प्राप्त जनसङ्ख्या ....34
चत्र 3-10: खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व)  अवयवहरू ....38
चत्र 4-1: खानेपानी सेवाको कभरेज र सेवा स्तर सुधार ....46
चत्र 4-2: घरायसी सरसफाइको कभरेज र सेवा स्तर सुधार ....47
चत्र 4-3: खर्चको प्रकारको अनुसार खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व)को लागत ....54
चत्र 4-4: क्षेत्रगत खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व)को लागत ....55
चत्र 4-5: १० बर्ष खर्चको प्रकारको अनुसार खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व)को लागत ....56
चत्र 4-6: १० बर्ष क्षेत्रगत (खानेपानी, सरसफाइ र स्वच्छता) वासको लागत ....57
चत्र 4-7: अनुमानित लगानी  भन्नता (ग्याप) ....64
चत्र 4-8: लगानीमा  भन्नता (ग्याप ) - लागत कम्पोनेन्ट स्तरमा ....65
चत्र 4-9: लगानीमा  भन्नता (ग्याप ) – क्षेत्रगत स्तरमा ....65
चत्र 4-10: १० बर्ष लगानी पूर्ति (Bridging) ....66
चत्र 4-11: लगानी पूर्ति (Bridging) - बर्ष अनुसार ....66
चत्र 4-12: खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) सम्प त ....68

# तालिकाहरुको सूची

ता लका 2-1: वडागत रूपमा घरधुरी र जनसङ्ख्या ............ 12
ता लका 2-2: नगरपा लकाको वडा  वभाजन ............ 14
ता लका 2-3: वडागत रूपमा घरधुरी र जनसङ्ख्या ............ 15
ता लका 3-1: मौजुदा वास प्रणालीको अवस्था ............ 17
ता लका 3-2: घरायसी स्तरमा पहुँच र सेवा स्तर ............ 20
ता लका 3-3: सरसफाइ र स्वच्छताको सेवा स्तर ............ 20
ता लका 3-4: संस्थाहरूमा कभरेज र समुच्च सेवा स्तर ............ 21
ता लका 35-: शै क्षक संस्थामा सुधारिएको खानेपानी प्रणाली ............ 21
ता लका 3-6: शै क्षक संस्थाको सेवा स्तर ............ 22
ता लका 3-7: शै क्षक संस्थाको चर्पीको सेवा स्तर ............ 22
ता लका 3-8: स्वास्थ्य संस्थाको सेवा स्तर ............ 23
ता लका 3-9: स्वास्थ्य संस्थाको अवस्था ............ 24
ता लका 3-10: सार्वजनिक स्थलमा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व)को अवस्था ............ 24
ता लका 3-11: नगरपा लकामा बितरित खानेपानीको अवस्था ............ 28
ता लका 3-12: नगरपा लका स्थित सरसफाईको अवस्था ............ 28
ता लका 3-13: मानव मल-मुत्रजन्य फोहोर व्यवस्थापन  वकल्पहरू ............ 29
ता लका 3-14: खानेपानी आयोजनाको मर्मतको अवस्था ............ 31
ता लका 3-15: सरसफाइको मर्मतको अवस्था ............ 31
ता लका 3-16: धाराको अवस्था ............ 32
ता लका 3-17: सुचारूपना र दिगोपना लेखाजोखा ............ 34
ता लका 3-18: नगरपा लकामा उपभोक्ता संस्थाको संस्थागत  वशेषता ............ 36
ता लका 3-19: खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) अवयवहरूको कूल मूल्य ............ 37
ता लका 3-20: खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) मा लगानीको आवश्यकता ............ 37
ता लका 4-1: आयोजनाहरुको प्राथ मकता ............ 41
ता लका 4-3: खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवाद्वारा जनसंख्या कभरेजको सारांश ............ 48
ता लका 4-4: खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) सेवाद्वारा जनसंख्या कभरेजको सारांश ............ 57

# १. खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना योजनाको परिचय

## १.१. परिचय

खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) आम मानिसहरुको आधारभूत आवश्यकता हो । यसलाई नेपालको संविधान २०७२ को धारा ३५ (४) ले मौलिक अधिकारको रुपमा व्याख्या गरेको छ । संविधानको यस प्रावधानद्वारा नै सवै देशवासीलाई सुरक्षित खानेपानी तथा सरसफाइको पहुँच हुनुपर्ने निश्चितता प्रदान गरेको छ । सोही अनुरुप नेपाल सरकारले हरदम, सवैलाई र सवै ठाउँमा प्राप्त हुनसक्ने सुरक्षित, पर्याप्त, सुलभ, स्वीकार्य र गच्छे अनुसारको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवाको माध्यमबाट सार्वजनिक स्वास्थ र जीवनस्तर सुधार गर्ने लक्ष्य राखेको छ । यो लक्ष्य प्राप्तीमा योगदान गर्न नेपाल सरकारद्वारा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रगत विकास योजना (Sector Development Plan, 2016-2030) तयार गरिएको छ । यसै अनुरुप स्थानीय तहहरुद्वारा आ-आफ्नो क्षेत्रमा स्थानीय खासस्व योजना तर्जुमा गर्न थालिएको छ ।

सोही सन्दर्भमा शारदा नगरपालिका, सल्यानले आफ्नो नगरपालिका क्षेत्रभित्रको सम्पूर्ण खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) अवस्थाको तथ्यांकहरु संकलन गरि सो को लेखाजोखा सहित सन् 2035 सम्ममा रास्ट्रले लक्षित गरेको खासस्व लक्ष्य पुरा गर्न के कस्ता आयोजना, क्रियाकलाप र गतिविधिहरु आवश्यक पर्छन् सो को पहिचान सहित यो खासस्व योजना तयार गरेको छ । यसमा शारदा नगरपालिका का जनताको स्वास्थ्य तथा जीवनस्तर सुधारको लागि सुरक्षित, पर्याप्त, पहुँचयोग्य, स्वीकार्य र सस्तो खानेपानी, सरसफाइ र स्वच्छता सेवाहरू हरेकलाई नियमित रुपमा उपलब्ध गराउने परिकल्पना गरिएको छ ।

खानेपानी तथा सरसफाइ सेवाहरू यस शारदा नगरपालिका को प्राथमिकताको क्षेत्रमा परेको छ । यस खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनामार्फत दिगो विकास लक्ष्य (एसडीजी) र खासस्व क्षेत्रगत विकास योजना (एसडीपी) मा राखिएका प्रावधान र व्यवस्था अनुरुप नै शारदा नगरपालिका ले पनि सामूहिक सरोकारवाला दृष्टिकोण अनुसार आफ्ना क्रियाकलापहरु अघि बढाउने सोच बनाएको छ। यसै वमोजिम शारदा नगरपालिका का प्रत्येक व्यक्तिले सन् 2035 सम्म दिगो किसिमले व्यवस्थित गरिएका खानेपानी स्रोतहरूबाट दिगो, सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छता सेवाहरू प्राप्त गर्नेछन् भन्ने निश्चितता यस योजनाले प्रदान गरेको छ ।

थपमा, यस योजनाले नगरपालिकालाई खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रमा अझ प्रभावकारि समन्वय गर्न र विकास साझेदारहरू र सरोकारवालाहरूलाई सुस्पष्ट खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) नीति तयार पार्न सहजीकरण गर्नेछ । नगरपालिकाको सामूहिक खासस्व लक्ष्य हासिल गर्न तथा प्रगतिको लेखाजोखा गर्दै गन्तव्य पुरा गर्ने यात्रामा अघि बढ्न पनि यो योजनाले सक्षम बनाउँनेछ ।
यस शारदा नगरपालिका को खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाभित्र स्थानीय तहको योजना तर्जुमा, लगानीको समन्वय र दृष्टिकोण (Vision) कार्यान्वयनका लागि मार्गनिर्देशन, खानेपानी र सरसफाइ सेवा प्रवाहको लागि नीतिगत उद्देश्यहरू समावेश भएका छन् । यो योजनामा नगरपालिकाको दीर्घकालीन (2025-2035) खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) प्राथमिकताहरूका साथै एसडीपी र एसडीजीमा समावेश भए अनुसार राष्ट्रिय र अन्तर्राष्ट्रिय प्राथमिकताहरू पनि प्रतिबिम्बित भएका छन् । यो खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको प्रमुख विशेषताहरु निम्नानुसार रहेका छन्:

- प्रत्यक्ष स्रोतहरूको निर्धारण: यो प्रक्रियामा तत्कालीन, मध्यकालीन र दीर्घकालीन अवधिमा वित्तीय आवश्यकताहरूको विभिन्न परिदृश्यहरूको लेखाजोखा समावेश गरिएको छ । यी परिदृश्यहरूले विभिन्न निकायहरूलाई कहाँ कार्यक्रमहरू कार्यान्वयन गर्ने भन्ने प्राथमिकता निर्धारण गर्न मद्दत गर्दछ र दोहोरोपनालाई हटाइ सीमित स्रोतहरूबाट कसरि अधिकतम प्रगति हासिल गर्ने भन्ने कुराको निश्चितता प्रदान गर्दछ ।
- सेवा स्तर: यसले नगरपालिका भित्र मौजुदा सेवाका स्तरहरू, विशेष गरी समग्र वासको सुधारिएको सेवास्तरमा पहुँच कति प्रतिशत जनसंख्याको छ साथै सुरक्षित खानेपानीमा तथा सरसफाइ सेवामा पहुँच नपुगेको जनसंख्याको प्रतिशत कति छ सो पनि दर्शाउँछ ।
- उत्तरदायित्व र सुशासनमा वृद्धि: यस योजनाले वास क्षेत्रमा समग्र नगरपालिकाको प्रगतिको लेखाजोखालाई अनुगमन गर्न र रिपोर्टिङ गर्न सजिलो बनाउँदछ ।
- नगरपालिका योजना तर्जुमा: यस वास योजनाले नगरपालिकाको सम्पूर्ण विकास योजना तर्जुमा प्रक्रियालाई अझ प्रभावकारि बनाउँछ ।

संक्षेपमा यस खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाले शारदा नगरपालिकाको समग्र वास क्षेत्रमा नीति र कार्यक्रमगत कार्यान्वयनको लागि स्पष्ट रूपरेखा र लक्षित गन्तव्य सहितको मार्गदर्शन प्रदान गर्दछ ।

## १.२. उद्देश्यहरू

शारदा नगरपालिकाको यो खासस्व योजना तयार पार्नुको प्रमुख उद्देश्य स्थानीय नगरपालिका क्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वच्छताको मौजुदा स्थिति पत्ता लगाइ सो बाट बंचीत समुदाय तथा क्षेत्रको लागि खासस्व सेवाको सुनिश्चितता र सेवामा स्तरीकरण प्रदान गर्नु रहेको छ । शारदा नगरपालिकामा विद्ध्यमान स्रोतहरुको औचित्यपूर्ण तथा समतामूलक वितरण र समस्याको दिगो समाधान सहितको यो योजना निर्माण नै यसको प्रमुख प्रतिफल हो ।

यस खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको विशिष्ट उद्देश्यहरु निम्न प्रकार रहेका छन् ।

१. नगरपालिका भित्रका खानेपानीका विद्दयमान स्रोतहरु तथा मौजुदा खानेपानी तथा सरसफाइ सम्वन्धि संरचना/ सुविधाहरुको लगत संकलन गरी तथ्यांकको आधाररेखा (baseline) तयार गरी अभिलेखन गर्ने ।
२. नगरपालिका क्षेत्रभित्रका सेवा नपुगेका स्थान र पहुँच बाहिरका समुदायमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको पहिचान र सेवा प्रवाहको सुनिश्चितता सहित अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिक योजना तयार पार्ने ।
३. खानेपानी, सरसफाइ तथा स्वच्छतासंग अन्तर्सम्वन्धित विषयवस्तुहरु, जस्तै लैङ्गिक समानता र सामाजिक समावेसिता (Gender Equality and Social Inclusion), जलवायु परिवर्तन अनुकुलन (Climate Change Adaptation), विपद जोखिम व्यवस्थापन (Disaster Risk Refuction) आदीलाई महत्व दिँदै स्रोत परिचालन र प्रवर्द्धन योजना तयार पार्ने ।
४. नगरपालिका क्षेत्रभित्रका खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा विस्तार तथा सेवा स्तरोन्नति सहित निश्चित समयावधिमा दिगो विकास लक्ष्यले तोकेका क्षेत्रगत सूचकहरु पुरा गर्न प्रतिवद्दता सहितको रणनीतिक योजना तयार पार्ने।
५. खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनासंग अन्य विषयगत योजनाहरुलाई एकिकृत गर्नको निम्ति नगरपालिकाको संस्थागत सुदृढिकरण कार्य योजना सहित सहजीकरण गर्ने ।

६. नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको वार्षिक योजना तथा वजेट निर्माण गर्न सहजीकरण गर्ने ।

७. नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको व्यवस्थापन सूचना प्रणाली (MIS) लाई एकरुपता प्रदान गर्ने ।

माथिका उद्देश्यहरु परिपूर्ती गर्न तर्जुमा गरिएको यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना नगरपालिकाका जनप्रतिनीधि, कार्यकारी निकाय तथा प्राविधिक, स्थानीय समुदाय र विषयविज्ञहरु सहित स्थानीय आवश्यकता प्रतिविम्वित हुने गरि समतामूलक र सहभागितात्मक विधिद्वारा आयोजनाहरुको प्राथमिकिकरण गरि शारदा नगरपालिका कार्यपालिकाका द्वारा प्रमाणिकरण गरिएको छ ।

## १.३. औचित्य

यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनालाई तलका बुँदाहरूको आधारमा शारदा नगरपालिकाको नीतिगत प्रतिवेदनको रूपमा लिन सकिन्छ ।

- ***सन् 2035 को अन्तसम्म*** नगरपालिकाको ***खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा लक्ष्य सहितको मार्गदर्शन योजना:*** यसले खासगरी शारदा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको बारेमा विस्तृत र सुस्पष्ट दृष्टिकोण सहित मुख्य समस्याहरूको विश्लेषण र बृहत् खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका तय गरिएका उद्देश्यहरूको आधारमा नागरिकहरूलाई सेवा प्रदान गर्न नगरपालिकाको समग्र खासस्व व्यवस्थापनमा सुधार गर्नेछ। यसले सबैका लागि खानेपानी र सरसफाइ लक्ष प्राप्त गर्न नगरपालिकालाई आवश्यक लगानी निर्धारण गर्न सहयोग गर्ने छ। साथै सन् 2035 सम्म खानेपानी, सरसफाइ तथा स्वच्छता सेवालाई सबैको पहुँचमा पुऱ्याउँन नगरपालिकाले जुटाउन र व्यवस्थापन गर्न सक्ने स्रोतहरु र लगानी निश्चित गर्न पनि सहयोग पुऱ्याउने छ ।
- ***पैरवीको लागि सहयोग:*** यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाले नगरपालिकालाई आन्तरिक र बाह्य सहयोगको लागि पैरवी गर्न र यसको औचित्य पुष्टि गर्न तथा आफ्नो पक्ष बलियो बनाउन सहयोग पुर्याउने छ। यसको आधारमा नगरपालिकाले महत्वपूर्ण र प्राथमिकता प्राप्त आयोजनाहरूको आयोजना प्रस्ताव तयार पारि सो को औचित्य पुष्टि गरि लगानी बढाउनको लागि अवसर प्रदान गर्नेछ ।
- ***क्षेत्रगत व्यवस्थापन:*** शारदा नगरपालिकाको यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना समग्र उद्देश्य र सूचकहरूको आधारमा तयार गरिएको छ र यो नगरपालिका भित्रको खासस्व क्षेत्रगत व्यवस्थापन र अनुगमनको लागि एउटा महत्वपूर्ण आधार हुनेछ ।
- ***क्षेत्रगत समन्वय र सहकार्य:*** *यो* खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना नगरपालिका भित्रका सवै खासस्व सरोकारवालाहरु र अन्य मुख्य क्षेत्रगत योजना तर्जुमा समूहसंगको छलफल र सहकार्यबाट तयार गरिएको हो। त्यसकारण यसले क्षेत्रगत समन्वय र सहकार्यलाई प्रभावकारी तथा कुशल सहजीकरण र सबल गराउन मुख्य भूमिका निभाउने अपेक्षा गरिएको छ। यसले नगरपालिका भित्रका मुख्य सरोकारवालाहरू (गैर सरकारी संस्था, निजी क्षेत्र, समुदायमा आधारित संस्था आदिको) पहिचान गर्न सहयोग गर्नेछ जसले गर्दा नगरपालिकालाई खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा सुधारमा सहयोग पुग्ने छ ।

## १.४. विषयगत क्षेत्र (Scope)

यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना निम्नलिखित विषयगत क्षेत्रहरूमा केन्द्रित रहेको छ:

- खानेपानी र खानेपानी गुणस्तर - यस योजनाले सन् 2035 सम्म शारदा नगरपालिकाको सबै घरधुरिमा दिगो आधारभूत खानेपानी सेवाहरूको पहुँच पुर्‍याउन सहयोग गर्दछ। यसले खानेपानी र खानेपानी गुणस्तर सेवा प्रवाहको ढाँचा, लागत उठतीको लागि वित्तीय संयन्त्र र उद्देश्य तथा निर्धारित लक्ष्यहरू प्राप्तिको लागि रणनीतिक कार्यहरू पनि परिभाषित गरेको छ।
- सरसफाइ तथा स्वच्छता - यसले सरसफाइ तथा स्वच्छताको क्षेत्रमा सन् 2035 सम्ममा शारदा नगरपालिकाको भरपर्दो वातावरणीय सेवाहरूमा पहुँच वृद्धि र सुधार गर्ने उद्देश्य राख्दछ। यसले सरसफाइ तथा स्वच्छता सेवा प्रवाहको ढाँचा, लागत उठतीको लागि वित्तीय संयन्त्र र उद्देश्य तथा निर्धारित लक्ष्यहरू प्राप्तिको लागि रणनीतिक कार्यहरू पनि परिभाषित गरेको छ।
- विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक स्थानहरू - यसले शारदा नगरपालिका भित्रको सबै शैक्षिक संस्था, स्वास्थ्य संस्थाका साथै बजार तथा अन्य सार्वजनिक स्थलहरुमा उन्नत सरसफाइ सेवा र आधारभूत स्वच्छता सेवा प्राप्तिमा सहयोग पुर्‍याउँछ।
- ठोस फोहोर - यसले शारदा नगरपालिका भित्र सन् 2035 सम्म ठोस फोहोरको व्यवस्थापनमा सुधार गर्न सहयोग पुर्याउँछ।
- क्षमता अभिवृद्धि - वासको क्षेत्रमा नगरपालिकाको क्षमता अभिवृद्धि गरि प्रभावकारी रूपमा योजना कार्यान्वियन, अनुगमन र मूल्याङ्कनको लागि उपभोक्ता समिति र नगरपालिकाको भूमिका सबल बनाउने तथा सो का निम्ति आवश्यक तालिम, अभिमुखीकरण र क्षमता अभिवृद्धिका निम्ति अन्य स्रोतहरुको पहिचान गरि सो जुटाउन र व्यवस्थापन गर्न यस खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाले सहयोग पुर्‍याउँछ।
- समतामूलक वितरण र समावेशीता - खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा प्रवाहमा बिध्यमान असमानतालाई न्यूनिकरण गरि नगरपालिका क्षेत्र भित्रका सेवा विमुख जनताहरुमा कसरी सेवा प्रवाहको समतामूलक वितरणको सुनिश्चितता प्रदान गर्ने भन्ने बारे यस खासस्व योजनाले व्याख्या गर्दछ।

## १.५. खानेपानी, सरसफाइ तथा स्वच्छता(खासस्व) योजना तर्जुमा बिधि र प्रक्रिया

यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाका कृयाकलापहरुमा आधारित प्रकृयाहरुलाई अवलम्वन गरि चरणबद्ध योजना तर्जुमा बिधिहरु प्रयोग गरि तयार गरिएको छ।

यो प्रकृयाको सुरुवात शारदा नगरपालिका ले आफ्नो पालिका क्षेत्रको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तर्जुमा गर्ने सोच र निर्णय संगसंगै भएको हो। योजना तर्जुमा प्रक्रियामा तथ्यांक संकलनका लागि प्रयोग गरिएको प्रविधि मोवाइलमा आधारित एनवास (NWASH) एपको प्रविणता पूर्वक प्रयोग गर्न आवश्यक तालिम तथा अन्य प्राविधिक र वित्तिय सहयोग खानेपानी तथा ढल व्यवस्थापन विभागले पुर्यायो। नगरपालिका तथा समुदायहरुलाई सहभागितामूलक तवरले साधन स्रोतहरुको लेखाजोखा तथा योजना प्रकृयामा सहजीकरण तथा टेवा पुर्याउनको लागि योजना तर्जुमा प्रक्रियामा संलग्न बिज्ञहरुको भूमिका रह्यो। यो योजना प्रक्रियाका सवै चरणहरु शारदा नगरपालिकाकै समन्वय र संलग्नतामा सम्पन्न भएका हुन्। यो योजनाको स्वामित्व र कार्यान्वयनका लागि नगरपालिकाको प्रतिबद्दताको सुनिश्चितता भइसके पछि सो का लागि आवश्यक भौतिक, वित्तिय र मानविय स्रोत साधनको परिचालन पनि नगरपालिकाबाट भयो।

खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको तयारीमा नगरपालिकाका राजनीतिक प्रतिनिधिहरू, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर कार्यपालिकाका सदस्यहरु / सरोकारवाला तथा नगरपालिकाका खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) हेर्ने कर्मचारीहरु, योजना एकाइका कर्मचारीहरू आदिको संलग्नता रहेको थियो। नगरपालिकाभित्र खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रका सबै मुख्य सरोकारवालाहरूलाई यस योजना प्रक्रियामा स्थान दिइएको छ । प्राबिधिक र सामाजिक तथा संस्थागत सूचना र तथ्यांकहरु संकलन सहभागितामूलक बिधिहरु (Participatory Approach) प्रयोग गरि गरिएको थियो। नेपाल सरकार, खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा तयार गरिएको NWASH मोबाइल एप्स विधि अवलम्वन गरी सूचना संकलन गरियो । शारदा नगरपालिकाको यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था गरिएको योजना तर्जुमा प्रक्रिया लाई अवलम्वन गर्दै राष्ट्रिय योजना तर्जुमा नीति र प्रक्रियाहरूसंग समेत मिल्ने गरि तयार गरिएको हो ।

योजना प्रक्रियामा मुख्य तीन चरणहरू अनुसरण गरिएको थियो। यी चरणहरू मोटामोटी रूपमा तल व्याख्या गरिएका छन्। खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयारी प्रक्रियालाई "खासस्व योजना तर्जुमा मार्गदर्शन" अनुरुप नै व्याख्या गरिएको छ ।

### १.५.१. खासस्व योजनाको ढाँचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन

शारदा नगरपालिकाले नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा प्रस्तावित ढाँचा अनुरुप नै यो खासस्व योजनाको तयारी गरेको हो । सो ढाँचामा प्रस्तावित विषयवस्तु तयारीका लागि फिल्ड सर्वेक्षण को रूजु सूची र प्रश्नावलीहरुका अलावा नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा तयार गरिएको NWASH मोबाइल एप्स विधि अवलम्वन गर्ने गरी सूचना संकलन विधि तय गरिएको थियो ।

यस पश्चात खानेपानी आयोजना, विद्ध्यालय र स्वास्थ संस्था, घरधुरी एवं समुदाय स्तरको वास सम्वन्धि विस्तृत सूचना संकलनका लागि नगरपालिकासंगको समन्वयमा प्राविधिक ज्ञान एवं खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा अनुभव हासिल गरेका फिल्डमा सर्वेक्षणका लागि खटिने गणक छनोट गरी मोबाइल एप्सबाट NWASH तथ्यांक संकलन सम्वन्धि तीन दिनको तालिम संचालन गरिएको थियो । उक्त तीन दिनका तालिम पश्चात गणकहरुलाई उपरोक्त क्षेत्रका सूचनाहरु संकलनका लागि परिचालन गरिएको थियो ।

### १.५.२. मौजुदा वास सेवा तथा संरचनाहरुको तथ्यांक संकलन,लेखाजोखा र मस्यौदा

तथ्यांक संकलनका निम्ति तपसिलका कामहरु गरिएको थियो ।

नगरपालिकामा उपलव्ध सन्दर्भ सामग्रीहरु जस्तै नगरपालिकाको बस्तुगत विवरण, नगरपालिकाको website र नगरपालिकामा विगतमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाद्वारा संकलन गरेको सरसफाइ र स्वच्छता सम्वन्धि तथ्यांक र प्रगति प्रतिवेदन अध्ययन गरिएको थियो ।

| अवयवहरू | स्याम्पलहरू |
|---|---|
| खानेपानी प्रणालीहरू | सबै |
| खानेपानी उपभोक्ता तथा सरसफाइ समिति | सबै |
| ट्युवबेलहरू | 10% |
| घरायसी सरसफाइ | 10% |
| सरसफाइ सुविधाहरू (FSM, SWM, Sewerage with WWTP) | सबै |
| विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुविधाहरू | सबै |
| स्वास्थ्य संस्थाहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुविधाहरू | सबै |
| सार्वजनिक खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुविधाहरू | सबै |

- खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत राष्ट्रिय सूचना व्यवस्थापन आयोजना (NMIP) द्वारा तयार पारिएको देशभरिको खानेपानी आयोजनाहरुको सूचिलाई शारदा नगरपालिकामा पनि मौजुदा खानेपानी आयोजनाहरुको सूचना तथा तथ्यांक संकलन गर्न प्रारम्भिक सूचिको रुपमा प्रयोग गरियो ।
- नगरपालिका क्षेत्रभरिका शत प्रतिशत खानेपानी र सरसफाइसंग सम्वन्धित विद्ध्यमान भौतिक संरचनाहरुको सवै प्राथमिक तथ्यांकहरु GIS मा आधारित वेब NWASH http://nwash.gov.np/dashboard र सम्बन्धित Application (अनुसूची १) को उपयोग गरिएको थियो ।
- सबै संचालित खानेपानी आयोजनाहरुको दिगोपना सम्वन्धि तथ्यांक तथा सूचनाहरु पनि NWASH मोबाइल एप्सकै माध्यमबाट संकलन र लेखाजोखा गरियो ।
- घरपरिवार तहको खानेपानी, सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको सूचनाहरु संकलन गर्न १० प्रतिशतको अन्तरालमा ९० प्रतिशत Confidence level हुने गरि नमूना संकलन (Random Sampling Method) विधिवाट सूचनाहरु संकलन गरियो ।
- शत प्रतिशत विद्ध्यालयहरु, स्वास्थ संस्थाहरु तथा सार्वजनिक स्थलहरुमा पुगि खानेपानी तथा सरसफाइ सम्वन्धि मौजुदा अवस्था NWASH मोबाइल एप्सको माध्यमबाट र भावि योजनाहरु सम्वन्धि सूचना पनि सोहि एप्स प्रयोग गरि प्राथमिक स्रोतकै माध्यबाट संकलन गरियो ।
- समुदायको ठोस तथा तरल फोहोर व्यवस्थापन, मानव दिसाजन्य लेदो व्यवस्थापन गरि स्रोतको पुनःप्रयोग सम्वन्धि सूचनाहरु NWASH मोबाइल एप्स र समुदाय तहमा छलफल तथा अवलोकन गरि संकलन कार्य गरियो ।
- खानेपानीको पहुँचबाट वन्चित भएका समुदायको खानेपानीको सम्भावित स्रोतहरु र तिनको वर्तमान अवस्था (क्षमता, गुणस्तर) र भविष्यमा स्तरोन्नति गर्न सकिने अवस्थाको समेत आंकलन गरियो ।
- अन्य विकास साझेदारहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमहरुको विवरणहरु पनि संकलन गरियो ।

यी सवै सूचना तथा तथ्यांकहरुको संकलनले नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवाहरूको प्रावधानको मौजुदा अवस्थालाई स्पष्ट देखायो र यसको लेखाजोखा पछि नगरपालिकाको समग्र खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) को अवस्थामा सन् 2035 सम्ममा लक्षित उपलब्धि हासिल गर्न के कति र कहाँ नयाँ आयोजनाहरु थप गर्नु पर्दछ र के कस्ता स्रोतहरुको व्यवस्था गर्नुपर्दछ भन्ने खाका तयार भयो । यसका लागि नगरपालिकाको वर्तमान खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) अवस्थाको स्पस्ट जानकारी सहित वर्तमान अवस्था र 2035 सम्मको परिदृश्य विचको ग्याप विश्लेषण गरिएको थियो र खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) कभरेज र सेवा स्तर सुधारको लागि के/के कुराहरू आवश्यकता छ पहिचान गरिएको थियो ।

खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तर्जुमा प्रकृयाकै सिलसिलामा सरोकारवालाहरूको लागि एउटा Visioning कार्यशाला आयोजना गरिएको थियो । यो कार्याशाला खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तर्जुमा कार्यशालाको रुपमा आयोजना गरिएको थियो । जसमा नगरपालिका, निजी क्षेत्र, नागरिक समाज, खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) संस्था लगायतका व्यक्तिहरू सहभागी थिए । सो कार्यशाला खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व)को अवस्था विश्लेषण, नगरपालिका स्तरमा खासस्व सेवाहरूको वितरण, व्यवस्थापन र सहयोगको वातावरणलाई बुझ्नको लागि आयोजित गरिएको थियो । छलफलले खासस्व योजनाको लागि मौजुदा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा संरचनाको तथ्याङ्क र सन्दर्भ विश्लेषण गरी योजनाको लागि आधार तयार गऱ्यो । यस कार्यशालाले वर्तमान खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुशासन, वित्तीय ग्याप पहिचानको स्थिति, यी मुद्दाहरूसँग सम्बन्धित चुनौतिहरू र प्रमुख निष्कर्षहरूको सारांश प्रस्तुत गऱ्यो । यस कार्यशालामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा प्रवाह, सञ्चालन तथा सेवा प्रवाहका मुद्दाहरू र मुख्य अवसर, सफलताका कारकहरू र चुनौतीहरूको बारेमा पनि छलफल गरिएको थियो ।

राष्ट्रिय योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना औजारलाई मूल-प्रवाहको औजार बनाउन, आधारभूत जानकारीको रूपमा प्रोफाइलको आवश्यक प्रयोग गर्न र विकास नीति र कार्यक्रमहरूमा आधारभूत जानकारीको रूपमा यी सुचनाहरु प्रयोग गर्नको लागि पनि यो कार्यशाला आयोजना गरिएको थियो । यो कार्यशालाले पूर्ण खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) कभरेज र सेवा स्तर सुधारको लागि आवश्यकता, भिजन, परिभाषित परिणाम, रणनीति, कार्यान्वयन व्यवस्था र कोष संयन्त्रको पनि स्थापना गऱ्यो ।

मोबाइल एप्स, समुहगत छलफल, रुजु सूचिको आधारमा संकलन गरिएका सूचना तथा तथ्यांकहरुलाइ NWASH MIS को सहयोगमा प्रशोधन तथा विश्लेषण गरियो । तत्पश्चात निर्धारित लक्ष्य हासिल गर्न हालको विद्ध्यमान अवस्था र पुग्नु पर्ने स्थान विचको अन्तरको चर्चा गर्दै स्पष्ट नीति, कार्यक्रम, बजेट र साझेदारहरुका वीचको सहकार्यको योजना सहितको नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागबाट सिफारिस गरिएको ढाँचामा सन् 2025-2035 सम्मको लागि खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको मस्यौदा प्रतिवेदन तयार गर्यो ।

**यो प्रक्रियाले निम्न चरणहरू अनुसरण गरेको थियो:**

क) नगरपालिकाको आवश्यकता प्राथमिकीकरण गर्ने र 2025-2035 को लागि वित्तीय आवश्यकता निर्धारण गर्ने ।

ख) निम्न आधारमा तिनीहरूको क्षमता लेखाजोखा गर्ने;

अ) महसुल र शुल्क आ) स्व-लगानी इ) कर ई) हस्तान्तरण (Transfer) ।

ग) यो समयावधिको लागि वित्तीय अपुग अनुमानित गर्ने र व्यापार, शेयर, इक्विटी र बोण्ड्सद्वारा अपुग लगानी पूर्ति गर्ने तरिकाहरू पत्ता लगाउने ।

### १.५.३. योजना प्रमाणीकरण कार्यशाला

योजना प्रमाणीकरण कार्यशालाको उद्देश्य “शारदा नगरपालिकाको मस्यौदा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (2025-2035)” लाई प्रमाणीकरण गर्नु थियो । कार्यशालाले योजनामा समावेश गरिएका सूचना र तथ्याङ्कको प्रमाणीकरण र समीक्षा गरेको थियो । विशेषगरी, कार्यशाला निम्न मुख्य क्षेत्रहरूमा केन्द्रित थियो ।

- खासस्व योजना प्रतिवेदनमा प्रत्येक अध्यायको सामग्री, तथ्याङ्कीय सूचक, रणनीतिक खाकाको सूचना र विश्लेषणात्मक पाठको सन्दर्भमा;
- आगामी बाटो र कार्ययोजना; यसमा योजनाको कार्यान्वयन चरणहरु, अनुगमन संयन्त्र, प्रोफाइल अद्यावधिक गर्ने समयावधि, आवश्यक फर्म्याटहरु र यो योजनालाई राष्ट्रिय तथ्याङ्कको अंशको रूपमा कसरी व्यवस्थापन, संग्रहण र सुरक्षण गर्न सकिन्छ आदि ।
- प्रस्तावित खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका दूरदृष्टी, परिलक्ष्य, लक्ष्य, रणनीति, अन्य विकास साझेदारहरुको संलग्नता, नगरपालिकाको खासस्व कार्यक्रमहरुको बजेट, जलवायु परिवर्तनका असर र अनुकुलन योजना, विपद व्यवस्थापनका योजना, संस्थागत क्षमता छलफलका अलावा प्राप्त सूचना र तथ्यांकहरुको पुष्टीकरण;

## १.६. योजना तर्जुमाको लागि वास सूचकहरू

यस खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाले ‘Joint Monitoring Programme (JMP)’ द्वारा दिगो विकास लक्ष्यहरूको लागि खानेपानी तथा सरसफाईमा अनुगमन स्तरलाई बढाउन र सरल बनाउन विकास गरेको ‘सेवा लिस्नो (Ladder)’ को आधारमा नगरपालिका भित्रको वास सेवाको वर्गिकरण गरेको छ । यसले स्थापित स्रोतको वर्गीकरण मात्रै गर्दैन, दिगो विकास अनुगमनलाई निरन्तरता पनि प्रदान गर्दछ । यसै अनुरुप खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) अन्तर्गत निम्न सेवाहरुलाई निम्नानुसारका सूचकका आधारमा परिभाषा सहित बर्गिकरण गरिएको छ ।

### १.६.१. खानेपानी

| सेवा स्तर | परिभाषा |
|---|---|
| सुरक्षित व्यवस्थापन गरिएको खानेपानी | सुधारिएको स्रोतबाट घर आँगनमै चाहिएको समयमा उपलब्ध; दिसाजन्य जीवाणु र रासायनिक प्रदूषण रहितको खानेपानीको सुविधाहरू |
| आधारभूत स्तरको खानेपानी | सुधारिएको स्रोतबाट उपलब्ध; घर आँगनदेखि धारासम्म जान आउन र पालो पर्खन समेत गरी ३० मिनेटको दूरीमा उपलब्ध खानेपानीको सुविधाहरू |
| सीमित स्तरको खानेपानी | सुधारिएको स्रोतबाट उपलब्ध; घर आँगनबाट धारासम्म जान आउन र पालो पर्खन समेत गरी ३० मिनेटभन्दा बढीको दूरीमा उपलब्ध खानेपानीको सुविधाहरू |

| | |
|---|---|
| सुधार नभएको खानेपानी | असुरक्षित इनार वा मूल (स्प्रिङ) बाट उपलब्ध खानेपानीको सुविधाहरू |
| खानेपानी सेवा नभएको | खोला, बाँध, ताल, पोखरी नदी, नहर वा सिँचाइ नहरबाट सिधा खानेपानी सङ्कलन गरिएको सुविधाहरू |

### १.६.२. सरसफाइ

| सेवा स्तर | परिभाषा |
|---|---|
| सुरक्षित व्यवस्थापन सहितको सरसफाइ | एक घर एक चर्पीको अवधारणामा आधारित; दिसाको स्थलगत वा अफ-साइट ढुवानी गरी सुरक्षित रूपमा व्यवस्थापन गरिएको सरसफाइ सुविधाहरूको प्रयोग |
| आधारभूत सरसफाइ | एक घर एक चर्पीको अवधारणामा दिसाको सुरक्षित रूपमा व्यवस्थापन गरिएको सरसफाइ सुविधाहरू |
| सीमित सरसफाइ | दुई वा दुईभन्दा बढी घरधुरीले प्रयोग गरी दिसाको सुरक्षित व्यवस्थापन गरिएको सरसफाइ सुविधाहरू |
| सुधार नभएको सरसफाइ | स्ल्याब, प्लेटफर्म नभएको खाल्डे चर्पी, तैरिएको, बाल्टिन चर्पीको सुविधाहरू |
| खुला दिसायुक्त | खेत, बारी/जमिन, जङ्गल, झाडी, पानीमा, समुद्री तटमा दिसा विसर्जन |

### १.६.३. स्वच्छता

| सेवा स्तर | परिभाषा |
|---|---|
| आधारभूत स्वच्छता | परिसरमा साबुन पानी सहितको हात धुने सुविधा भएको |
| सीमित स्वच्छता | परिसरमा साबुन पानी बिनाको हात धुने सुविधा भएको |
| स्वच्छता सुविधा नभएको | परिसरमा हात धुने सुविधा नभएको |

### १.६.४. **विद्यालयमा** खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) **सुविधाहरू**

| सेवा स्तर | खानेपानी | सरसफाइ | स्वच्छता |
|---|---|---|---|
| उन्नत | चाहेको अवस्थामा उपलब्ध, सबैको पहुँचमा रहेको, खानेपानी गुणस्तर परीक्षणको आधारमा दिसाजन्य जीवाणु रहित र रासायनिक प्रदूषण रहित खानेपानीको उपलब्धतालाई समावेश गर्न सकिने (राष्ट्रिय स्तरमा परिभाषित गरिने) | सबैको लागि पर्याप्त सरसफाइका सुविधाहरूको उपलब्धता, सफाइको निरीक्षण भएको, महिनावारी स्वच्छता व्यवस्थापन उपयुक्त सुविधाहरूको उपलब्धता समावेश गर्न सकिने (राष्ट्रिय स्तरमा परिभाषित गरिने) | सबैका लागि अत्यावश्यक अवस्थामा हात धुने सुविधाहरूको उपलब्धता, महिनावारी स्वच्छताको शिक्षा र साधनहरू वितरण भएको (राष्ट्रिय स्तरमा परिभाषित गरिने) |
| आधारभूत | विद्यालयमा सुधारिएको स्रोतबाट खानेपानीको उपलब्ध भएको | विद्यालयमा लैङ्गिक-मैत्री र प्रयोग गर्न सकिने अवस्थाको सुधारिएको सुविधाहरू भएको | साबुन पानी सहितको हात धुने सुविधाहरू भएको |

| | | | |
|---|---|---|---|
| सीमित | सुधारिएको स्रोत (पाइपबाट खानेपानी, संरक्षित कुवा/मूल/ स्प्रिङ, वर्षात् को पानी, बोतलको पानी); तर सर्वेक्षणको समयमा पानीको उपलब्धता नभएको | सुधारिएको सुविधाहरू (फ्लस/पोअर, स्ल्याब सहितको खाल्डे र कम्पोस्टिङ चर्पी); तर लैङ्गिक-मैत्री नभएको वा प्रयोग गर्ने अवस्थामा नरहेको | पानी भएको तर साबुन नभएको हात धुने सुविधाहरू भएको |
| सेवा नभएको | खानेपानी नभएको वा सुधार नभएको स्रोत (संरक्षण नगरिएको कुवा/मूल/ स्प्रिङ, सतहको पानी ट्याङ्करबाट ल्याएको) | शौचालय नभएको वा असुरक्षित सुविधाहरू (खाल्डे चर्पी, स्ल्याब वा प्लेटफर्म नभएको चर्पीहरू, तैरिएको चर्पी, बाल्टिन चर्पी) | हात धुने सुविधाहरू नभएको विद्यालय वा पानी सहितको हात धुने सुविधा नभएको |

### १.६.५. स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) सुविधाहरू

| सेवा स्तर | खानेपानी | सरसफाइ | स्वच्छता | स्वास्थ्य संस्थामा फोहोर व्यवस्थापन | वातावरणीय सफाइ |
|---|---|---|---|---|---|
| उन्नत | राष्ट्रिय स्तरमा परिभाषित गरिने | राष्ट्रिय स्तरमा परिभाषित गरिने | राष्ट्रिय स्तरमा परिभाषित गरिने | राष्ट्रिय स्तरमा परिभाषित गरिने | राष्ट्रिय स्तरमा परिभाषित गरिने |
| आधारभूत | सुधारिएको स्रोतबाट घर आँगनमा खानेपानीको उपलब्धता | प्रयोग गर्न योग्य सुधारिएको सरसफाइ सुविधाहरू र कम्तीमा एउटा चर्पी कर्मचारीलाई छुट्टाइएको; कम्तीमा एउटा लैङ्गिक-मैत्री महिनावारी स्वच्छता व्यवस्थापनको लागि छुट्टाइएको र कम्तीमा एउटा चर्पी अपाङ्ग-मैत्री भएको | प्रयोग गर्न योग्य हात धुने (पानी र साबुन/वा र अल्कोहलमा आधारित हात सफा गर्ने वस्तु) सुविधा संस्थामा भएको र ५ मिटरको दूरीभित्र चर्पीको सुविधा भएको | कम्तीमा तीन गोटा फोहोर फाल्ने भाँडोमा फोहोर छुट्टाइएको र धारिलो र सङ्क्रामक फोहोर प्रशोधित वा सुरक्षित व्यवस्थापन गरिएको | सरसफाइको आधारभूत प्रोटोकल भएको र सरसफाइ गर्ने जिम्मेवारी पाएका कर्मचारीले तालिम प्राप्त गरेको |
| सीमित | सुधारिएको स्रोतबाट घर आँगनदेखि ५०० मिटरको दूरीमा खानेपानीको उपलब्धता तर आधारभूत स्तरको आवश्यकताहरू पुरा नभएको | कम्तीमा एउटा सुधारिएको सरसफाइ सुविधा भएको, तर अधारभूत सेवाको सबै मापदण्ड पुरा नभएको | उपचार स्थानमा वा चर्पीमा प्रयोग गर्न सकिने अवस्थाको हात धुने सुविधाहरूको उपलब्ध भएको वा दुबै मध्ये एक भएको | सीमित छुट्टाउने र वा धारिलो र सङ्क्रामक फोहोरको विसर्जन वा प्रशोधन गर्ने, तर आधारभूत स्तरको सेवाको मापदण्ड पुरा | सफाइ प्रोटोकल भएको र वा कम्तीमा केही कर्मचारीले सरसफाइ सम्बन्धी तालिम प्राप्त गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नभएको | |
| सेवा नभएको | खानेपानीको असुरक्षित स्रोत जस्तै इनार, कुवा वा खोला वा सतहको पानी; वा सुधारिएको स्रोत घर आँगनबाट ५०० मिटरको दूरीको धारा वा त्यो धारामा पानीको सुविधा नभएको | चर्पीका सुविधाहरू असुरक्षित (स्ल्याब र प्लेटफर्म बिनाको खाल्डे चर्पी, तैरिएको चर्पी, बाल्टिन चर्पीहरू) वा चर्पीको सुविधा नै नभएको | उपचार स्थानमा वा चर्पीमा प्रयोग गर्न हुने अवस्थामा हात धुने सुविधाहरू नभएको | छुट्टै फोहोर फाल्ने भाँडो र वा धारिलो र सङ्क्रामक फोहोरको सुरक्षित विसर्जन/ प्रशोधन गर्ने सुविधा नभएको | सफाइ प्रोटोकल नभएको र कर्मचारीहरूले सफाइ तालिम प्राप्त नगरेको |

## १.७. खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना तर्जुमा औजार को रुपमा एनवास (NWASH Mobile Apps)

शारदा नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तर्जुमा औजार को रुपमा प्रयोग गरेको एनवास (NWASH Mobile Apps) वेबमा आधारित योजना तर्जुमा औजार हो। यसले नगरपालिका स्तरमा पूर्ण रूपमा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) कभरेज प्राप्त गर्न आवश्यक योजना र लागत तयार गर्दछ। यो औजार प्रयोगको लागि (http://nwash.gov.np/dashboard) मा उपलब्ध छ। यसले सन् 2025-2035 सम्मको निम्ति प्रस्ताबित आयोजना र कार्यक्रमहरुको विस्तृत लागत र मात्राको स्पस्ट प्रस्तुति समेत प्रदान गर्दछ। यो औजार प्रयोग गर्न तलका शर्तहरू पुरा गर्नु पर्नेछ।

१. खानेपानी मन्त्रालयको अधिकार प्राप्त (UserName र Password) व्यक्तिले यो औजारको प्रयोग गर्न सक्नेछन्।
२. मौजुदा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा तथा संरचनाहरुको तथ्यांक संकलन, लेखाजोखा र मस्यौदा १.५.२ अनुसार गर्नुपर्दछ।
३. भिजनिङ कार्यशाला (Visioning Workshop) तथा रणनीतिक योजना तर्जुमा कार्यशाला सञ्चालन गर्न यो औजारलाई राम्रोसँग बुझेको, सहजीकरण सीप भएको सहजकर्ताको आवश्यक पर्दछ।

शारदा नगरपालिका ले माथिका सवै शर्तहरु पुरा गरि यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयार गरेको हो।

# २. शारदा नगरपालिका

## २.१. भौगोलिक अवस्थीति र बनौट

शारदा नगरपालिका कर्णाली प्रदेश, सल्यान जिल्लामा अवस्थित छ। सन् २०७८ को जनगणना सर्वेक्षण अनुसार शारदा नगरपालिकामा कुल घरधुरी ८८९८ तथा पुरुष १६३८८ र महिला १८२७५ गरि कुल जनसंख्या ३४६६३ रहेको छ। यस नगरपालिकाको क्षेत्रफल १७.७५ बर्ग कि.मी रहेको छ।

**तालिका 2-1: वडागत रूपमा घरधुरी र जनसङ्ख्या**

| क्र. सं. | परामिति | विवरण |
|---|---|---|
| १ | नगरपालिकाको नाम | शारदा नगरपालिका |
| २ | कोड सङ्ख्या | ६०९०७ |
| ३ | स्थान/ठेगाना | सल्यान, कर्णाली प्रदेश |
| ४ | नगरपालिकाको जम्मा जनसङ्ख्या | ३४६६३ |
| ५ | नगरपालिकामा जम्मा घरधुरी | ८८९८ |
| ६ | नगरपालिकामा पाइप सञ्जालको खानेपानी सुविधाबाट लाभान्वित जनसङ्ख्या | २१४७५ |
| ७ | नगरपालिकामा पाइप सञ्जालको खानेपानी सुविधाबाट लाभान्वित घरधुरी | ४३०७ |
| ८ | खानेपानी सुविधाको पहुँच (जनसङ्ख्या %) | ६१.९५ |
| ९ | खानेपानी सुविधा पहुँचको घरधुरी (घरधुरी %) | ४८.४ |
| १० | चर्पीको पहुँच पुगेको घरधुरी | २६४५१ |
| ११ | सरसफाइ सुविधाको पहुँच (घरधुरी %) | १०० |
| १२ | **२०२४-२०३४ को लागि जम्मा वास लागत** | **२,६२,९६,९८,७३६.०९** |




चित्र 2-1: नगरपालिकाको स्थान मानचित्र

## २.२. भू-उपयोग तथा वातावरण

शारदा नगरपालिकाको १९८.३४ वर्ग किमि भू-भाग वन क्षेत्रले ओगटेको छ । यस नगरपालिकामा माटोको बनावट, खेतियोग्य जमीन, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरवासीहरुको आर्थिक हैसियत बृद्दी गर्न र वातावरणमा प्रतिकूल असर पर्न नदिन के कस्ता उत्पादन प्रणाली तथा नीतिहरु अवलम्वन गर्न सकिन्छ भन्ने विषयमा विस्तृत अध्ययन गरी योजना निर्माण पश्चात कार्यान्वयन गर्नुपर्ने देखिन्छ। शारदा नगरपालिका औसत तापक्रम २२° सिन्टिग्रेड र वार्षिक वर्षा १ मिलि लिटर देखि २१ मिलि लिटर हुने गरेको छ ।

## २.३. प्रशासनिक एकाइ

यस नगरपालिकामा हाल १५ वटा वडा कायम रहेका छन् । हालको वडामा समावेस साविकका गाविस तथा वडाहरुको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका 2-2: नगरपालिकाको वडा विभाजन**

| वडा नं. | नगरपालिकामा समावेश गरिएका पुराना गाविसहरु | पुराना वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | खलंगा | १-३ | |
| २ | खलंगा | ४-६ | |
| ३ | खलंगा | ७-९ | |
| ४ | सेजवालटाकुरा | १,५,६,९ | |
| ५ | सेजवालटाकुरा | २,३,४,७,८ | |
| ६ | कजेरी | ४-८ | |
| ७ | कजेरी | १,२,३,९ | |
| ८ | मार्के | १,३,४,७,८ | |
| ९ | मार्के | २,५,६,९ | |
| १० | हिवल्चा | १,६,७,९ | |
| ११ | हिवल्चा | २,५,८ | |
| १२ | स्यानीखाल | १,२,८,९ | |
| १३ | स्यानीखाल | ३-७ | |
| १४ | डाँडागाँउ | ६-९ | |
| १५ | डाँडागाँउ | १-५ | |

## २.४. जनसंख्या र जनसाङ्ख्यिक विशेषताहरू

### २.४.१. जातजाति र अन्य जनसाङ्ख्यिक विवरण

शारदा नगरपालिकामा ८८९८ घरधुरी रहेका छन्। धेरैजसो वडाका बस्तीहरू छरिएर रहेका छन्। वडा नं.१, श्रीनगरमा बाक्लो (बजार) रहेको छ।

सन् २०२४ को जनगणना अनुसार शारदा नगरपालिकाको जनसङ्ख्या ३४६६३ छ। नगरपालिकामा महिला र पुरुषको जनसङ्ख्या प्रतिशत क्रमश ५३.५७%, ४६.४३% रहेको छ । वडा अनुसारको जनसङ्ख्या वितरण तल तालिकामा दिइएको छ।

उमेरगत हिसावले शारदा नगरपालिकामा पाँच वर्ष मुनिको जनसङ्ख्या ३३८३, ६-१६ वर्ष उमेरको जनसङ्ख्या ६९१६, १७-६० वर्ष उमेको जनसङ्ख्या २२३१६ र ६० वर्षभन्दा माथि उमेरको जनसङ्ख्या १८४४ रहेको छ। एकल महिला (अविवाहित र विधवा) को जनसङ्ख्या ८८९० र अपाङ्गता (महिला र पुरुष) को जनसङ्ख्या ३२९ रहेको देखिन्छ । तलको तालिकामा वडागत रूपमा घरधुरी, महिला तथा पुरुष जनसङ्ख्या दिइएको छ।

**तालिका 2-3: वडागत रूपमा घरधुरी र जनसङ्ख्या**

| वडा नं | २०११ सर्वेक्षण अनुसार | | | | | २०२१ सर्वेक्षण अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसङ्ख्या | | | औसत घरधुरी | घरधुरी | जनसङ्ख्या | | | औसत घरधुरी |
| | | पुरुष | महिला | जम्मा | | | पुरुष | महिला | जम्मा | |
| १ | ९२० | १८२५ | १९५१ | ३७७६ | ४.१ | १६१५ | २७६१ | ३१६९ | ५९३० | ३.६७ |
| २ | ६६७ | १२०० | १२२० | २४२० | ३.६३ | ६५९ | १२०२ | १२५७ | २४५९ | ३.७३ |
| ३ | ३५६ | ६८३ | ७८९ | १४७२ | ४.१३ | ३६९ | ६३८ | ६४६ | १२८४ | ३.४८ |
| ४ | ३३४ | ६५७ | ८१८ | १४७५ | ४.४२ | ३७६ | ६८५ | ७४८ | १४३३ | ३.८१ |
| ५ | ४४२ | ८७२ | १०६९ | १९४१ | ४.३९ | ४४६ | ७७९ | ९३७ | १७१६ | ३.८५ |
| ६ | ५९५ | १३३४ | १५३६ | २८७० | ४.८२ | ७५१ | १४०६ | १५९५ | ३००१ | ४ |
| ७ | ४७० | ११२९ | १३१५ | २४४४ | ५.२ | ५५१ | ११२५ | १२७३ | २३९८ | ४.३५ |
| ८ | ३९८ | ८७२ | ९७२ | १८४४ | ४.६३ | ४०५ | ७५१ | ८४४ | १५९५ | ३.९४ |
| ९ | ४३४ | ११२१ | १२०९ | २३३० | ५.३७ | ५०४ | १०१९ | ११३९ | २१५८ | ४.२८ |
| १० | ४१६ | ८८६ | १०५५ | १९४१ | ४.६७ | ४५७ | ९८१ | १००८ | १९८९ | ४.३५ |
| ११ | ४७६ | ९१० | १०९१ | २००१ | ४.२ | ५०३ | ८२९ | ९५८ | १७८७ | ३.५५ |
| १२ | ४३४ | ८७६ | ११५४ | २०३० | ४.६८ | ५६३ | १००३ | ११९६ | २१९९ | ३.९१ |
| १३ | ४६४ | ११८६ | १३२९ | २५१५ | ५.४२ | ५४० | ९६६ | ११२९ | २०९५ | ३.८८ |
| १४ | ४५३ | ९९८ | ११७८ | २१७६ | ४.८ | ४६७ | ९३२ | ९६२ | १८९४ | ४.०६ |
| १५ | ५३२ | १११२ | १३८३ | २४९५ | ४.६९ | ६९२ | १३११ | १४१४ | २७२५ | ३.९४ |
| **जम्मा** | **७३९१** | **१५६६१** | **१८०६९** | **३३७३०** | **४.५६** | **८८९८** | **१६३८८** | **१८२७५** | **३४६६३** | **३.९** |

माथि तालिकामा प्रस्तुत भएअनुसारको वडागत जनसङ्ख्या वितरणलाई आधार मान्दा हाल नगरपालिकाको कुल जनसंख्या ३४६६३ पुगेको देखिन्छ।

## २.५. जनसङ्ख्याको गतिशिलता र बसाइ सराइको स्थिति

शारदा नगरपालिकामा हाल सम्म दर्ता भएका जम्मा १४००५ व्यक्तिगत घटनाको आधारमा नगरपालिका भित्र हालसम्म कुल ९०३६ जन्मदर्ता, १६०१ मृत्यु दर्ता, २३४७ विवाह दर्ता र बसाइ सराइको घटना भएको देखिन्छ। बसाइ सराइको सन्दर्भमा हाल सम्म २२५३ घरपरिवार बसाईसराई गरी अन्यत्र गएको र ९८७ घरपरिवार बसाईसराई गरी आएको पाईन्छ। जनगणना २०७८ अनुसार नगरपालिकाको जनसंख्या बृद्दि दर घटेको देखिन्छ।

## २.६. भौतिक पूर्वाधारको अवस्था

यस नगरपालिका क्षेत्र भौतिक पूर्वाधारको अवस्थाको आधारमा समृद्ध देखिन्छ। नगरपालिका क्षेत्र भित्र पक्कि सडक ५० कि.मि. रहेको छ। २०७८ मा गरिएको सर्वेक्षण अनुसार नगरपालिकामा विद्ध्युतको पहुँचको हकमा उर्जाको रुपमा विद्ध्युत प्रयोग गर्ने घरपरिवार ७६७४ अर्थात ८६.२४ प्रतिशत रहेको देखिन्छ।

यस नगरपालिका क्षेत्रमा रहेका सरकारीतर्फका शैक्षिक संस्थाहरु ६१ वटा र १२ नीजि शैक्षिक संस्थाहरु रहेका छन्। स्वास्थ संस्थाहरुको हकमा नगरपालिका क्षेत्र भित्र अस्पताल, स्वास्थ केन्द्र, निजि नर्सिङ होम गरी जम्मा २२ रहेका छन्।

## २.७. आर्थिक अवस्था, गतिविधि र पेशा

शारदा नगरपालिकाभित्रका श्रीनगर, खलंगा बजारहरु आँफैमा सल्यान जिल्लाको प्रमुख व्यापारिक केन्द्रहरु हुन्। कृषी,पशु एवम् कच्चा पदार्थको सुलभ उपलव्धता, नगरपालिकाको सवैजसो वडा तथा बस्तीहरुमा सडक, बिजुली, पानी लगायतका आधारभूत पूर्वाधारको विकास तथा उद्ध्योग स्थापनाका लागि पर्याप्त समथार जमीन यस नगरपालिकामा रहेको हुँदा नगरपालिकामा कृषी,पशु, बन लगायतका उद्ध्योगका साथै शैक्षिक पर्यटन, घरबास (Home-Stay) तथा साहसिक पर्यटन समेतको विकासको प्रचुर सम्भावना रहेको छ।

खाद्ध्यान्न, दलहन, तेलहन, सिट्रस (अमिलो जातका फलफूल) को उत्पादन, गाई, भैंसी, भेडा, बाख्रा जस्ता पशुजन्य उत्पादन, बेसीका उर्वरशिल भूमी र सिंचित क्षेत्रको विस्तार, वैदेशिक रोजगारी र विप्रेषण, बैंक तथा वित्तिय क्षेत्र र सहकारीको विस्तार, मन्दीर क्षेत्रको विकास र विस्तारले पर्यटन क्षेत्रमा थप टेवा पुग्न गइ आर्थिक उपार्जनमा सहयोग पुग्ने देखिन्छ। साथै बस्तीबस्तीमा स्थानिय बजारको विस्तारबाट यहाँका बासिन्दाहरुको आर्थिक गतिविधि बढिरहेको देखिन्छ।

यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका वित्तिय तथा सहकारी संस्थाहरुको पनि भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाहरुले स्थानिय स्तरको वचतलाइ नगरपालिका वाहिर जानबाट रोकी स्थानिय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेको छ। यस नगरपालिकामा १०० लघुवित्त तथा ऋण सहकारी संस्था र वाणिज्य बैंकहरुले आर्थिक तथा बैंकिङ गतिविधिहरु संचालन गरि रहेका छन्।

सन् २०२४ को जनगणना मुताविकको शारदा नगरपालिकामा रहेका जम्मा ८८९८ घरधुरी मध्य घरधुरी ४२७९ कृषि/पशुपालन, ५०० घरधुरी व्यापार, ११५६ घरधुरी जागिर, २९६३ घरधुरी वैदेशिक रोजगारीमा रहेका छन्।

## २. खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) अवस्थाको विश्लेषण

यस खण्डले नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व)को मौजुदा अवस्था र चुनौतीहरूको विस्तृत लेखाजोखा गर्दछ। यसले विषयगत क्षेत्रहरू: खानेपानी सेवा, सरसफाइ तथा स्वच्छता, सामुदायिक सरसफाइ सेवा, विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुविधा र स्वास्थ्य संस्थाको बर्तमान स्थिति स्पष्ट देखाउँछ र लक्षित अवस्था तथा बर्तमान अवस्था विचको अन्तर (gap) पनि स्पष्ट देखाउँछ । यसबाट वर्तमान अवस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुशासन, वित्तीय व्यवस्था र अन्तर (gap) पहिचान, यी सवालसँग सम्बन्धित चुनौतीहरू र निष्कर्षको सारांश प्राप्त हुन्छ ।

यस खण्डमा शारदा नगरपालिकाको मुख्य खानेपानी प्रविधिहरू, JMP(Joint Monitoring Programme) को क्षेत्रगत परिभाषामा आधारित शारदा नगरपालिकाको खानेपानी सेवाको कभरेज र विश्लेषण प्रस्तुत गरिएको छ ।

### ३.१. खानेपानीका प्राथमिक स्रोतहरु

शारदा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना निर्माणका क्रममा गरिएको सर्वेक्षण अनुसार नगरपालिकाभित्र पाइप प्रणालीको खानेपानी सेवाले ४६.११% ओगटेको छ। नगरपालिकामा पाइप प्रणालीको खानेपानी सेवा अन्तर्गत २३.५% सुरक्षित खानेपानीको सेवा र २२.६१% आधारभूत स्तरको खानेपानी सेवा पुगेको देखिन्छ । त्यसै गरि ट्युवबेल प्रणालीले जम्मा खानेपानी सेवाको ०% ओगटेको छ। ट्युवबेल प्रणालीको खानेपानी सेवा अन्तर्गत चाहिँ सुरक्षित खानेपानी सेवा ०% र ०% आधारभूत स्तरको खानेपानी सेवा पुगेको देखिन्छ।

कुल ४६.११% जनसङ्ख्यामा खानेपानीको पहुँच पुगेको छ भने ५०.०८% जनसङ्ख्यामा खानेपानीको पहुँच पुगेको छैन र बाँकी सबै जनसङ्ख्या सीमित तथा असुरक्षित खानेपानी सेवा लिएका भित्र पर्दछन्।

**तालिका 3-1: मौजुदा वास प्रणालीको अवस्था**

| क्र. सं. | सेवाका प्रकारहरू | प्रणालीको सङ्ख्या | लाभान्वित जनसङ्ख्या | यो के हो? |
|---|---|---|---|---|
| १ | पाइप सञ्जालको खानेपानी | २८ | २१४७५ | कम्तीमा एउटा सङ्कलन इनटेक सहितको पाइप खानेपानी प्रणाली, कम्तीमा एउटा धाराको पाइप सञ्जाल खानेपानी प्रणाली |
| २ | ट्युवबेलहरू (१०%) | ० | ० | सार्वजनिक त निजी प्रयोगको लागि स्यालो ट्युवबेल |
| ३ | मानव मलमुत्रजन्य फोहोर | ० | ० | मानव मलमुत्रजन्य फोहोर व्यवस्थापन प्रणाली |
| ४ | ठोस फोहोर व्यवस्थापन | १ | ० | सामुदायिक ठोस फोहोर व्यवस्थापन प्रणाली |
| ५ | फोहोरपानी प्रशोधन प्रणाली | ० | ० | ढल सञ्जाल सहितको फोहोरपानी प्रशोधन प्रणाली |

## ३.२. मौजुदा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) प्रणालीको अवस्था

### ३.२.१. नगरपालिकाको मौजुदा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) प्रणालीको अवस्था अध्ययन गर्दा नगरपालिका भित्र निम्न खानेपानी, सरसफाइ तथा स्वच्छता प्रणालीहरू रहेको देखिन्छ ।

नगरपालिकामा मौजुदा सन्चालित, अर्द्ध सन्चालित वा आँशिक सन्चालित खानेपानी आयोजनाहरु वडागत रुपमा हेर्दा का ४६.११% घरधुरीले पाइप प्रणालीबाट खानेपानी सेवा प्राप्त गरेको देखिन्छ भने **ट्यूबवेल**बाट खानेपानी सेवा प्राप्त गरेको घरधुरी देखिदैन । यसको विस्तृत विवरण तलको तालिका अनुसार रहेको छ जसमा वडागत बस्तीहरू र खानेपानीको विवरण दिइएको छ ।

**खानेपानी सेवा**




चित्र 3-1: खानेपानी सेवा






चित्र 3-2: ट्युवबेल




चित्र 3-3: सरसफाइ घरधुरी

### ३.२.२. घरायसी स्तरमा पहुँच र सेवा स्तर

घरायसी स्तरमा खानेपानी सेवाको पहुँच र कभरेजको अवस्था माथि मा प्रस्तुत गरिएको छ। त्यसमध्ये सुरक्षित सरसफाइको सेवा र आधारभूत सरसफाइको सेवा ६१.३३% र ३५.३३% जनसङ्ख्याले प्राप्त गरेको देखिन्छ।

### ३.२.३. मानव मलमुत्र-जन्य फोहोर व्यवस्थापन:

हालसम्म नगरपालिकामा यो सेवा र सुविधाको उपलब्धता नरहेको देखिन्छ।

### ३.२.४. ढल सहितको फोहोरपानी प्रशोधन केन्द्र:

ढल सहितको फोहोरपानी प्रशोधन केन्द्रको सञ्चाल सेवा पनि हालसम्म यो नगरपालिका उपलब्ध रहेको छैन।

### ३.२.५. ठोस फोहोर व्यवस्थापन:

हालसम्म नगरपालिकामा ठोस फोहोर व्यवस्थापन सेवा र सुविधाको उपलब्धता नरहेको देखिन्छ।

**तालिका 3-2: घरायसी स्तरमा पहुँच र सेवा स्तर**

| | | पइप प्रणाली खानेपानी | | ट्युबवेल | | सरसफाइ घरधुरी | | FSM | | ढल सहितको फोहोरपानी प्रशोधन केन्द्र | | ठोस फोहोर व्यवस्थापन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | लाभान्वित जनसङ्ख्या | जनस. | % | जनस. | % | जनस. | % | जनस. | % | जनस. | % | जनस. | % |
| १ | सुरक्षित व्यवस्थापन गरिएको सेवा | १०११० | २३.५ | ० | ० | २३५७९ | ६१.३३ | ० | ० | ० | ० | ० | ० |
| २ | आधारभूत सेवाहरू | ९७२५ | २२.६१ | ० | ० | १३५८२ | ३५.३३ | ० | ० | ० | ० | ० | ० |
| | जम्मा लाभान्वित | १९८३५ | ४६.११ | ० | ० | ३७१६१ | ९६.६६ | ० | ० | ० | ० | ० | ० |
| ३ | सीमित सेवाहरू | १६४० | ३.८१ | ० | ० | ८४७ | २.२ | ० | ० | ० | ० | ० | ० |
| ४ | सुधार नभएको सेवाहरू | ० | ० | ० | ० | ८२ | ०.२१ | ० | ० | ० | ० | ० | ० |
| ५ | सेवा नपुगेको | २१५४३ | ५०.०८ | ० | ० | ३५४ | ०.९२ | ४३०१८ | १०० | ३८४४४ | १०० | ४३०१८ | १०० |
| ६ | जम्मा जनसङ्ख्या | ४३०१८ | १०० | ० | ० | ३८४४४ | ९९.९९ | ४३०१८ | १०० | ३८४४४ | १०० | ४३०१८ | १०० |

## ३.३. सरसफाइ र स्वच्छता:

तलको तालिकाले नगरपालिका भित्रको सरसफाइ र स्वच्छताको सेवा स्तरलाई देखाउँछ। कुल ७४.४४% घरधुरीमा हात धुने सुविधाहरू रहेका छन्। यी सबै घरधुरीहरुमा हात धुने सुविधाको नजिकै साबुन राख्ने व्यवस्था पनि रहेको पाइयो। सर्वेक्षणले नगरपालिका भित्र ८२ घरधुरीमा चर्पी नभएको देखाएको छ तर ती घरहरुमा पनि हात धुने सुविधाहरू निर्माण भएको पाइन्छ।

**तालिका 3-3: सरसफाइ र स्वच्छताको सेवा स्तर**

| क्र.सं. | सेवा स्तर | घरधुरी | जनसङ्ख्या | निजी चर्पीको सङ्ख्या | हात धुने सुविधा भएका घरधुरीको सङ्ख्या | साबुन सहितको हात धुने सुविधा भएका घरधुरीको सङ्ख्या | अपाङ्ग-मैत्री चर्पीको सङ्ख्या | पानी सहितको चर्पी भएका घरधुरीको सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुरक्षित व्यवस्थापन गरिएको | ५४५८ | २३५७९ | ५४५८ | ५४५८ | ५४५८ | १४३० | ५४५८ |
| २ | आधारभूत | ३१४४ | १३५८२ | ३१४४ | ९५५ | ६६४ | ८६८ | १०७७ |
| ३ | सीमित | १९६ | ८४७ | ० | १६३ | १४४ | ४४ | १५२ |
| ४ | सुधार नभएको | १९ | ८२ | ७ | ७ | ७ | ५ | ७ |
| ५ | चर्पी नभएको | ८२ | ३५४ | ० | ४१ | १९ | ० | ३५ |
| ६ | जम्मा | ८८९९ | ३८४४४ | ८६०९ | ६६२४ | ६२९२ | २३४७ | ६७२९ |

## ३.४. संस्थाहरूमा कभरेज र समुच्च सेवा स्तर

नगरपालिका भित्रका संस्थाहरूमा खासस्व को अवस्था, JMP(Joint Monitoring Programme) को खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रगत परिभाषामा आधारित रहि सङ्ख्याको हिसाबले प्रस्तुत गरिएको छ। सेवाको स्तरहरू बर्गिकरण पनि JMP कै सूचकमा आधारित रहि उन्नत, आधारभूत, सीमित र सेवा नभएको  भनि गरिएको छ। यसको विस्तृत टिपोट (Name of the Note) http://nwash.gov.np/dashboard मा हेर्न सकिन्छ।

**तालिका 3-4: संस्थाहरूमा कभरेज र समुच्च सेवा स्तर**

| | | विद्यालय | | | | | स्वास्थ्य संस्था | | | | | सार्वजनिक स्थल | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | वास सेवा | उन्नत | आधारभूत | सीमित | नभएको | जम्मा | उन्नत | आधारभूत | सीमित | नभएको | जम्मा | उन्नत | आधारभूत | सीमित | नभएको | जम्मा |
| १ | खानेपानी | ० | १३ | १०१ | २३ | १३७ | ० | ० | १६ | ६ | २२ | ० | ० | ० | ० | ० |
| २ | सरसफाइ | ० | ७६ | ५३ | ४ | १३३ | ० | २ | १७ | ३ | २२ | ० | ० | ० | ० | ० |
| ३ | स्वच्छता | ० | ० | ४४ | ९३ | १३७ | ० | ० | २१ | १ | २२ | ० | ० | ० | ० | ० |
| ४ | वातावरणीय सफाइ | ० | ० | ० | ० | ० | ० | ९ | ६ | ७ | २२ | ० | ० | ० | ० | ० |

## ३.५. विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुविधाहरू

शारदा नगरपालिका अन्तर्गत कुल ७१ वटा सामुदायिक तथा तथा निजि विद्यालयहरु संचालनमा छन्। त्यसमध्ये ७ वटा अलग्गै बाल विकास केन्द्र, ४८ वटा आधारभूत तहको विद्यालय, १४ वटा माध्यमिक तहको विध्यालय र २ कलेज स्तरका शैक्षिक संस्थाहरु छन्। सवै शैक्षिक संस्थाहरुमा गरि कुल २४४५५ बिध्यार्थीहरु अध्ययनरत छन्। यी सम्पूर्ण विध्यालयहरुमा खानेपानी तथा सरसफाइको सुबिधा को सर्वेक्षण एनवास मोबाइल एप्स बाट गरिएको थियो। सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरुको विस्तृत विवरण तलका तालिकाहरुमा उल्लेख गरिएको छ।

**तालिका 3-5: शैक्षिक संस्थामा सुधारिएको खानेपानी प्रणाली**

| क्र. सं. | खानेपानी प्रणाली | विद्यालय सङ्ख्या | विद्यार्थी सङ्ख्या |
|---|---|---|---|
| १ | सुधारिएको | ११ | ४४६२ |
| २ | सुधार नभएको | ६० | १९९९३ |
| ३ | जम्मा | ७१ | २४४५५ |

तलको तालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाहरूको विभिन्न सेवा स्तरमा विद्यालयको सङ्ख्या र लाभान्वित विद्यार्थीको सङ्ख्या दिइएको छ।

**तालिका 3-6: शैक्षिक संस्थाको सेवा स्तर**

| | | खानेपानी | | सरसफाइ | | स्वच्छता | |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | सेवा स्तर | विद्यालय सङ्ख्या | विद्यार्थी सङ्ख्या | विद्यालय सङ्ख्या | विद्यार्थी सङ्ख्या | विद्यालय सङ्ख्या | विद्यार्थी सङ्ख्या |
| १ | सेवा नभएको | १२ | १३६५ | ४ | ४५० | ९३ | १६४४० |
| २ | आधारभूत | ०८ | १९६०० | ३९ | ४९६८ | ४४ | ८०१५ |
| ३ | सीमित | ५१ | ३४९० | १३ | १८८०५ | ० | ० |
| ४ | उन्नत | ० | ० | ० | ० | ० | ० |
| ५ | जम्मा | ७१ | २४४५५ | ७१ | २४२२३ | १३७ | २४४५५ |

तलको तालिकाले विद्यालयमा छात्रा र छात्रहरूको लागि चर्पीको सङ्ख्या, अपाङ्ग-मैत्रीका साथै महिनावारी स्वच्छता व्यवस्थापन सुविधाहरू भएको चर्पीहरूको सङ्ख्या समेत देखाउँछ ।

**तालिका 3-7: शैक्षिक संस्थाको चर्पीको सेवा स्तर**

| | | चर्पीको सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | सेवा स्तर | छात्रा | छात्र | अपाङ्ग-मैत्री | मस्वव्य सुविधा |
| १ | सेवा नभएको | ० | ० | ० | ० |
| २ | आधारभूत | ० | ४ | ० | ० |
| ३ | सीमित | ४५ | ४५ | ० | ० |
| ४ | उन्नत | ० | ० | ० | ० |
| ५ | जम्मा | ४५ | ४९ | ० | ० |

**शैक्षिक संस्थाका चर्पीको सेवा स्तर**



चित्र 3-4: शैक्षिक संस्थाका चर्पीको सेवा स्तर

शारदा नगरपालिका अन्तर्गत रहेका ७१ वाटै बिद्यालयहरुमा शौचालयको सुविधा रहेको पाइन्छ र ती सवै बिद्यालयहरुमा छात्राहरुका लागि छुट्टै शौचालयको व्यवस्था रहेको छ।

## ३ ८.स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुविधाहरू

नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा तथा सुबिधाहरुको लेखाजोखा गर्ने क्रममा 'उन्नत स्तरको' खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवाको निर्धारित परिभाषा सहित लेखाजोखा गरिएको छैन। त्यसैले 'आधारभूत सेवा' स्तरको स्वास्थ्य संस्थाहरूको सङ्ख्यालाई नै उन्नत स्तरको सेवा पनि भएको स्वास्थ्य संस्थामा समावेश गर्न सकिने छ। तलको तालिकाले शारदा नगरपालिकाको स्वास्थ्य संस्थाको सङ्ख्या र जनसङ्ख्या (बिरामी र कर्मचारी) को लागि विभिन्न स्तरको सेवा र खानेपानी, सरसफाइ तथा स्वच्छता र ठोस फोहोर व्यवस्थापनको सुविधाहरू देखाउँछ।

तालिका 3-8: स्वास्थ्य संस्थाको सेवा स्तर

| | | खानेपानी | | सरसफाइ | | स्वच्छता | | ठोस फोहोर व्यवस्थापन | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | सेवा स्तर | स्वास्थ्य संस्था को सङ्ख्या | जन सङ्ख्या | स्वास्थ्य संस्था को सङ्ख्या | जन सङ्ख्या | स्वास्थ्य संस्था को सङ्ख्या | जन सङ्ख्या | स्वास्थ्य संस्था को सङ्ख्या | जन सङ्ख्या |
| १ | सेवा नभएको | ६ | १३२ | ३ | ७५ | १ | २१ | १३ | २८८ |
| २ | आधारभूत | १६ | ७९६ | १७ | ८०३ | २१ | ९०७ | २ | ५८ |
| ३ | सीमित | ० | ० | २ | ५० | ० | ० | ७ | ५८२ |
| ४ | उन्नत | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | २२ | ९२८ | २२ | ९२८ | २२ | ९२८ | २२ | ९२८ |

नगरपालिका क्षेत्रभित्र भएका २२ वटा स्वास्थ संस्थाहरुमध्ये ० स्वास्थ संस्थाहरुमा सीमित स्तरको खानेपानी सुबिधा उपलब्ध देखिन्छ भने १६ स्वास्थ संस्थामा आधारभूत तहको सुबिधा उपलब्ध छ।

## ३.६. स्वास्थ्य संस्थामा सरसफाइ

यस नगरपालिकामा भएका २२ वटा स्वास्थ संस्थाहरुमा रहेका शौचालयहरुको तथ्याङ्क तलको तालिकामा देखाइएको छ। सवै स्वास्थ संस्थाहरुमा महिला र पुरुषहरुको लागि छुट्टा छुट्टै शौचालायको ब्यबस्था रहेको र सवै गरि २ वटा शौचालयहरु महिलाको लागि महिनावारि स्वच्छता व्यवस्थापन-योग्य रहेको देखिन्छ। त्यसै गरि ११ वटा शौचालयहरु अपाङ्ग मैत्री रहेको पाइयो।

### ३.६.१. स्वास्थ्य संस्थामा ठोस फोहोर व्यवस्थापन

२२ वटा स्वास्थ संस्था मध्ये २० स्वास्थ संस्थामा ठोस फोहोरको सुरक्षित संकलन गर्न बकेटहरुको लेबलिङसहित व्यवस्था गरिएको छ भने १२ वटा स्वास्थ संस्थामा धारिलो र सङ्क्रामक फोहोर छुट्टयाइ बिसर्जन गर्ने गरिएको छ। ९ वटा स्वास्थ संस्थामा महिनावारी स्वच्छता व्यवस्थापनको लागि इन्सिनेरेटर सहितको उपलब्धता रहेको छ भने १२ वटा स्वास्थ संस्थामा सालनाल (प्लेसेन्टा) बिसर्जन गर्ने (फाल्ने) खाल्डोको समेत उपलब्धता देखिन्छ। विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

स्वास्थ्य संस्थाहरूमा वातावरणीय सरसफाइ सम्बन्धि अद्ययन गर्दा १२ स्वास्थ संस्थाको वातावरणीय सरसफाइको लागि प्रोटोकल भएको र त्यसका निम्ति कर्मचारि परिचालान गरिएको पाइयो ।

**तालिका 3-9: स्वास्थ्य संस्थाको अवस्था**

| क्र. सं. | सेवा स्तर | सङ्ख्या |
|---|---|---|
| स्वास्थ्य संस्थामा खानेपानी सेवा | | |
| १ | पर्याप्त खानेपानी भएका स्वास्थ्य संस्थाको सङ्ख्या | १४ |
| २ | सुरक्षित पानी भएका स्वास्थ्य संस्थाको सङ्ख्या | १९ |
| स्वास्थ्य संस्थामा सरसफाइ | | |
| १ | पुरुषको लागि प्रयोग-योग्य शौचालय | २७ |
| २ | महिलाको लागि प्रयोग-योग्य शौचालय | १४ |
| ३ | महिलाको लागि महिनावारि स्वच्छता व्यवस्थापन-योग्य शौचालय | २ |
| ४ | अपाङ्ग-मैत्री शौचालय | ११ |
| स्वास्थ्य संस्थामा स्वच्छता | | |
| १ | साबुन सहितको हात धुने सुविधा भएका स्वास्थ्य संस्था | १८ |
| २ | अल्कोहलमा आधारित हात सफा गर्ने सुविधा भएका स्वास्थ्य संस्था | १२ |
| ३ | प्रयोग-योग्य हात धुने सुविधा भएका स्वास्थ्य संस्था | १९ |
| स्वास्थ्य संस्थामा ठोस फोहोर व्यवस्थापन | | |
| १ | फोहोर फल्ने भाँडो | २० |
| २ | धारिलो र सङ्क्रामक फोहोर छुट्टाइएको र विसर्जन गरेको | १२ |
| ३ | महिनावारी स्वच्छता व्यवस्थापनको लागि इन्सिनेरेटर सहितको उपलब्धता | ९ |
| ४ | खतरनाक फोहोरको लागि इन्सिनेरेटर सहितको उपलब्धता | ७ |
| ५ | प्लेसेन्टा फाल्ने खाल्डोको उपलब्धता | १२ |
| स्वास्थ्य संस्थाहरूमा वातावरणीय सरसफाइ | | |
| १ | वातावरणीय सरसफाइको लागि प्रोटोकल भएको | १२ |
| २ | वातावरणीय सरसफाइको लागि कर्मचारी भएको | १३ |

## ३.७. सार्वजनिक स्थलमा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुविधाहरू

यस नगरपालिका भित्र जम्मा ३ सार्वजनिक शौचालयहरु छन् तर ती सार्वजनिक शौचालयहरुको संचालन, मर्मत संभार र व्यवस्थापन एउटा चुनौतीको रुपमा रहेको छ । २ वटा शौचालयहरुमा हात धुने र पर्याप्त पानीको उपलब्धता रहेको छ । संचालनमा रहेका सार्वजनिक शौचालयहरुमा महिला शौचालायहरु २ वटा छन्। नगरपालिका भित्रका सार्वजनिक शौचालयहरुको सरसफाइ सुविधाहरुको अवस्था सम्वन्धि विवरण तलका तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

**तालिका 3-10: सार्वजनिक स्थलमा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व)को अवस्था**

| क्र. सं. | सेवा स्तर | सङ्ख्या |
|---|---|---|
| सार्वजनिक स्थानहरूमा खानेपानी | | |
| १ | हात धुने र शौचालयका सुविधाहरूमा पर्याप्त पानीको उपलब्धता | २ |
| सार्वजनिक स्थानहरूमा सरसफाइ | | |
| १ | महिला शौचालय भएको | २ |
| २ | कम्तीमा एउटा शौचालय अपाङ्ग-मैत्री भएको | २ |
| ३ | कम्तीमा एउटा शौचालय बाल-मैत्री भएको | १ |
| सार्वजनिक स्थानहरूमा पहुँच | | |
| १ | सबैको पहुँच | १ |

| | | |
|---|---|---|
| २ | बालबालिकाको लागि पहुँच नभएको | १ |
| ३ | अपाङ्ग-मैत्री नभएको | ० |
| ४ | बाल-मैत्री र अपाङ्ग-मैत्री नभएको | १ |
| सार्वजनिक स्थानहरूमा स्वच्छता | | |
| १ | हात धुने सुविधाहरू भएको | २ |
| २ | साबुन सहितको हात धुने सुविधाहरू भएको | २ |

## ३.८. पूर्ण सरसफाइ उन्मुख गरिएका क्रियाकलाप र मौजुदा अवस्था

शारदा नगरपालिका  खुला दिसा मुक्त घोषणा पश्चात पूर्ण सरसफाइ उन्मुख दिशामा अगाडी बढेको नगरपालिका हो । यस नगरपालिकामा नगरपालिका स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छतको निम्ति समन्वय समिति गठन २०७९ मा भएको हो । शारदा नगरपालिका स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छत समिति सकृय रहेको छ । पूर्ण सरसफाइको लागि रणनितिक योजना २०८१ र सोहि अनुरुप कार्यक्रम अगाडी वढि रहेको छ । समग्रमा पूर्ण सरसफाइ उन्मुखताको अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ ।

**पूर्ण सरसफाइका सूचक र नगरपालिकाको विद्यमान अवस्था**

| क्र. सं. | पूर्ण सरसफाइका सूचकहरु | विद्यमान अवस्था | कैफियत |
|---|---|---|---|
| १ | *योजना तर्जुमा तथा व्यवस्थापन*<br>• समन्वय समिति सकृय भएको<br>• खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयार भएको<br>• क्षमता विकासका लागि तालिमहरु संचालन गरिएको | • नगरपालिका स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) समन्वय समिति गठन २०७९ साउन १४<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयार हुने क्रममा रहेको<br>• क्षमता विकासका लागि खानेपानी र सरसफाइ तालिमहरु लिईएको | |
| २ | *चर्पीको समुचित प्रयोगको अवस्था*<br>• प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएको<br>• साबुन पानीको सुविधा सहितको सुरक्षित र सफा चर्पी रहेको<br>• खुला ठाउँमा दिसा नभेटिएको<br>• संघसंस्था र सार्वजनिक शौचालयहरु प्रयोगकर्ता मैत्री भएको | • १०० प्रतिशत घरधुरीमा, ९७.२६ प्रतिशत विध्यालयहरुमा, ९५.४५ प्रतिशत स्वास्थ संस्थाहरुमा चर्पी प्रयोग भइरहेको; ३ वटा स्थानहरुमा सार्वजनिक शौचालय प्रयोगमा रहेको।<br>• ७४.४४ प्रतिशत घरधुरीमा, ६३.०१प्रतिशत विद्यालयहरुमा, २८.५७ प्रतिशत सार्वजनिक शौचालयहरुमा, ८६.३६ प्रतिशत स्वास्थ संस्थाहरुका शौचालयहरुमा हातधुने सुविधा उपलब्ध छ ।<br>• शौचालय भएका विध्यालयहरु मध्ये ० लैङ्गिकमैत्री र ० अपाङ्गमैत्री; स्वास्थ संस्थाहरु मध्ये २ लैङ्गिकमैत्री / ११ अपाङ्गमैत्री; सार्वजनिक शौचालयहरु २ लैङ्गिकमैत्री / २ | |

| | | | |
|---|---|---|---|
| | | • अपाङ्ग- मैत्री रहेको । | |
| ३ | *व्यक्तिगत सरसफाइ*<br>• प्रत्येक घरले उपयुक्त स्थानमा सावुन पानी सहितको हात धुने स्थान बनाएको<br>• घर, विध्यालय, स्वास्थ संस्था, सार्वजनिक कार्यालयहरुमा सावुन पानीले हात धुने सुविधा भएको<br>• घर, विध्यालय, स्वास्थ संस्था, सार्वजनिक कार्यालयहरुमा सावुन पानीले हात धुने, महिनावारी व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्वन्धि ज्ञान र अभ्यास भएको<br>• व्यक्तिगत सरसफाइमा ध्यान पुर्याएको | • ७०.७० प्रतिशत घरधुरीमा सावुनपानीसहितको हात धुने सुविधा रहेको<br>• ६५.७५ प्रतिशत विध्यालय, ८१.८२ प्रतिशत स्वास्थ संस्था / २८.५७ प्रतिशत सार्वजनिक शौचालयमा सावुन सहितको हात धुने सुविधा रहेको | |
| ४ | *सुरक्षित पानीमा पहुँच तथा प्रयोग*<br>• आधारभूत स्तरको पानीमा सवैको पहुँच भएको<br>• खानेपानी प्रणालीवाट सुरक्षित खानेपानी नभएको अवस्थामा घरायसी, विध्यालय, संघसंस्थामा पानीको शुद्धिकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेको<br>• घरेलु पानी शुद्धिकरणका आवश्यक सामग्रीहरु स्थानिय बजारमा उपलव्ध भएका | • नगरपालिकाको पछिल्लो अध्ययन अनुसार ८४.२ प्रतिशत घरहरु र ४१२.९ प्रतिशत जनसंक्याको पाइप प्रणालीको खानेपानीमा पहुँच पुगेको छ ।<br>• खानेपानीमाको शुद्धिकरण गर्ने सम्वन्धमा घरायसि तहमा ४३.८९ घरधुरीले सँधै शुद्धिकरण गर्ने गरेको, १६.९६ प्रतिशत घरधुरीले कहिलेकाहिँ गर्ने गरेका छन् ।<br>• खानेपानीमाको शुद्धिकरण गर्ने सम्वन्धमा विध्यालय तहमा २८.७७ प्रतिशत विध्यालयहरुले शुद्धिकरण गर्ने गरेको, १५.०७ प्रतिशत विध्यालयहरुले कहिलेकाहिँ गर्ने गरेको ।<br>• खानेपानीमाको शुद्धिकरणका सम्वन्धमा स्वास्थ संस्थाहरुको तहमा ८१.८२ प्रतिशत स्वास्थ संस्थाहरुले शुद्धिकरण गर्ने गरेको, ४.५५ प्रतिशत स्वास्थ | |
| ५ | *स्वच्छ र सुरक्षित खानाको प्रयोग*<br>• घरको भान्सा, होटल तथा रेष्टुरेन्टहरु सफा रहेको र वासी तथा सडेगलेको खाना नखाने / नबेच्ने<br>• खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा / पिउने पानी छोपेर राखेको<br>• फलफुल तथा खानेकुराहरु राम्रोसंग सफा गरेर एवं पकाएर,तताएर खाने खुवाउने गरेको<br>• सुरक्षित *खानाको लागि कार्यदल गठन* गरि कम्तीमा चौमासिक रुपमा अनुगमन हुने गरेको | • यी सुचकहरुमा खासस्व योजना प्रकृयाको क्रममा सूचना नलिइएको; छुट्टै अद्ध्ययन गरि सूचना लिनु पर्ने । | |
| ६ | *घरायसि एवं संस्थागत सरसफाइ* | • घरायसी तहमा ....... प्रतिशत | |

| | | | |
|---|---|---|---|
| | • घर, विध्यालय, संघसंस्था भित्र तथा बाहिर सफा रहेको<br>• विध्यालय, संघसंस्था तथा सार्वजनिक शौचालयहरुमा महिनावारीमा प्रयोग गरिएका स्यानिटरि प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको<br>• घर, आँगन एवं विध्यालय, संघसंस्थाबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने बर्गिकरण गरी ती फोहोरको समुचीत व्यवस्थापन गरेको<br>• घर, आँगन एवं विध्यालय, संघसंस्थाबाट निस्कने फोहोर पानीको सुरक्षित निस्कासन भएको<br>• अस्पताल, उद्योग, कालकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको<br>• उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर / मलमूत्र व्यवस्थापन गर्ने गरेको<br>• भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुवाँ रहित चुल्होको प्रयोग भएको | घरपरिवारले कुहिने र नकुहिने फोहोर छुट्ट्याउने गरेका छन् / फोहोर व्यवस्थापनका लागि वैज्ञानिक व्यवस्था छैन<br>• घर, आँगन एवं विध्यालय, संघसंस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासनको व्यवस्थापन हुन सकेको छैन<br>• अस्पताल, उद्योग, कलकारखानाबाट निसकेको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा बिसर्जन सोही संस्थाले गर्ने गरेका छन्<br>• गोठ सुधारका कार्यक्रम परम्परागत तवरले गर्ने गरेका छन् | |
| ७ | *वातावरणिय सरसफाइ*<br>• गाउँ टोल, नगर एवं चौतारा आदी सार्वजनिक स्थानहरुको सरसफाइको लागि सरसफाइ समिति गठन भएको<br>• घरायसी तथा संस्थागत तहमा ठोस तथा तरल फोहोर व्यवस्थापनको आवश्यकता अनुसार उपयुक्त प्रविधिको प्रयोग भएको<br>• मानव मलमूत्रको व्यवस्थापनका हकमा व्यवस्थित सेप्टिक ट्याङ्कीमा जोडिएको, पक्की वाटरसिल चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको<br>• नगर वा नगरोन्मुख क्षेत्रमा ठोस फोहोरमैला व्यवस्थापनका लागि स्यानिटरी ल्यान्डफिल साइटको पहिचान गरी निर्माणको योजना तर्जुमा भएको व्यवस्थित ढलप्रणाली (मानव मलमूत्र फोहोर व्यवस्थापन वा वैज्ञानिक फोहोर पानीको प्रशोधन प्रणाली योजना तर्जुमा भएको | • ठोस तथा तरल फोहोर व्यवस्थापनको लागि वैज्ञानिक तवरले ढल निकास तथा ल्यान्डफिल साइटको निर्माण गरिएको छैन | |

## ३.९. खानेपानी तथा सरसफाइको मौजुदा प्रणाली तथा प्रविधि:

शारदा नगरपालिकामा हाल संचालनमा रहेका खानेपानी प्रणालीको संख्या २८ रहेको छ । हाल संचालनमा रहेका ती खानेपानी आयोजनाहरुमध्ये ५७.१४% वटा ग्राभिटी फ्लो प्रणालीका छन् ।

यस नगरपालिका मा बितरण गरिएका खानेपानीका धाराहरु मध्ये ७७.६८% (७१.७६+५.९२) धारा निजी रहेका छन् । केवल १ वटा खानेपानी प्रणालीहरू प्रशोधन केन्द्र सहितका निर्माण भएका छन् ।




**चित्र 3-5: खानेपानीको प्रणाली तथा प्रविधि**

**तालिका 3-11: नगरपालिकामा बितरित खानेपानीको अवस्था**

| क्र. सं. | प्राविधिक विकल्प | प्रणालीको सङ्ख्या | घर आँगनमा निजी धारा जडान भएको जनसङ्ख्या | | सार्वजनिक धाराद्वारा लाभान्वित जनसङ्ख्या | | प्रशोधन केन्द्रको उपलब्धता | दिसाको प्रदूषण नभएको | रासायनिक प्रदूषण नभएको |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सुचारु धारा | सीमित सुचारु धारा | सुचारु धारा | सीमित सुचारु धारा | | | |
| | | | जनसङ्ख्या | जनसङ्ख्या | जनसङ्ख्या | जनसङ्ख्या | प्रणालीको सङ्ख्या | प्रणालीको सङ्ख्या | प्रणालीको सङ्ख्या |
| १ | ग्राभिटी | १६ | १४७८ | १८६ | ४१५२ | ३६८ | ० | ० | ० |
| २ | पम्पिङ | १० | ३८२३ | ९७३ | २० | ० | ० | ० | ० |
| ३ | वर्सातेपानी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | इम्पोन्डिङ पोखरी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | सोलार पम्पिङ | १ | ० | ० | २५२ | ० | ० | ० | ० |
| ६ | मिश्रित | १ | १०११० | ११३ | ० | ० | १ | ० | ० |
| | **जम्मा** | २८ | १५४११ | १२७२ | ४४२४ | ३६८ | १ | ० | ० |
| | **%** | | ७१.७६ | ५.९२ | २०.६ | १.७१ | | | |
| | | | | | | | | | |

शारदा नगरपालिकाको ८८९८ घरधुरीमध्ये खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयारीको क्रममा भएको सर्वेक्षण अनुसार घरायसी शौचालयको अवस्था तपसिलमा देखाएवमोजिमको भेटियो । जसअनुसार ९२ घरधुरीहरुमा मात्र फ्लस शौचालय छन् भने ८४५७ घरधुरीहरुमा स्लयाब सहितको खाल्टे शौचालय छन् । सर्वेक्षण अनुसार ८२ घरधुरीमा शौचालय नै नभएको देखिन्छ ।

नगरपालिकामा रहेका बिभिन्न प्रकारका प्रविधिहरूमा आधारित शौचालयहरुको अवस्था तलको तालिकामा देखिन्छ । शौचालयको विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।

**तालिका 3-12: नगरपालिका स्थित सरसफाईको अवस्था**

| क्र. सं. | चर्पीको प्रकार | घरधुरी | % | जनसङ्ख्या | % |
|---|---|---|---|---|---|
| १ | फ्लस | ९२ | १.०४ | ३६७ | ०.८४ |
| २ | पोअर फ्लस | ८४५७ | ९५.०५ | ४१८८७ | ९५.४१ |
| ३ | कम्पोस्टिङ | ० | ० | ० | ० |
| ४ | स्याल्याब सहितको खाल्डे चर्पी | २३९ | २.६९ | ११४२ | २.६ |
| ५ | तैरिएको चर्पी | १४ | ०.१५ | ७१ | ०.१६ |
| ६ | बाल्टिन | ५ | ०.०६ | ३८ | ०.०९ |
| ७ | छैन | ९० | १.०१ | ३९७ | ०.९ |
| ८ | जम्मा | ८८९८ | १०० | ४३९०३ | १०० |

यस शारदा नगरपालिका रहेका घरायसी शौचालयहरुबाट निस्कने मानव मलमूत्रजन्य फोहोर व्यवस्थापन गर्ने सन्दर्भमा ६८६४ घरधुरीले व्यवस्थित मानव मालमूत्रजन्य फोहोर व्यवस्थापन (Fecal Sludge Management-FSM) तरिका अपनाएको पाइयो । ढल सहितको फोहोरपानी प्रशोधन केन्द्रमा अफ्नो घरको फोहोर पानी पठाउने गरेको घरधुरीहरु छैन्न । त्यसै गरी सेप्टिक ट्यांक भएको शौचालय १६०७ घरधुरीमा र दुई खाल्डे शौचालय रहेको १०१ घरधुरी पाइयो ।

**तालिका 3-13: मानव मल-मुत्रजन्य फोहोर व्यवस्थापन विकल्पहरू**

| क्र. सं. | चर्पीको प्रकार | घरधुरी | जनसङ्ख्या |
|---|---|---|---|
| १ | छैन | ३२६ | १६८१ |
| २ | खाल्डे | ० | ० |
| ३ | दुई खाल्डे | १०१ | ४९५ |
| ४ | सेप्टिक ट्याङ्क | १६०७ | ७६५२ |
| ५ | एफएसएम | ६८६४ | ३४०७५ |
| ६ | ढल सहितको फोहोरपानी प्रशोधन केन्द्र | ० | ० |
| ७ | खुल्ला ठाउँ | ० | ० |
| ८ | जम्मा | ८८९८ | ४३९०३ |

मानव मल-मुत्रजन्य फोहोर व्यवस्थापन विकल्पहरू




**चित्र 3-6: मानव मल-मुत्रजन्य फोहोर व्यवस्थापन विकल्पहरू**

## ३.१०. मौजुदा प्रणालीको सुचारूपना र दिगोपनाको अवस्था

नगरपालिका र प्रणालीहरूको विस्तृत सुचारूपना र दिगोपना प्रतिवेदनको लागि र स्कोरिङ प्रणालीलाई राम्रोसँग बुझ्नको लागि कृपया तलका दुई प्रतिवेदनहरू http://nwash.gov.np/documents वेब पेजमा हेर्नुहोस् ।

- खानेपानी प्रणाली सुचारूपना र दिगोपनाको लागि M&E खाका
- शारदा नगरपालिकामा वास सेवाहरूको सुचारूपना र दिगोपनाको अवस्था

### ३.१०.१. खानेपानीको मर्मत अवस्था

मौजुदा खानेपानी प्रणालीहरुको अध्ययन गर्दा अपनाइएको NWASH MIS प्रविधि अनुसार नगरपालिकामा रहेका खानेपानी प्रणालीहरुको वर्तमान अवस्था कस्तो छ र ती प्रणालीहरुलाई कुन स्तरको मर्मत आवस्यक छ सो को परिभाषा सहित बिस्तृत जानकारी http://nwash.gov.np/documents बाट प्राप्त गर्न सकिन्छ । मौजुदा प्रणालीहरुको सुचारुपनको अवस्था अध्ययन गर्दा सामान्य मर्मत, ठुलो मर्मत वा पुनर्निर्माण अथवा पुनर्स्थापना नै के गर्नु पर्ने हो सवै जानकारी सर्वेक्षकले अवलोकन गरि NWASH MIS प्रविधिमा प्रविष्ट गरे अनुरुप हरेक प्रणालीको मर्मत अवस्था ज्ञात हुन्छ ।

शारदा नगरपालिका भरि संचालनमा रहेका खानेपानी प्रणालीहरुको NWASH MIS बाट प्राप्त तथ्यांक विष्लेषण गर्दा सुचारुपनको अवस्था निम्नअनुसारको देखिन्छ ।

माथीको तालिकाको देखिए अनुसार हरेक मौजुदा खानेपानी आयोजनाहरुको मर्मतको प्रकारको विस्तृत परिभाषा, सूचक र प्राप्ताङ्कको अवस्था प्राविधिक मार्गदर्शनको सुचारूपना र दिगोपनाको http://nwash.gov.np/documents मा उपलब्ध छ। समुच्चमा शारदा नगरपालिकामा संचालित खानेपानी आयोजनाहरुको मर्मतको अवस्था, संख्या, धाराहरुको अवस्था र लाभान्वित जनसंख्या तलको तालिका प्रस्तुत गरिएको छ

तालिका 3-14: खानेपानी आयोजनाको मर्मतको अवस्था

| क्र.सं. | अवस्था | स्किमहरू | | लाभान्वित जनसङ्ख्या | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सुचारु धारा | | सुचारु नभएका धारा | | |
| | | सङ्ख्या | जम्मा % | सङ्ख्या | जम्मा % | सङ्ख्या | जम्मा % | |
| १ | भौतिक रूपमा राम्रो | ५ | १७.८५ | १९७१ | १०.२३ | २०४ | १.०६ | २१७५ |
| २ | सानो मर्मत आवश्यक | ९ | ३२.१४ | १३२२३ | ६८.६४ | १५१ | ०.७८ | १३३७४ |
| ३ | ठूलो मर्मत आवश्यक | १२ | ४२.८५ | २६४५ | १३.७३ | १६७ | ०.८७ | २८१२ |
| ४ | पुन: निर्माण गर्न आवश्यक | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | पुनर्स्थापना गर्न आवश्यक | २ | ७.१ | ९०३ | ४.६९ | ० | ० | ९०३ |
| ६ | जम्मा | २८ | १०० | १८७४२ | ९७.२९ | ५२२ | २.७१ | १९२६४ |

### ३.१०.३. सरसफाइको मर्मत अवस्था

सरसफाइ सेवा सुबिधाको मर्मतको चर्चा गर्दा विशेष गरी नगरपालिका अन्तर्गत मानव मलमूत्रजन्य फोहोर, ठोस फोहोर तथा फोहोर पानी व्यवस्थापन अवस्था के कस्तो छ  भन्ने वुझिन्छ । नेपाल सरकारले अहिलेसम्म यस्ता सरसफाइ सेवा सुबिधाको सुचारुपन तथा मर्मत अवस्थाको परिभाषा र लेखाजोखा गर्ने विधिको विकास गरेको छैन। यो वास योजना औजारले यस्ता सेवा सुबिधाहरुको योजना तर्जुमा र लागतको लागि लेखाजोखा गर्ने विधि आफ्नै किसिमले विकास गरेको छ। शारदा नगरपालिकाको सरसफाइको मर्मत अवस्था निम्न अनुसार देखिन्छ ।

तालिका 3-15: सरसफाइको मर्मतको अवस्था

| क्र.सं. | मर्मत अवस्था | मर्मत गर्न आवश्यक प्रणालीको सङ्ख्या (in conveyance) | मर्मत गर्न आवश्यक प्रणालीको सङ्ख्या (प्रशोधन केन्द्र) |
|---|---|---|---|
| १ | प्रशोधन केन्द्र छैन | ० | १ |
| २ | भौतिक रूपले राम्रो | ० | ० |
| ३ | सानो मर्मत आवश्यक | ० | ० |
| ४ | ठूलो मर्मत आवश्यक | ० | ० |
| ५ | निर्माण गर्न आवश्यक | ० | ० |
| | जम्मा | ० | १ |

### ३.१०.३. धाराको अवस्था

शारदा नगरपालिकामा मौजुदा खानेपानी आयोजनाहरुबाट निर्मित र संचालित २८ खानेपानी धाराहरु मध्ये झण्डै ७७.६८% (७१.७६+५.९२) निजी धाराहरु रहेका छन् । ती मध्ये धेरैजसो , ८८.६१% भौतिक रुपमा सुचारु रहेका छन् ।

धाराको प्रकार आधारमा सेवा प्राप्त जनसङ्ख्या




**चित्र 3-7: धाराको प्रकार आधारमा सेवा प्राप्त जनसङ्ख्या**

तलको तालिकाले नगरपालिकाभित्रका पाइप खानेपानी प्रणालीको धाराको अवस्था देखाउँछ। यसले नगरपालिकाभित्रको सबै धाराहरूको अवस्थाको सारांश देखाउँछ। ३४.२७% धाराले पर्याप्त दैनिक आवश्यकता पुरा गरेको देखाउँछ। त्यसै प्रकारले ७६.७७% धारामा मिटर जडान भएको देखिन्छ।

**तालिका 3-16: धाराको अवस्था**

| क्र.सं. | परामिति | | | अवलोकन (सङ्ख्या) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | धारा | % | घरधुरी | % | जनसङ्ख्या | % |
| १ | जम्मा | | | ३५९१ | | ४३०७ | | २१४७५ | |
| २ | धाराको प्रकार | समुदाय | | १०७ | २.९८ | ८२० | १९.०४ | ४७९२ | २२.३१ |
| | | आँगन | | ३३९७ | ९४.६ | ३४०० | ७८.९४ | १६६८३ | ७७.६९ |
| | | संस्थागत | | ८७ | २.४२ | ८७ | २.०२ | ० | ० |
| ३ | जडान | मिटर जडान भएको | | ३४४८ | ९६.०२ | ३४५५ | ८०.२२ | १६४८६ | ७६.७७ |
| | | मिटर जडान नभएको | | १४३ | ३.९८ | ८५२ | १९.७८ | ४९८९ | २३.२३ |
| ४ | आपूर्ति घण्टा | > २ घण्टा | | ३३६४ | ९३.६८ | ४०३३ | ९३.६४ | २०००७ | ९३.१६ |
| | | < २ घण्टा | | २२७ | ६.३२ | २७४ | ६.३६ | १४६८ | ६.८४ |
| ५ | यो वर्ष दर्ता भएको गुनासोहरू दर्ता | | | ६६ | ० | ० | ० | ० | ० |
| 6 | धारामा पानीको गुणस्तर | धमिलो नभएको | | १९७० | ५४.८६ | २६८६ | ६२.३६ | १४३१३ | ६६.६५ |
| | | धमिलो | | १६०७ | ४४.७५ | १६०७ | ३७.३१ | ७१०२ | ३३.०७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | धाराको अवस्था | भौतिक रूपमा अक्षुण्ण | | ३४१५ | ९५.१ | ३८६७ | ८९.७८ | १९०३० | ८८.६१ |
| | | सानो मर्मत | | १५० | ४.१८ | ३४८ | ८.०८ | १९३९ | ९.०३ |
| | | ठूलो मर्मत | | १२ | ०.३३ | ३१ | ०.७२ | १६८ | ०.७८ |
| | | पुन: निर्माण | | १४ | ०.३९ | ६१ | १.४२ | ३३८ | १.५७ |
| ८ | धारामा फ्लोको अवस्था | सुचारु नभएको | पानी आउँदै नआउने | १७ | ०.४७ | ७१ | १.६५ | ४०१ | १.८७ |
| | | | पानी आउने तर पिउन, पकाउन र चर्पीमा प्रयोगको लागि पर्याप्त नभएको | २८ | ०.७८ | २८ | ०.६५ | १३० | ०.६१ |
| | | सुचारु | पिउन, पकाउन, र चर्पीमा प्रयोगको लागि पर्याप्त भएको | १०९ | ३.०४ | १०९ | २.५३ | ४७९ | २.२३ |
| | | | पिउन, पकाउन भाँडा सफा गर्न, चर्पीमा प्रयोग र नुहाउनको लागि पर्याप्त भएको | २३८२ | ६६.३३ | २६७४ | ६२.०८ | १३१०५ | ६१.०२ |
| | | | सबै दैनिक आवश्यकताहरूको लागि पर्याप्त भएको | १०५५ | २९.३८ | १४२५ | ३३.०९ | ७३६० | ३४.२७ |

### ३.१०.४. सुचारूपना र दिगोपना लेखाजोखा

शारदा नगरपालिकामा संचालनमा रहेका मौजुदा खानेपानी प्रणालीहरु मध्ये ८५.१९% खानेपानी प्रणालीहरूमा सुचारूपनाको जोखिम देखिन्न वा कम जोखिम देखिन्छ । त्यसै गरि ७२.७३% प्रणालीहरूमा दिगोपनाको जोखिम देखिन्न वा कम जोखिम देखिन्छ ।



**चित्र 3-8: सुचारूपनाको आधारमा सेवा प्राप्त जनसङ्ख्या**




**चित्र 3-9: दिगोपनाको आधारमा सेवा प्राप्त जनसङ्ख्या**

**तालिका 3-17: सुचारूपना र दिगोपना लेखाजोखा**

| सुचारूपना स्कोर | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **अवस्था** | **परामिति** | **सङ्ख्या** | **%** |
| १ | जम्मा | प्रणालीको सङ्ख्या | २८ | १०० |
| | | धाराको सङ्ख्या | ३५५१ | १०० |
| | | घरधुरी | ४२६७ | १०० |
| | | जनसङ्ख्या | २१३०७ | १०० |
| २ | स्कोर > ७० | प्रणालीको सङ्ख्या | २३ | ८५.१९ |
| | | धाराको सङ्ख्या | ३३७२ | ९४.९६ |
| | | घरधुरी | ४०४६ | ९४.८२ |
| | | जनसङ्ख्या | २०१०५ | ९४.३६ |
| ३ | स्कोर ६०-७० को बीचमा | प्रणालीको सङ्ख्या | १ | ३.७ |
| | | धाराको सङ्ख्या | ४ | ०.११ |
| | | घरधुरी | ४६ | १.०८ |
| | | जनसङ्ख्या | २४६ | १.१५ |
| ४ | स्कोर < ६० | प्रणालीको सङ्ख्या | ३ | ११.११ |
| | | धाराको सङ्ख्या | १७५ | ४.९३ |
| | | घरधुरी | १७५ | ४.१ |
| | | जनसङ्ख्या | ९५६ | ४.४९ |
| | | | | |
| **दिगोपना स्कोर** | | | | |
| **क्र.सं.** | **अवस्था** | **परामिति** | **सङ्ख्या** | **%** |
| १ | जम्मा | प्रणालीको सङ्ख्या | २२ | १०० |

| | | | | |
|---|---|---|---|---|
| | | धाराको सङ्ख्या | ३०७३ | १०० |
| | | घरधुरी | ३७८९ | १०० |
| | | जनसङ्ख्या | १९०६७ | १०० |
| २ | स्कोर > ७० | प्रणालीको सङ्ख्या | १६ | ७२.७३ |
| | | धाराको सङ्ख्या | २७०२ | ८७.९३ |
| | | घरधुरी | ३२४० | ८५.५१ |
| | | जनसङ्ख्या | १६१२८ | ८४.५९ |
| ३ | स्कोर ६० - ७० को बीचमा | प्रणालीको सङ्ख्या | १ | ४.५५ |
| | | धाराको सङ्ख्या | १३७ | ४.४६ |
| | | घरधुरी | १३७ | ३.६२ |
| | | जनसङ्ख्या | ६५९ | ३.४६ |
| ४ | स्कोर < ६० | प्रणालीको सङ्ख्या | ५ | २२.७३ |
| | | धाराको सङ्ख्या | २३४ | ७.६१ |
| | | घरधुरी | ४१२ | १०.८७ |
| | | जनसङ्ख्या | २२८० | ११.९६ |

प्रस्तुत लेखाजोखा पाइप खानेपानी प्रणालीको मात्र सुचारुपन र दीगोपनको (Functionalty and Sustainability-F&S) लेखाजोखा हो। अन्य प्रणालीहरू जस्तै ट्युवबेल, घरायसी चर्पी, संस्थागत शौचालय, मानव मल-मुत्रजन्य फोहोर सुविधाहरू, ठोस फोहोर व्यवस्थापन र ढल सञ्जाल सहितको फोहोरपानी प्रशोधन केन्द्रको सुचारूपना र दिगोपनाको लेखाजोखाको निम्ति नेपालको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रमा अहिलेसम्म सूचक, लेखाजोखा विधि र स्कोरिङ प्रणालीको विकास गरिएको छैन।

## ३.११. उपभोक्ता समितिको संस्थागत व्यवस्थापन र दीगोपनाको अवस्था

नगरपालिका भित्रका सवै खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा र आयोजनाहरूको सञ्चालन र व्यवस्थापन गर्ने पूर्ण जिम्मेवारी सम्वन्धित उपभोक्ता समिति वा संस्थाको हो भन्ने मान्यता अनुसार यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयार गरिएको हो । उपभोक्ता संस्थाको मुख्य जिम्मेवारीमा प्रणालीहरुको नियमित संचालन, कार्यालय सञ्चालन, मर्मत सम्भार, खानेपानीको महसुल निर्धारण र सङ्कलन, स्रोतहरूको खोजी र परिचालन, सेवाको गुणस्तर नियमन तथा खानेपानीको गुणस्तर नियमन समावेश गरिएको छ ।

तलको तालिकाले यस नगरपालिकामा उपभोक्ता संस्थाको संस्थागत विशेषताको सारांश प्रस्तुत गर्दछ ।

**तालिका 3-18: नगरपालिकामा उपभोक्ता संस्थाको संस्थागत विशेषता**

| क्र.सं. | सूचक | अवलोकन | |
|---|---|---|---|
| | | सङ्ख्या | % |
| १ | जम्मा प्रणालीहरूको सङ्ख्या | २८ | १०० |
| २ | जम्मा उपभोक्ता संस्था गठन सङ्ख्या | २४ | ८८.८९ |
| ३ | ३३% भन्दा बढी महिला प्रतिनिधि भएका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ० | ० |
| ४ | जिल्ला जलस्रोत समितिमा दर्ता उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | २१ | ७७.७८ |
| ५ | कार्यालय भवन भएका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ० | |
| ६ | मर्मत सम्भार कार्यकर्ता भएका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | २४ | ८८.८९ |
| ७ | मर्मत सेवा करारमा लिएका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ० | |
| ८ | आफै लेखा व्यवस्थापन गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | १९ | ७०.३७ |
| ९ | कर्मचारीबाट लेखा व्यवस्थापन गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्य | २ | ७.४१ |
| १० | नियमित बैठक सञ्चालन गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | २३ | ८५.१९ |
| ११ | नियमित साधारण सभा गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ६ | २२.२२ |
| १२ | महसुल सङ्कलन गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | २१ | ७७.७८ |
| १३ | लेखा परीक्षण गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ११ | ४०.७४ |
| १४ | बैकमा खाता सञ्चालन गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | १७ | ६२.९६ |
| १५ | खानेपानी प्रणालीको बीमा गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ० | ० |
| १६ | मर्मत कार्यकर्ताको लागि पर्याप्त औजार भएका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | १० | ३७.०४ |
| १७ | मर्मत कार्यकर्ताको लागि तलवको व्यवस्था गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | २० | ७४.०७ |
| १८ | औसत ७०% भन्दा कम सञ्चालन खर्च भएका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ८ | २९.६३ |
| १९ | मानक सञ्चालन कार्यविधि (SOP) तयार गरी कार्यान्वयन गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ७ | २५.९३ |

## ३.१२. सम्पत्तिको स्वामित्व

तलको तालिकाले नगरपालिकाभित्र खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) अवयवहरूको कूल मूल्य देखाउँछ। ती अवयवहरूको मूल्य वर्तमान लागतमा आधारित भइ गणना गरिएको छ । मर्मत आवश्यकताका सवै शर्तहरू सम्बोधन गरिएको छ र वास्तविक सम्पत्ति मूल्यबाट सोही अनुसार घटाइएको

छ। यसले सन् २०८१ को खुद सम्पत्ति मान प्रतिनिधित्व गर्दछ ।

**तालिका 3-19: खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) अवयवहरूको कूल मूल्य**

| क्र.सं. | अवयवहरू | सम्पत्तिको मूल्य (ने. रु) |
|---|---|---|
| १ | खानेपानी प्रणालीहरू | ८९१९५११६ |
| २ | ट्युवबेलहरू | ० |
| ३ | घरायसी चर्पीहरू | ३३१९८८९४२ |
| ४ | सरसफाइ सुविधाहरू | ३८२८८४ |
| ५ | विद्यालयमा वास | १६६५२०००० |
| ६ | स्वास्थ्य संस्थामा वास | ५४७७१९४५ |
| ७ | सार्वजनिक स्थलमा वास | ३१३५००० |
| | **जम्मा सम्पत्ति मूल्य** | **६४५९९३८८७** |

## ३.१३. खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) मा लगानी (Financing)

शारदा नगरपालिकाको वास क्षेत्रमा हालको लगानीको अवस्था हेर्दा कुल पुँजीगत खर्चमध्ये ३%-५% मात्र नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रमा लगानी गरेको देखियो ।

**तालिका 3-20: खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) मा लगानीको आवश्यकता**

| क्र.सं. | अवयवहरू | पहिलो वषर्मा जम्मा लगानी |
|---|---|---|
| १ | खानेपानी प्रणालीहरू | १०९९८५३०४ |
| २ | सरसफाइ र स्वच्छता | ८५०६२७८३ |
| ३ | संस्थाहरूमा वास (विद्यालय) | ४४१९४१३३ |
| ४ | संस्थाहरूमा वास (स्वास्थ्य संस्था) | १०८१८७२५ |
| ५ | सार्वजनिक स्थानहरूमा वास (सार्वजनिक शौचालय) | १०३४८३८२ |
| ६ | अन्य क्रियाकलापहरू | ७८८०००० |
| | **जम्मा** | **२६८२८९३२७** |

**खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) लगानी (Financing)**



**चित्र 3-10: खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) अवयवहरू**

## ३.१४. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका चुनौतीहरू र अन्तर (Gap)

### ३.१४.१. खानेपानी

नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रको समग्र बर्तमान अवस्था र राष्ट्रले सन् 2035 सम्म खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रमा प्राप्त गर्न राखेको लक्ष्यका आधारमा शारदा नगरपालिकाको चुनौती र अन्तर (Gap) निम्नअनुसार रहेको पाइयो।

- खानेपानी सेवाहरूको पहुँच ४६.११% रहेको जुन राष्ट्रिय कभरेज भन्दा कम रहेको छ ।
- सुचारूपना र दिगोपनाको समस्या रहेको देखिन्छ । **पाइप प्रणालीको खानेपानी सेवामा** ९७.५२% (३४.२७+६१.०२+२.२३) **धाराबाट सुचारु रुपमा पानी प्राप्त गरिरहेका छन् ।**
- धेरै जसो प्रणालीहरूमा खानेपानी गुणस्तरको समस्या छ र केवल ६६.६५% ले धमिलोपना नभएको पानी प्राप्त गरेका छन् ।
- व्यवस्थापन कार्यहरू पुरा गर्नका निम्ति ती खानेपानी प्रणालीहरूको व्यवस्थापान क्षमतामा सुधार गर्न आवश्यक छ ।

### ३.१४.२. सरसफाइ

सरसफाइको समग्र अवस्था, राष्ट्रिय लक्ष्य र सो का निम्ति चुनौतीहरु निम्नअनुसार छन् ।

- ग्रामीण क्षेत्रका धेरै चर्पीहरूको निर्माण अवस्था राम्रो छैन। चर्पीहरूको निर्माणमा आधारभूत सरसफाइ सेवाहरूको मापदण्ड पुरा गरिएको छैन, र ती चर्पीहरु सफा गर्न सकिने तवरले निर्माण भएका छैनन् । यसले फोहोरको सुरक्षित विसर्जन गर्ने अवस्थालाई पुरा गर्न कठीन हुन्छ ।
- नगरपालिकामा प्रभावकारी सरसफाइका निम्ति विभिन्न भौगोलिक क्षेत्रहरूको लागि उपयुक्त हुने किसिमको सरसफाइ चरणहरु पार गर्न आवस्यक सेवा तथा सुबिधाहरूको स्तर सुधार गर्न प्रविधिको विकल्पहरूमा चेतनाको अभाव छ ।
- सरसफाइ सेवा चक्रका विभिन्न चरणहरूमा सहयोग गर्ने भूमिकामा निजी क्षेत्रको सीमित क्षमता रहेको; उपयुक्त पूर्वाधार निर्माण, खाडल सफा तथा खाली गर्ने र यातायात सेवा लगायतमा क्षमताको कमी रहेको छ । जिल्लामा केवल एउटा सेप्टिक ट्यांक (सेसपूल) खाली गर्ने साधन उपलब्ध छ ।
- सहरी क्षेत्रमा सरसफाइको लागि पर्याप्त योजना नरहेको जुन जनसंख्या बृद्धि, मानव बस्तीको विस्तार र व्यावसायिक प्रतिष्ठानको मागसँग मेल खादैन र मिल्दैन । मानव मल-मुत्रजन्य फोहोर व्यवस्थापनको लागि संस्थागत व्यवस्था गर्ने क्षमता पनि कमजोर देखिन्छ।
- घरायसी स्तरमा साबुन सहितको हात धुने बानी एकदम कम पाइयो । ७४% भन्दा कम घरपरिवारले मात्र पानी र साबुन सहितको हात धुने सुविधाहरूसँग सरसफाइ सुविधाहरू सुधार गरेको पाइयो ।

### ३.१४.३. **संस्थागत** खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व)

नगरपालिका भित्रका संस्थागत खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) को बर्तमान अवस्था र चुनौती तथा ग्यापको स्थिती निम्नानुसार रहेको छ ।

- केही विद्यालय र स्वास्थ्य संस्थाहरूमा आधारभूत स्तरको खानेपानी सेवाको पहुँचमा कमी छ ।
- धेरै जसो विद्यालयहरूमा छात्रको लागि छुट्टै वास कोठा र महिनावारी व्यवस्थापनको प्याडलाई सुरक्षित विसर्जन गर्नको लागि सुविधाहरूको कमी छ ।
- प्रायः विद्यालयहरूमा सुचारु हात धुने सुविधाहरूको कमी छ ।

## ३.१५. जलवायु परिवर्तनका असरहरु, विपद जोखिम व्यवस्थापन र चुनौतीहरू

शारदा नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना निर्माण क्रममा गरिएको अध्ययन तथा वडा स्तरमा गरिएको सहभागितात्मक छलफलबाट यस नगर क्षेत्रको प्रमुख बिपद जोखिमको रुपमा बाढीपहिरो, हावाहुरी, आगलागी, असीना, चट्याङ, खडेरी, रोगको माहामारी, जंगली जनावरको आतंक आदि आएका थिए । खानेपानी, सरसफाइ र स्वच्छताका क्षेत्रमा त्यस्ता विपदहरुले गम्भीर असर गर्ने गरेका छन् । यस सम्वन्धि विवरणलाई विश्लेशण गर्दा जनसंख्या बृद्दी, बस्ती विस्तार आदीका कारण बाढी, पहिरो र आगलागीका घटनाहरु वर्षेनी वढ्ने गरेको र यसबाट ठूलो मात्रामा धनजनको क्षति पुग्ने गरेको देखिन्छ । त्यसै गरि महामारी सम्वन्धि घटनाहरु विगतका वर्षहरुमा थोरथोर भइरहने गरे पनि नगरपालिका र सिङ्गो देश नै खुला दिसामुक्त भइसकेको र यहाँका वासिन्दाहरको सफा र सुरक्षित खानेपानीमा पहुँच बृद्दी भइरहेको कारणबाट हाल त्यस्ता पानीजन्य महामारिमा कमि आएको छ । नगरपालिकाले बिपद सम्वन्धी पूरवतयारी र विपद व्यवस्थापनको क्षेत्रमा ध्यान केन्द्रीत गरि सोका लागि बिपद् जोखिम व्यवस्थापन योजना ।

यस नगरपालिका क्षेत्रमा बिपद जस्तै भूकम्प, बाढीपहिरो आउँदा मानव वस्तीमा उद्दार कार्य गर्न र मानिसहरुलाई सुरक्षित स्थानमा सार्नका लागि खुल्ला क्षेत्र तोकिएको पाइएको छ । समग्र जिल्लामा जस्तै यस नगरपालिकामा पनि जलवायू परिवर्तनको असरहरू देखिन थालेको बताइन्छ । प्रमुख रुपमा खानेपानीको मुख्य स्रोतको रुपमा रहेको सतहि तथा भूमीगत स्रोतको पानीको सतह र मात्रा घटेको, अतिबृष्टी र अनाबृष्टी आदि कारणले बाढीका साथै खडेरी जस्ता समस्याहरु क्रमशः बढेका छन् । जलवायू अनुकूलनका लागि योजनाबद्ध तवरबाट नगरपालिकामा खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार आयोजना कार्यक्रमको शुरुवात भएको छ।

## ३.१६. हालका सुविधाहरूको सूची

नगरपालिका भित्र रहेका मौजुदा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सुबिधाहरु छुट्टाछुट्टै सूची निम्न अनुसूचीहरूमा उल्लेख गरिएका छन्। अनुसूचीमा उल्लेख गरिएका सूचिहरुमा खानेपानीका मौजुदा आयोजनाहरुको नाम, स्थान, ती आयोजनाहरुले सेवा पुर्याएको जनसंख्या र ती आयोजनाहरुको बर्तमान अवस्था, निर्माण मिति आदी तथ्याङ्क हरु उपलब्ध छन् । त्यसै गरि सरसफाइ सम्बन्धि गतिबिधि, कृयाकलाप र आयोजनाहरु, सार्वजनिक शौचालयहरु, तिनीहरुको बर्तमान अवस्था आदि सरसफाइ अनुसूचीमा उपलब्ध छन् । संस्थागत सरसफाइको अनुसूचिमा बिध्यालय तथा स्वास्थ संस्थाहरुको शौचालय तथा अन्य सरसफाइ सेवा सुबिधाहरुको बर्तमान अवस्थार मर्मत संभारको स्थिति बारेमा तथ्यांकहरु उपलब्ध छन् ।

| सुविधाहरू | अनुसूची |
|---|---|
| खानेपानी आयोजनाहरु | Annex A |
| सरसफाइ संरचना, सेवा र सुबिधाहरु (सार्वजनिक शौचालयहरु) | Annex B |
| शैक्षिक संस्था (बिध्यालय आदी) का शौचालय तथा सरसफाइ सेवा | Annex C |
| स्वास्थ संस्थाहरुका शौचालय तथा सरसफाइ सेवा | Annex D |
| मानव मल-मुत्रजन्य फोहोर व्यवस्थापन गतिविधि र संरचनाहरु | Annex E |
| ठोस फोहोर व्यवस्थापन गतिविधि र संरचनाहरु | Annex A |
| फोहोरपानी प्रशोधन केन्द्र सहितको ढल सञ्जाल | Annex B |

# ४.योजना, प्रक्षेपण र लागत

यस खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको प्रमुख लक्ष्य सन् 2035 भित्र नगरपालिकाका सवै क्षेत्र र वासिन्दाहरुमा खानेपानी र सरसफाइको सुरक्षित र सहज उपलब्धताका निम्ति योजनाबद्ध मार्गदर्शन प्रदान गर्नु हो । यस शारदा नगरपालिकाले तयार पारेको यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको सोच र परिलक्ष्य पनि सोहि अनुरुप तय गरिऐको छ । यस योजनाको दूरद्रृष्टी सोच (Vision) नगरपालिकामा बसोबास गर्ने हरेक नागरिकका लागि सुरक्षित, पर्याप्त, सर्वसुलभ, स्विकार्य र किफायति खानेपानी तथा सरसफाइका सेवाहरु मार्फत जनस्वास्थ र जीवनस्तरमा सुधार ल्याउनु रहेको छ । यस योजनाले नगरपालिकामा पारदर्शि, प्रविधिमैत्री र उपभोक्ता मैत्री खानेपानी, सरसफाइ र स्वच्छताका कार्यक्रमहरु संचालन गरि सन् 2035 सम्ममा मध्यम तथा उच्च स्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा प्रदान गर्न सहयोग गर्नेछ ।

## ४.१. योजनाहरुको पहिचान

नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको लागि मोवाइल एप्समा आधारित योजना तर्जुमा औजार NWASH MIS को प्रयोग गरि तथ्यांक तथा सूचनाहरु संकलन गरिएको थियो । यो कम्पुटरमा आधारित 'इनबिल्ट योजना तर्जुमा औजार' ले नगरपालिकाभरि सर्वेक्षण अवधिमा सर्वेक्षक वा गणकहरुले तथ्यांक संकलन गरि प्रविष्ट गरे अनुसार मौजुदा योजनाहरुको यथास्थिति र आउँदा बर्षहरुका लागि योजना तयार गर्दछ (१.५ हेर्नुहोस्) । १.५.२ मा वर्णन गरे अनुसार ३१ जनवरी २०२४ मा सरोकारवालाहरूको रणनीतिक योजना तर्जुमा कार्यशाला सम्पन्न भएको थियो । यो कार्यशालाले निम्न कृयाकलापहरु निर्धारण गर्यो ।

१. नगरपालिकाको आवश्यकता अनुसार खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) आयोजनाहरूको प्राथमिकीकरण गरियो । जब खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तर्जुमा औजारमा प्राथमिकता तोकिन्छ, यसले स्वचालित रूपमा विस्तृत गतिविधिहरू र 2025-2035 सम्मको लागि यी गतिविधिहरू सम्पन्न गर्न वित्तीय आवश्यकता निर्धारण गर्दछ ।

२. विद्यालय र सार्वजनिक स्थानहरूको हकमा आवश्यकता अनुसारको (Desired) सेवा स्तर (उन्नत वा आधारभूत) तय गरियो ।

३. नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रको निम्न विषयमा क्षमताको आकलन गरियो; क) महसुल र शुल्क ख) स्व-लगानी ग) कर घ) हस्तान्तरण

४. यस अवधिको लागि वित्तीय लगानीको अनुमान गरी र अपुग लगानीलाई पूर्ति गर्ने मार्गहरूको रूपमा व्यापार, सेयर, इक्विटी, बन्ड्सको मार्फत पूर्ति गर्ने गरि निर्धारण गरियो।

बिस्तृत अध्ययनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना औजार (http://nwash.gov.np/dashboard) मा उपलब्ध छ ।

### ४.१.१. नयाँ खानेपानी आयोजनाहरुको पहिचान र प्राथमिकता निर्धारण

समुदाय स्तरबाट माग भएका, लक्षित स्तरको खानेपानी सेवा पुर्याउन आवश्यक देखिएका र पहिचान भएका नयाँ खानेपानी आयोजनाहरुको दीर्घ सूचि (long-list) तयार गरि वडा र पालिका स्तरमा प्रस्तुत गरि प्राथमिकता निर्धारणको निर्धारित मापदण्डलाई पालन गरि सहभागितामूलक छलफलका आधारमा ती कार्वान्वयनमुखि आयोजनाहरुको प्राथमिकता कायम गरियो ।

प्राथमिकता निर्धारण सहित ती प्रस्तावित आयोजनाहरुलाई अति उच्च, उच्च, मध्यम र न्यून प्राथमिकता क्रम छुट्ट्याउन का लागि एक निस्चित सूचक र मापदण्ड सहितको मार्गदर्शन यहि खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयारिको सिलसिलामा नै तयार गरिएको थियो । सोही मार्गदर्शनको आधारमा यी सवै खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सेवा, सुबिधा तथा संरचनाहरुको प्राथमिकता निर्धारण गरिएको थियो । प्राथमिकताका सूचकहरुमा विशेष गरि त्यसमा लाग्ने लागत, सेवा प्राप्त गर्ने जनसंख्याको विशेषता र गरिवि स्तर आदी रहेका छन ।

यसरी कायम भएको आयोजनाहरूको प्राथमिकताको सारांश तल दिइएको छ। प्रत्येक आयोजनाको प्राथमिकताको विस्तृत सूचि अनुसूची Appendix B मा हेर्न सकिने छ। अनुसूचीमा भएका हरेक आयोजनाहरुको प्राथमिक विवरणहरु जस्तै ती आयोजनाहरुको प्रस्तावित नाम, प्रस्तावित स्थल, सेवाको किसिम, सम्भावित लाभान्वित जनसंख्या र मोटामोटी लागत पनि त्यसमा हेर्न सकिन्छ ।

**तालिका 4-21: आयोजनाहरुको प्राथमिकता**

| क्र.सं. | क्षेत्र | एकाइ | अति उच्च | उच्च | मध्यम | न्यून | जम्मा |
|---|---|---|---|---|---|---|---|
| अ. | खानेपानी प्रणाली | | | | | | |
| अ.१ | हालका खानेपानी आयोजना | सङ्ख्या | १५ | १० | १ | २ | २८ |
| अ.२ | नयाँ खानेपानी आयोजना | सङ्ख्या | ३ | २ | ० | ० | ५ |
| अ.३ | निर्माणाधिन | सङ्ख्या | ४ | १ | ० | ० | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खानेपानी आयोजना | | | | | | |
| अ.४ | हालका ट्युवबेलहरू (उच्च प्राथमिकता) | % | ० | | | | ० |
नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि कृयाकलाप संचालन गर्दा सवै सरकारी तथा गैर सरकारी संघ संस्था र सरोकारवालाहरुले नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका रणनिती र मान्यताहरुलाई अवलम्वन गर्नुपर्नेछ । योजनाको समग्र निरीक्षण र कार्यान्वयनको लागि नगरपालिका कार्यपालिका नगरपालिकाको शीर्ष राजनीतिक अङ्ग हुने छ । जसले नगरपालिकामा संचालित कुनै पनि खानेपानी, सरसफाइ र स्वच्छताका कार्यक्रम नेपाल सरकारको खानेपानी, सरसफाइ र स्वच्छता सम्वन्धि नीति, नियम र स्थानिय सरकार संचालन ऐन, २०७४ अनुरुप संचालन गर्ने सुनिश्चितता एबं सहजीकरण गर्नेछ । उपभोक्ता समितिहरू योजना कार्यान्वयन, अनुगमन र सिकाइ अनुकूलन गर्न र प्रत्यक्ष रूपमा सहयोग गर्नको लागि तथा वाह्य बजेट स्रोत परिचालन गर्न जिम्मेवार हुनेछन् । उनीहरुले #MunType को वास क्षेत्रका साझेदारहरूलाई आकर्षित गर्न सम्वन्धित संयन्त्र मार्फत जिल्ला भित्र र बाहिर योजनाको प्रबर्धन र प्रसारमा सहयोग पुऱ्याउँने छन् । नगरपालिकाले आफ्नो नगरभित्र यो खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको समुचित कार्वान्वयन र अनुगमन सहयोग र समन्वयका लागि आवश्यकता अनुसार नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति पनि गठन गर्न सक्नेछ ।

## ५.२. क्षेत्रगत निकायहरूको भूमिका र जिम्मेवारीहरू

खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको समुचित कार्यान्वयन, परिमार्जन र अनुगमन तथा व्यवस्थापनका लागि डिजाइन गरीएको तलको तालिकामा प्रस्तुत म्याट्रिक्सले नगरपालिकालाई वास योजनाको उपयोगको सम्बन्धमा र योजनाको तोकिएको जिम्मेवारीका सम्वन्धमा मार्गदर्शन प्रदान गर्नेछ । यो म्याट्रिक्स सबै योजनाहरुको व्यवसाय अभ्यासहरूको विस्तृत सूची चाहिँ हैन । यस म्याट्रिक्सको उद्देश्य सम्वन्धित विभाग वा व्यक्तिलाई उल्लेखित क्रियाकलापहरुमा जिम्मेवारी सहित नियुक्ति गर्नु, भूमिका र जिम्मेवारीहरू परिभाषित गर्नु र समूहहरू बीचको अन्तरसम्बन्ध परिभाषित गर्नु हो । यो म्याट्रिक्सले विस्तृत स्रोतको विनियोजन वा तालिका तयार गर्नमा पनि मद्दत गर्दछ ।

तल तालिकामा उल्लेखित क्षेत्रगत निकायहरूले मुख्यतः नगरपालिकाको खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना कार्यान्वयन, अनुगमन र आवधिक परीमार्जनमा आ-आफ्ना भूमिका र जिम्मेवारीहरूको ब्याख्या सहित परिभाषित गर्नेछन् । सोही अनुसार आफु विचको संचार-संयन्त्रको स्थापना, सुधार र नियमन सहित योजना कार्यान्वयनमा देखिन सक्ने वा देखिएका कमी कमजोरी (Gaps) हटाउन या पूर्ती गर्न पनि सम्वन्धित क्षेत्रगत निकायहरू सकृय भै लागि पर्नु पर्ने हुन्छ । आ-आफ्नो जबाफदेहिता (Accountability) को निश्चितता कायम गर्ने र स्रोतहरूको पहिचान गर्ने तथा क्षेत्रगत निकायहरू बीचको अन्तर-कार्यात्मक अन्तरक्रिया (Cross-functional Interaction) लाई स्पष्ट पार्ने र सुदृढ गराउने कार्य पनि यसै अन्तर्गत पर्दछ।

ब्याख्या:

| | |
|---|---|
| ●●● | सबल भूमिका र जिम्मेवारी: कार्य सम्पन्नता र कार्यान्वयका लागि नेतृत्वदायी भूमिकामा उत्तरदायी तथा प्रभावकारी रूपमा कार्यहरू गर्नका लागि जिम्मेवार र कार्यको नेतृत्व लिन तथा प्राप्त गर्न दृढ प्रतिबद्धता र क्षमता प्रदर्शन गर्ने |
| ●● | मध्यम भूमिका र जिम्मेवारी: कार्य सम्पन्नता र कार्यान्वयका लागि जिम्मेवारी तथा प्रतिबद्धता; वित्तीय स्रोत परिचालन र व्यवस्थापन क्षमताका केही कमजोरीहरूको बाबजुद् यी क्षेत्रगत निकायहरूले सकृय रुपमा कार्य गर्नेछन् र तोकिएको कार्यको सफल परिणाम निकाल्ने अपेक्षा गरिएको छ । |
| ● | साधारण भूमिका र जिम्मेवारी: काममा सहयोग गर्ने सहयोगी भूमिकामा यी क्षेत्रगत निकायहरू हुनेछन् र यसवाट विस्तृत वा पर्याप्त परिणामहरू अपेक्षा गर्न सकिँदैन । |

| क्र.सं. | खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना कार्यान्वयनका मुख्य कार्यहरू | क्षेत्रगत निकायहरू | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय योजना आयोग | अर्थ मन्त्रालय | नगरपालिका | वाससँग सम्बन्धित मन्त्रालयहरू | खापाढ्यवि | खापासडिका | नगरपालिकाको वास एकाइ | आइएनजिओ | एनजिओ | उपभोक्ता संस्था | डिवाससिसी | डिसिसी | दातृ निकायहरू | केन्द्रीय स्तरका निकायहरू | जिल्ला स्तरका निकायहरू | औपचारिक तथा अनौपचारिक जमघट | व्यक्तिगत वास व्यावसायिक | उपभोक्ताहरू | नागरिक समाज | शैक्षिक संस्थाहरू | तेस्रो पक्ष |
| १ | योजना, नीति, रणनीतिहरूको समीक्षा गर्ने र अद्यावधि खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनामा समावेश गरी सुझाव दिने | •• • | | | | | | | | | | | | | | | | | | | | |
| २ | बजेट विनियोजन तथा कार्यान्वयन गर्ने निकायहरूलाई निकासा दिने र दातृ निकायहरूसँग समन्वय गर्ने र अपुग स्रोतलाई सम्बोधन गर्ने | | •• • | | | | | | | | | | | | | | | | | | | |
| ३ | योजना तर्जुमाका मुद्दामा मन्त्रालयहरू बीचमा समन्वय गर्ने | | | •• • | | | | | | | | | | | | | | | | | | |
| ४ | खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको स्वामित्व लिने; वास योजना कार्यान्वयनको लागि नेतृत्व लिने, प्रवर्द्धक र नियामक निकाय समेतको भूमिका खेल्ने; खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनालाई सही, पहुँचयोग्य, सान्दर्भिक र समयमै कार्यान्वयन गर्न हरसम्भव प्रयास गर्ने | | | •• • | | | | •• • | | | | | | | | | | | | | | |
| ५ | NWASM MIS प्रणालीको को सञ्चालन; दैनिक सञ्चालन, प्रणालीको अद्यावधि र प्रणालीको अनुकूलन तथा Introduction of Latest ICT Innovations | | | •• • | | | | | | | | | | | | | | | | | | |
| ६ | खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनालाई कार्यक्रम कार्यान्वयनको एकीकृत भागको रूपमा मान्यता दिने; यो NWASH योजनालाई निर्णय प्रक्रियाको उद्देश्यसँग जोड्ने | | | •• • | •• • | •• • | •• • | •• • | •• • | •• • | •• • | •• • | •• • | •• • | •• • | •• • | •• • | •• • | •• • | •• • | •• • | •• • |

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनालाई नगरपालिकाको एक मात्र खासस्व योजनाको रूपमा मान्यता दिने र योजनाको संस्थागत रूपमा स्वामित्व लिने, कार्यान्वियनको लागि प्रतिबद्ध हुने र पूर्ण क्षमतामा कार्यान्वियन गर्ने | | | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• |
| ८ | खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) एकाइ स्थापना गर्ने, संस्थागत मान्यता दिने, योजना कार्यान्वियनका लागि भूमिका र जिम्मेवारी तयारी गर्ने र नीतिसँग मिलान (Align) गर्ने | | | ••• | ••• | ••• | ••• | ••• | •• | •• | ••• | | ••• | •• | •• | •• | | | | | • | |
| ९ | तथ्याङ्क सङ्कलन र अद्यावधि गर्ने | | | | | • | ••• | ••• | ••• | ••• | ••• | | | | | •• | | | | | | |
| १० | वित्तीय/स्रोतको विनियोजन (प्रत्येक वर्ष योजना तर्जुमाको लागि बजेट विनियोजन गर्ने) | | | ••• | •• | ••• | • | | • | • | • | | •• | ••• | •• | •• | | | | | | |
| ११ | खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको प्रवर्द्धन र दृश्यतामा वृद्धि गर्ने | | | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | |
| १२ | सिकाई आदान प्रदान तथा अध्ययन | | | ••• | •• | ••• | •• | ••• | •• | •• | • | ••• | ••• | •• | •• | •• | ••• | •• | | •• | •• | |
| १३ | खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना कार्यान्वियनको लागि सञ्जाल विस्तार, साझेदारी र समन्वय गर्ने | | | ••• | •• | ••• | ••• | ••• | ••• | ••• | •• | ••• | ••• | ••• | •• | •• | ••• | •• | | • | •• | |
| १४ | खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना तर्जुमामा क्षमता अभिवृद्धि गर्ने | | | ••• | •• | ••• | ••• | •• | ••• | ••• | | •• | •• | ••• | •• | •• | •• | | | | ••• | |
| १५ | खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना कार्यान्वियनको लागि सञ्चारको प्रवर्द्धन, पैरवी, माग बढाउने | | | ••• | •• | ••• | ••• | •• | ••• | ••• | •• | ••• | ••• | ••• | •• | •• | | | | ••• | ••• | |
| १६ | सहयोगात्मक/ सहभागितात्मक अनुगमन गर्ने | | | ••• | ••• | ••• | | | ••• | | | • | | ••• | | | | | | | | |
| १७ | खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनासँग सम्बन्धित सूचना प्रचार प्रसार गर्ने | | | ••• | •• | ••• | ••• | ••• | ••• | ••• | • | ••• | ••• | ••• | •• | •• | | | | | | |
| १८ | खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको लागत संशोधन गर्ने, क्षेत्रगत निकायहरूसँग स्रोत र क्षमता अभिवृद्धि गर्न प्रतिबद्धता लिने | | | ••• | | | | | | | | | | | | | | | | | | |
| १९ | खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनामा पारदर्शीता प्रवर्द्धन गर्ने, सूचनामा पहुँच, निष्पक्ष र सन्तुलित रिपोर्टिङ्ग गर्ने | | | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• | ••• |

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको राम्रो उपयोग गर्नेलाई मान्यता दिने, सरकारी स्तरमा र निकायगत स्तरमा मान्यता दिने | | | •••| •• | •• | •• | •• | •• | •• | •• | •• | •• | •• | •• | •• | •• | •• | •• | | | •• |
| २१ | नयाँ योजनालाई NWASH MIS मा प्रविष्ट गर्न जोड गर्ने, यदि प्रविष्ट नगरेमा सम्पन्न भएको मान्यता नदिने | | | ••• | | | | | | | | | | | | | | | | | | |
| २२ | रिपोर्टिङ्ग माध्यम परिभाषित गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास लक्ष्यसँग (जस्तै:SDG) पङ्क्तिबद्ध गर्न सञ्चार प्रोटोकल तयार गर्ने | | | ••• | | | | | | | | | | | | | | | | | | |

## ५.३. संस्थागत संरचना र क्षमता अभीवृद्धिका योजनाहरु

### ५.३.१. नगरपालिकाको खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) संरचना

राज्य पुनर्संरचना पछिको वर्तमान अवस्थामा हरेक नगरपालिकामा झैं शारदा नगरपालिकामा पनि वास लगायत अन्य विकास निर्माणका कार्यक्रम योजना गर्न, विनियोजित बजेट अनुरुपको क्रियाकलापहरु संचालन गर्नका निम्ति स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम एक निश्चित संगठनात्मक स्वरुप रहेको छ । सामान्यतया हालको अभ्यास खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमहरु पूर्वाधार विकास र वातावरण व्यवस्थापन शाखा अन्तर्गत संचालन गर्ने देखिन्छ ।

खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमका लागि खानेपानी तथा सरसफाई शाखा छुट्टै संरचना बनि सकेको र खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) कार्यक्रम समन्वय गर्न  नगरपालिकाद्वारा एक जना फोकल व्यक्ति तोकेर कार्य संचालन हुँदै आइरहेको छ । कार्यक्रममा सहयोगका लागि प्रशासन, योजना तथा अनुगमान शाखा अन्तर्गतको योजना तथा अनुगमन उप-शाखाका प्रविधिकहरु पनि रहेका छन् । खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना वास नगरपालिका सहयोगी टीम वास क्षेत्रमा काम गर्ने विकास साझेदार संस्थाहरु गरी करिब ८ जना  र नगरपालिका अन्तर्गत ६ जना कर्मचारी रहेर खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा नगरपालिका भरिनै सेवा दिइरहेको अवस्था पनि छ ।

आगामी दिनमा भने खानेपानी सरसफाइ तथा स्वच्छता कार्यक्रमका लागि संघीय सामान्य प्रशासन मन्त्रालय बाट स्विकृती लिई त्यसलाई साधन श्रोत सम्पन्न गरेर अगाडि वढ्नुपर्ने आवश्यकता देखिन्छ । सोहि अनुरुप नगरपालिकाले यथासक्य चाँडो खासस्वको प्रभावकारी कार्यान्वियनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) वा वास शाखाको स्थापना तथा जिम्मेवार कर्मचारीको व्यवस्थापन गरी त्यसलाई साधन स्रोत सम्पन्न गरेर अगाडी वढ्ने नीति लिएको छ ।  यसका लागि आवस्यक संस्थागत संरचना, श्रोत र साधन तथा व्यवस्थापनका लागि यस वास योजनामा नै एक संरचनाको प्रस्ताव गरिएको छ ।

### ५.३.२. नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) कोष

नगरपालिकामा नगर कार्यपालिका वा सो ले तोकेको नगरस्तरीय खासस्व समन्वय समितिको रोहवरमा एक खासस्व कोषको स्थापना गरिने छ । उक्त कोषमा खासस्व क्षेत्रमा कार्यक्रम संचालन गर्न चाहने अन्य संघ संस्थाहरुको सहयोग लगायत अन्य पहिचान भएका श्रोत तथा सहयोगको अपेक्षा गरिएको छ । सो कोषको रकम केवल खानेपानी, सरसफाइ र स्वच्छता प्रबर्द्धनमा मात्र खर्च गरिने छ । नगर कार्यपालिकाले आँफै वा आफ्नो निर्देशनमा खासस्व समन्वय समितिले सो कोष संचालन निर्देशिका एक वर्षभित्र तयार गरि कोषको परिचालन तथा व्यवस्थापन गर्नेछ ।

### ५.३.३. संस्थागत क्षमता अभिवृद्धि

नगरपालिकामा खानेपानी,सरसफाइ र स्वच्छता प्रबर्द्धनका लागि नगरपालिका र नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) शाखाको शाखा लगायत उपभोक्ता समिति र अन्य सम्वन्धित संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धिका लागि नियमित रुपमा क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनु अत्यन्तै आवश्यक पर्छ । यसका लागि  नगरपालिकाको संरचनागत क्षमता अभिवृद्धिका आववश्यकताहरुको पहिचान गरिनु जरुरी हुन्छ । सीप हस्तान्तरण, प्रविधि मैत्री ज्ञान र प्रवृत्ति उन्मुख तालिम लगायत विभिन्न किसिमका सचेतनामूलक कृयाकलापहरु क्षमता अभिवृद्धिका लागि अबलम्वन गरिनु पर्ने उपायहरु हुन्।

सामन्यतया नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धिका लागि निम्न कार्यक्रमहरुको नियमित र आवधिक रुपमा योजना गर्न, संचालन र व्यवस्थापन गर्न आवश्यक छ ।

- तालीम, कार्यशाला र सेमिनार
  - खानेपानी इन्जिनियर, सव इन्जिनियर, प्लम्बर, खानेपानी तथा सरसफाइ टेक्निसियन (खापासटे), ग्रामिण मर्मत कार्यकर्ता (भिएमडब्लु) तथा अन्य प्राबिधिकहरुका लागि समकालिन खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना प्रबिधि सम्बन्धि तालिम
  - वास निरिक्षक, सरसफाइ कार्यकर्ता, महिला कार्यकर्ता तथा नगरपालिकाको वास संग सम्बन्धित कर्मचारि हरुका लागि सचेतना मूलक तालिम
  - उपभोक्ता समितिका पदाधिकारी, कर्मचारि तथा अन्य सेवासंग सम्बन्धितहरुका लागि व्यवस्थापन, नेतृत्व विकास, सीप तथा क्षमता अभिवृद्धिका तालीम
  - लेखा पालन र लेखा व्यवस्थापन तालिमहरु
  - महिला पदाधिकारिहरुका लागि नेतृत्व विकास तथा आयोजना व्यवस्थापन सम्बन्धि तालिम
  - लैङ्गिग समानता र सामाजिक समावेसिता सम्बन्धि तालिमहरु
  - जलवायु परिवर्तन, विपद व्यवस्थापन र आपतकालिन अवस्थामा खानेपान, सरसफाइ तथा स्वच्छता आयोजनाहरुको संचालनर व्यवस्थापनका उपाय, सीप तथा तयारी सम्वन्धि तालिमहरु
  - NWASH MIS को प्रयोग, प्रभावकारि उपयोग, संचालन र अद्ध्यावधिक गर्नका लागि प्रविण वनाउन सम्वन्धित प्राविधिक, सर्वेक्षक वा गणकहरुका लागि तालिम
  - WASH Plan परिमार्जनका लागि खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) शाखाका कर्मचारी,प्राविधिक र वास वास निरिक्षकका लागि तालिम
  - नगरपालिका का पदाधिकारीहरुका लागि आवधिक अद्ध्यावधिक र प्रगति समिक्षा सम्बन्धि कार्यशाला, गोष्ठि र सेमिनारहरु
  - उपभोक्ता समितिका पदाधिकारी लागि खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना अद्ध्यावधिक र सर्वे क्षणबाट प्राप्त सूचना र तथ्यांकहरुको प्रस्तुति सहित कार्यशाला, गोष्ठि र सेमिनारहरु
  - खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) कर्मचारी तथा प्राविधिकहरुको लागि प्रशिक्षक प्रशिक्षण तालीम

- समुदाय र संस्थागत सचेतनामूलक कार्यक्रम
  - समुदाय स्तरमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरु, खानेपानी मूल संरक्षण, खानेपानीलाई शुद्द वनाउने उपायहरु, फोहोर व्यवस्थापनका अभ्यास तथा उपायहरु, पूर्ण सरसफाइका सूचकहरु सम्बन्धि समुदायमा जानकारि र सचेतना आदि
  - विभिन्न दिवसहरु मनाउने र त्यो अवसरलाई समुदायस्तरमा चेतनामूलक सन्देशहरु प्रवाह गर्न उपयोग गर्ने ।
  - वार्ड स्तरमा जनप्रतिनिधिहरुसंग खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना र यसका तथ्यांक तथा सूचनाहरु प्रस्तुतिकरण र सो योजनाको समुचित उपयोग सम्वन्धि सचेतनामूलक कार्यक्रमहरु
- परीक्षण कार्यक्रमहरु
  - पानी परीक्षण (पानी पिउन योग्य छ छैन) र सो सम्बन्धी तालीमहरु
  - आयोजना सम्पन्न भएपछि र कार्यान्वयन चरणमै पनि गरिने सार्वजनिक सुनुवाइ, सार्वजनिक सामाजिक अडिट (Public Social Audit)
- सरसफाइप्रदर्शनी,महोत्सव
  - विभिन्न दीवस, उत्सव तथा महोत्सवहरुमा गरिने प्रदर्शनी

- सरसफाइ रेली (Rally) आदी

- अवलोकन भ्रमण
  - खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा उदाहरणीय भएका स्थल तथा आयोजनाहरुको अवलोकन भ्रमण (उपभोक्ता समिति पदाधिकारी तथा नगरपालिका पदाधिकारीहरुका लागि)
- स्व- लेखाजोखा अभ्यास
  - समुदायसंगको सम्बन्ध र समुदायमा तथ्यांक तथा सूचनाहरु संकलन गर्न आवश्यक पर्ने विभिन्न किसिमका तालिमहरु; जस्तै- सहभागितामूलक लेखाजोखा, प्रभावकारी संचार र वार्ता तथा संझौता सीप, नेतृत्व विकास आदी

## ५.४. अनुगमन संयन्त्रको स्थापना र नियमित अनुगमन योजना

नगरपालिका र वडा तहमा यो खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना कार्यान्वयन र अनुगमनका निम्ति एक अनुगमन प्रणाली स्थापना गरिनेछ । नगरपालिका तहका खासस्व कृयाकलापहरुका आवधिक अनुगमान गर्ने जिम्मेवारीका लागि नगर कार्यपालिकाले वा नगर स्तरीय खासस्व समन्वय समितिले एक अनुगमन कार्यदल गठन गर्न सक्नेछ । सोही अनुरुप वडा र समुदायस्तरमा पनि कार्यदल गठन गर्न सकिनेछ । कार्यदलमा वडाका जनप्रतिनिधि सहित राजनितिक दलका सदस्य, नागरिक समाज, शिक्षा, स्वास्थ एवं संचार क्षेत्रबाट आवश्यक प्रतिनीधि समावेस हुन सक्नेछन् ।

अनुगमनका लागि गठीत समन्वय समिति वा कार्यदलले खासस्व योजनामा समावेस कृयाकलापहरुको लेखाजोखा तथा अवलोकन गर्नेछ । यसका लागि खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रम अनुगमनका उद्धेश्य, प्रकृया तथा प्रभाव सम्वन्धि आधारभूत सूचकहरुको विकास गरिएको छ । अनुगमन सूचकहरु खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धि नीति, नियम, मार्गदर्शन, खासस्व संरचना र सम्वन्धित योजनाको उद्देश्य र कार्यपद्दतिका आधारमा तयार गरिएका हुन् । नगरपालिका, स्थानिय उपभोक्ता समिति, उपभोक्ता तथा अन्य निकायहरुद्वारा संचालित खासस्व कृयाकलापहरुको अनुगमन नागरिक समाज लगायतको उपस्थितिमा गरिनेछ ।

अनुगमन तथा मूल्याङ्कनका विधिहरुमा स्वःअनुगमन, सहभागितात्मक अनुगमन र संयुक्त अनुगमन आदि अवलम्वन गरिनेछ । कार्यक्रम सञ्चालन गर्ने अन्य निकाय, विकास साझेदार वा वाहृय संस्थाहरूबाट सेवा लिई संचालन गरिएको कार्यक्रमले पारेको प्रभावको मूल्याङ्कन पनि समय समयमा गरिनेछ । मूल्याङ्कनको सन्दर्भमा आयोजनाको उद्देश्य र समयावधिको आधारमा मध्यावधि तथा अन्तिम मुल्याङ्न कृयाकलापहरु पनि अनुगमनकै विधि तथा पद्दति अनुरुप गरिनेछ।

खासस्व योजना कार्यान्वयन अनुगमन मुख्यतः तीन तहको हुनेछ ।

- समुदाय स्तरः समुदाय आँफै, संघ संस्थाहरु जस्तै विद्यालय, सार्वजनिक शौचालय संचालन वा व्यवस्थापन समिति, स्वास्थ संस्थाहरु
- वडास्तरः वडा जनप्रतिनीधि वा वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति
- नगरपालिकास्तरः उप-प्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिले पनि खासस्वमा प्रस्ताव गरिएका कृयाकलापहरु संचालन, प्रभावकारी कार्यान्वयन तथा सूचकहरु समयमै हासिल गरे नगरेको सम्वन्धमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाइने छ । सो कार्यमा नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले आवश्यकताका आधारमा सवै सहयोग प्रदान गर्ने वातावरण मिलाउने छ ।

## ५.५. खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको नियमित र समयबद्ध परिमार्जन व्यवस्था

शारदा नगरपालिकाद्वारा निर्माण गरिएको यो खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना हरेक ५ वर्षमा पुनरावलोकन र परिमार्जन गरिन्छ । खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा ५ वर्षको अवधीमा भएका परिवर्तनलाई अध्यवधिक गरि सो खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाले तोकेको लक्ष्य र कार्यक्रमहरु पुरा गर्न के कति भौतिक, वित्तिय र मानव स्रोतको आवश्यकता पर्दछ सो को पनि पुनरावलोकन गरि दस्तवेजीकरण गरिन्छ । सो खासस्व योजना परिमार्जन नगर कार्यपालिकाले निर्णय गरे अनुसार नगरस्तरीय अनुगमन कार्यदल वा खासस्व समन्वय समितिको सिफारिसमा गरिनेछ र नगर कार्यपालिकाको बैठकबाट पारित गरिनेछ ।

यसबाहेक नगरपालिकामा खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको नियमित तथा आवधिक परिमार्जन गर्नका लागि खासस्व समन्वय समिति एवं नगरपालिकाको योजना निर्माण समितिको सिफारिसमा आवश्यक देखिए बमोजिम अद्यावधिक वा परिमार्जन गरेर नगर कार्यपालिका बैठकबाट पारित गरिनेछ। यस खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको रणनीतिक कार्यहरू हालको नगरपालिकाको योजनासँग एकीकृत गरि कार्यान्वयन गरिने छ । हरेक वर्ष योजना परिमार्जन गरि आवधिक रुपमा एकमुस्ट वार्षिक लागत निकाल्न सकिने छ र सोहि अनुरुप कार्यान्वयन गरिने छ । सो का लागि यस खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनामा समावेश भएका क्रियाकलापहरूलाई झिकि वार्षिक कार्य योजनाहरूसँग आबद्ध गरिने छ। एक विशेष वित्तीय वर्षमा नगरपालिकाको खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) क्षेत्रमा गरिने वित्तीय प्रवाहलाई यो काम गर्दा ध्यान दिनुपर्ने छ ।

एन वास एपवाट संकलित तथ्याँकहरुले सम्वोधन गर्न नसकिएका विषयहरु जस्तै १. खानेपानी सेवा प्रदायकहरुको एकिकरण गरि सेवाको स्तर वृद्धिको योजना, २. पानीको गुणस्तरको लागि नियमित ल्याव टेष्ट, ३. योजनाहरुको सामुदायिकरण, ४. ठोसफोहर मैला, प्रदुषित पानी साथै दिसाजन्य लेदो पदार्थको साइड स्पेसिफिक योजनाहरुको समावेशिकरण, ५. सेवाप्रदायक हरुलाई पुरस्कार तथा दण्ड सजायको व्यवस्था र ६. वास युनिटको जनशक्ति विकास तथा सवलिकरण योजना जस्ता विषय थप गर्दै समय समयमा नगरपालिकाले यस वास योजनाको परिमार्जन गर्न सक्नेछ ।

नगरपालिका खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको पुनरावलोकन, परिमार्जन र अध्यवधिक गर्नका लागि नगरपालिकाको खासस्व एकाइ वा शाखा जिम्मेवार हुनेछन् र त्यसका लागि Focal Person, MIS Operator, WASH Officer वा IT Officer ले NWASH MIS को प्रयोग तथा संचालन गर्नेछन ।

आवधिक पुनरावलोकन, परिमार्जन र अध्यावधिक गर्नका लागि कुन कुन प्रश्नावली, सूचक तथा तथ्यांकहरु आवश्यक पर्दछ सो को स्पष्ट पहिचान सहित अभिलेखिकरण अनुसूचीमा संलग्न प्रश्नावलीमा गरिएकोछ ।

## ५.६. पूरक विषय तथा सवालहरु र त्यसको संवोधनका लागि व्यवस्था

शारदा नगरपालिकाको खानेपानी, सरसफाइ र स्वच्छताका सम्वन्धमा तल उल्लेखित पुरक विषय वा सवालहरुलाई पनि सम्बोधन गर्ने गरि यो खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनामा समावेस गरिएको छ ।

### ५.६.१. लैङ्गिक समानता तथा सामाजिक समावेसीकरण

यस खासस्व योजनामा नगरपालिका भित्रका सबै जनतालाई खानेपानी तथा सरसफाइ सेवाको न्यायोचित वितरण तथा उपभोग गर्ने सवालमा समेत विचार पुर्याएर योजना छनौट तथा कार्यान्वयन र मर्मत संचालन प्रकृया साथै नीति निर्माण तहमा महिला र पछाडी पारिएका समुदायहरुको संलग्नतालाई प्रत्याभूती गरिने व्यवस्था गरिएको छ । योजनाको प्राथमिकीकरणको पहिलो शर्त नै पछाडी पारीएका र हाल सम्म उपभोगको अधिकारबाट वन्चित समुदायलाइ प्राथमिकतामा राख्ने उल्लेख गरेर जाती/जनजातीय, भौगोलिक र अति गरिवीको कारणले बन्चितीमा परेका समुदायहरुलाई पहिलो चरणमा नै कार्यक्रमहरु प्रस्ताव गरि कार्यान्वयनमा जाने परिकल्पना गरिएको छ ।

राष्ट्रको संविधानमा नै व्यवस्था भए बमोजिम महिलालाई नीति निर्माण तहमा आवद्ध गराउनका लागि उपभोक्ता समिति तथा अन्य विभिन्न समितिहरुको पदाधिकारीमा महिलाहरुको अनिवार्य संलग्नताको नीतिका अलावा महिला मैत्री खासस्व सेवा र संरचना निर्माणमा पनि विसेष ध्यान दिइने छ ।

### ५.६.२ प्रयोगकर्ता मैत्री संरचनाको निर्माण योजना

यस खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजना कार्यान्वयनको सिलसिलामा निर्माण हुने सम्पूर्ण खानेपानी तथा शौचालयका संरचनाहरु प्रयोगकर्ता मैत्री हुनेछन् । प्रयोकर्ता मैत्री संरचनाहरुको विस्तृत विवरण तथा शर्तहरु अनुसूची  मा संलग्न छ।

### ५.६.३ विपद जोखिम व्यवस्थापन

यस नगरपालिकामा विविध प्रकारका विपदहरुको संभावना विद्धयमान देखिन्छ । खडेरी, आगलागी, भूकम्प, बाढि पहिरो आदी विपदहरु वारम्वार दोहोरी रहने चरित्रका विपदहरु हुन्। बाढि पहिरो, भूकम्प जस्ता ठूला प्रकोपको बेलामा खानेपानी र सरसफाइको क्षेत्रमा ठूलो असर गर्ने गरेको र व्यवस्थित गर्न नसकेमा विपदले भन्दा पनि त्यस पछिको असरले जनताको ज्यान जोखिममा पर्ने गरेको प्रशस्त उदाहरणहरु छन् । त्यसैले विपदको बेलामा पर्न आउने समस्यालाई ध्यानमा राखि पूर्व तयारी सहितको विपद व्यवस्थापन योजना बनाइ राख्नु अनिवार्य देखियो ।

यी यसै कुरालाई ध्यानमा राखी नगरपालिकाको लागि एक भैपरी योजना (Contingency Plan) को खाका तयार गरि अनुसूची मा संलग्न गरिएको छ । यस योजनामा विपद र आकस्मिक अवस्थामा खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा नगरपालिकाले कस्तो रणनीति अपनाउने, के के कुराको अग्रीम व्यवस्थापन गरेर राख्ने र आपद्को अवस्थामा कसरी संवोधन गर्ने भन्ने समग्र खाकाको दस्तावेजीकरण गरिएको छ ।

खानेपानी र सरसफाइको क्षेत्रमा नगरपालिकाले विपद व्यवस्थापन जोखिम न्यूनीकरणका लागि उल्लेखित कार्यक्रमहरु विभिन्न साझेदार तथा सरोकारवाला निकायहरुको समन्वयमा संचालन गरिने छन् । यसका लागि निम्न कृयाकलापहरुको पहिचान गरि कार्यान्वयनका लागि नगरपालिकाले तत्परता देखाउने छ ।

- नगरपालिका तथा वडा स्तरीय समिति तथा उपसमितिहरुलाई आपतकालीन समयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा गर्नु पूर्व तयारी विषयमा तालीम उपलब्ध गराइ उपभोक्ता समिति र खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) समन्वय समितिहरुको क्षमता र सीप अभिबृद्धि गराइने छ ।
- नगरपालिकाको विकास कार्यमा संलग्न विभिन्न निकाय तथा क्लस्टरहरु संग खासस्व क्लस्टरको समन्वय बृद्दी गराउने ।
- विपद् व्यवस्थापन सम्वन्धि तयार भएको रणनीतिक कार्य-योजनालाई अद्यावधिक गर्ने ।
- नगरपालिका तथा वडा स्तरमा जोखिमको नक्सांकन गर्ने र संवाभनाको मूल्यांकन गर्ने ।
- पियूष चक्की, वाटरगार्ड जस्ता क्लोरिनेसन गर्ने औषधीको भण्डारण गरी राख्ने ।
- तुरुन्त तयार गर्न सकिने डिजाइनको चर्पी निर्माण गर्ने सामग्रीहरुको भण्डारण गरी राख्ने ।
- पानीको गुणस्तर जाँच्ने विधि र औजार/ उपकरणको व्यवस्था अद्धयावधिक गरि राख्ने ।
- सहजकर्ता र स्वयंसेवकहरुलाई तालीम दिइ विपदको वेलामा खानेपानी, सरसफाइ तथा स्वच्छताको निमित्त परिचालन गर्न सकिने अवस्थामा तयार गराइ राख्ने ।
- मानविय सहयोगको लागि क्षमता अभिवृद्दी गर्ने र भविष्यमा हुन सक्ने विपद्को लागि तालिम प्राप्त मानव संसाधन तयारी अवस्थामा राख्ने ।
- आपतकालीन अवस्थाको लागि तय गरीएका खुला स्थानहरुको पहिचान र जानकारि सम्पूर्ण समुदायमा गराउने ।
- नगरपालिकामा विपद जोखिम जगेडा कोष व्यवस्थापन गर्ने ।
- विपद् पूर्व- सुचना प्रणालीको स्थापना गर्न पहल गर्ने र स्थापित प्रणालीको समुचित व्यवस्थापन सुनिश्चित गर्ने ।
- विपदको बेला साबुन पानीले हात धुने, सफा पानी, सुबिधाको उचित मर्मत सम्भार र ठोस तथा तरल फोहोरमैला व्यवस्थापनमा ध्यान दिने र आपत्कालीन अवस्थामा सो सेवाको तत्काल व्यवस्था गर्न सकिने गरि पूर्व-तयारी अवस्थामा रहने ।

### ५.६.४ जलवायु परिवर्तन अनुकुलन

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अद्यायन अनुसन्धानले नेपाल विश्वमा नै जलवायु परिवर्तनबाट हुने असरको उच्च जोखिममा रहेको देखिएको छ । विशेषगरी शारदा नगरपालिकाका सन्दर्भमा मध्य पहाडी क्षेत्रको बनविनास खोलानालाहरुबाट गिट्टी बालुवाको दोहन नै बिपद् तथा जलवायु परिवर्तनको उच्च जोखिमको कारक रहेको छ । नगरपालिकाको एकल प्रयासले मात्र जलवायु परिवर्तनको असरलाई रोक्न नसकिने हुँदा जलवायु परिवर्तनलाई आत्मसात गर्दै यसको अनुकुलनको तयारी अवस्थामा रहनुको विकल्प छैन । तसर्थ निम्न उल्लेखित कार्यहरु संचालन गरी जलवायु परिवर्तनका असरहरुको अनुकुलन गरिने गरि यो वास योजनामा समावेस गरिएको छ।

- जलाधार क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन गर्दै उच्च क्षेत्रहरुमा पानी पुनर्भरण पोखरीहरु निर्माण गर्ने ।
- नगरपालिकाद्वारा खाली जग्गामा बृक्षारोपण गर्ने तथा बन क्षेत्रको संरक्षण गर्ने ।
- मानिसहरुलाई पानीको समुचित प्रयोगमा चेतना अभिबृद्धिका कार्यक्रम संचालन गर्ने ।
- पानीका परम्परागत मूलहरुको संरक्षण गर्ने ।
- खोलानालाहरु नियन्त्रणका लागि जैविक बाँधहरु निर्मान गर्न प्रोत्साहन गर्ने ।
- प्लास्टिक जन्य बस्तुको अधिक प्रयोगमा नियन्त्रण गर्ने ।

### ५.६.५. बैकल्पिक प्रविधि

शारदा नगरपालिकाको यो योजनामा खानेपानी र सरसफाइको क्षेत्रमा हाल प्रचलित प्रविधिहरुमा आधारीत रहेर आगामी दस वर्षसम्मको लागि नगारपालिकाको उन्नत खासस्व अवस्थाको लागि कार्यक्रमहरुको पहिचान र प्राथमिकिकरण सहित योजना गरिएको छ । तर दस वर्षको अवधीभित्र अन्य वैकल्पिक, नविन तथा उन्नत प्रविधिका खासस्व संरचना तथा प्रणाली पनि आउन सक्ने अवस्था रहन्छ । त्यस्तो अवस्थामा नगरपालिकाले नियमित र आवधिक रुपमा गरिने खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको पुनरावलोकन र परिमार्जनमा यस्ता वैकल्पिक प्रविधिका विषयहरुलाई समावेस गर्न सक्नेछ ।

खानेपानीको 'थोक वितरण प्रणाली (Bulk distribution System)' आगामी १० वर्ष भित्र संचालनमा आउन सक्ने एउटा संभाव्य वैकल्पिक प्रबिधिका रुपमा देखिन्छ । सो बाहेक पनि नगरपालिकाले खानेपानी तथा सरसफाइको क्षेत्रमा दीगो व्यवस्थापनका लागि नविनतम अध्ययन अनुसन्धान गर्नु र अन्य स्थानमा प्रयोग भइ उपयोगी सावित भएका प्रबिधिहरु अवलम्वन गर्नु आवश्यक छ । यस्ता प्रविधिहरु वातावरण मैत्री, प्रयोगकर्ता मैत्री तथा आर्थिक रुपमा सवल हुन सक्ने, कार्यान्वयन गर्न सहज र सरल मर्मत संभारको अवस्थामा नगरपालिकाले अवलम्वन गर्नेछ ।

६. विस्तृत खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) कृयाकलापहरू र लागत

## ६.१. समावेस गरिएका प्रतिवेदनहरु

यस खण्डमा नगरपालिकाको खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनामा उल्लेख गरिएका कृयाकलापहरुको कार्यान्वयनको विस्तृत योजना र लागत समावेश गरिएको छ। नगरपालिकाको वास योजनाको समग्र सारांसगत विवरण प्रस्तुत गरिएको यो खण्डमा यहाँ र यसभन्दा तल खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको संभागगत (component-wise) कृयाकलापहरु, मौजुदा तथा प्रस्तावित आयोजनाहरु साथसाथै आगामी दस वर्षसम्मको लागि प्रति वर्ष नगरपालिकाले लगानी गर्नुपर्ने लागत, नगरपालिकासंग भएको र हुन सक्ने मौज्दात तथा नपुग स्रोत र साधनहरुको आपूर्ती विकल्पको विस्तृत खण्डीकृत (ब्रेकडाउन) विवरण दिइएको छ ।

नगरपालिका र नगरपालिका भित्र खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) क्रियाकलापहरू कार्यान्वयन गर्न चाहने अन्य क्षेत्रगत निकायहरूको लागि पनि यो खण्ड उपयोगी हुनेछ । विशेष गरि यहाँ प्रस्तुत गरिएका विवरणहरुलाई संक्षेपमा निम्नानुसार राख्न सकिन्छ ।

१. खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व)योजनामा समावेश क्रियाकलापहरू
२. समय खाका
३. क्रियाकलापहरू कार्यान्वयनको लागि अनुमानित लागत
४. वार्षिक क्रियाकलापहरूको सारांश र लगानीको ढाँचा

५. खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) सेवाहरूको लागि विस्तृत क्रियाकलापहरू

६. विस्तृत खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) कृयाकलापहरू र लागत

## ६.१. समावेस गरिएका प्रतिवेदनहरु

यस खण्डमा नगरपालिकाको खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनामा उल्लेख गरिएका कृयाकलापहरुको कार्यान्वयनको विस्तृत योजना र लागत समावेश गरिएको छ। नगरपालिकाको वास योजनाको समग्र सारांसगत विवरण प्रस्तुत गरिएको यो खण्डमा यहाँ र यसभन्दा तल खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको संभागगत (component-wise) कृयाकलापहरु, मौजुदा तथा प्रस्तावित आयोजनाहरु साथसाथै आगामी दस वर्षसम्मको लागि प्रति वर्ष नगरपालिकाले लगानी गर्नुपर्ने लागत, नगरपालिकासंग भएको र हुन सक्ने मौज्दात तथा नपुग स्रोत र साधनहरुको आपूर्ती विकल्पको विस्तृत खण्डीकृत (ब्रेकडाउन) विवरण दिइएको छ।

नगरपालिका र नगरपालिका भित्र खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) क्रियाकलापहरू कार्यान्वयन गर्न चाहने अन्य क्षेत्रगत निकायहरूको लागि पनि यो खण्ड उपयोगी हुनेछ । विशेष गरि यहाँ प्रस्तुत गरिएका विवरणहरुलाई संक्षेपमा निम्नानुसार राख्न सकिन्छ।

५. खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व)योजनामा समावेश क्रियाकलापहरू
६. समय खाका
७. क्रियाकलापहरू कार्यान्वयनको लागि अनुमानित लागत
८. वार्षिक क्रियाकलापहरूको सारांश र लगानीको ढाँचा
९. खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) सेवाहरूको लागि विस्तृत क्रियाकलापहरू

## परिशिष्ट क
## वास सेवाहरूको लागि संक्षिप्त क्रियाकलापहरू र कोषको ढाँचा

YEAR WISE ACTIVITY SUMMARY AND FUNDING MODALITY FOR WASH SERVICES From YEAR 0 to YEAR 10 are in 2. WASH Yearly costing Excel file.

Yearly ACTIVITIES FOR All Categories SERVICES WITHIN MUNICIPALITY (water Supply, Sanitation, School, HCF and Public Place) are in ANNEX file

**OTHER DIRECT**

#Other Direct Support#

# परिशिष्ट ख
# प्राथमिकता अनुरुप आयोजनाका सूचि

## Water Supply System

- Existing WSS

| योजनाको कोड | योजनाको नाम | प्राथमिकता |
|---|---|---|
| ६०९०७००० | खलंगा खानेपानी तथा सरसफाई उ.स. स्किम नं.१ श्रीरीवार सल्यान | उच्च |
| ६०९०७०४६ | शान्तिनगर खा.पा.आ. | मध्यम |
| ६०९०७०४७ | चैवाङ खा.पा.आ. | अत्ति उच्च |
| ६०९०७०४९ | छापडाँडा १ खा.पा.आ. | निम्न |
| ६०९०७०५१ | दारिमचौर खा.पा.आ. | उच्च |
| ६०९०७०५३ | दोब्री चैबाङ खा.पा.आ. | अत्ति उच्च |
| ६०९०७०५६ | दुल धारा खा. पा. आ.[सेजवाल टाकुरा स्किम २ खा.पा.आ.] | अत्ति उच्च |
| ६०९०७०७३ | साङघार खा.पा.आ. | अत्ति उच्च |
| ६०९०७०८२ | दारे खोला खा.पा.आ.[ रातमाटा (द्वारकोट) खा.पा.आ.] | उच्च |
| ६०९०७०८६ | मालीके खोली खा. पा. आ.[मधना खा.पा.आ.] | अत्ति उच्च |
| ६०९०७०८७ | भलखाने आनेबली खा. पा. आ.[हिवल्चा १ खा.पा.आ.] | अत्ति उच्च |
| ६०९०७१०२ | नेपाने खा.पा.आ. | मध्यम |
| ६०९०७१०३ | बासखोला खा.पा.आ. | निम्न |
| ६०९०७१०७ | कालाखोला खा.पा.आ.[कालाखोला डाडासिम खा.पा.आ.] | उच्च |
| ६०९०७११० | सिमखर्क खा.पा.आ. | अत्ति उच्च |
| ६०९०७११४ | भगवती खोला खा.पा.आ. | उच्च |
| ६०९०७१२७ | ठुला पातल खा.पा.आ. | निम्न |
| ६०९०७१४२ | छहरा खोला खानेपानी तथा सरसफाई उ.स. | निम्न |
| ६०९०७१५३ | चिसापानी खा.पा.आ. | निम्न |
| ६०९०७१५६ | खलंगा शीतलपाती खा.पा.आ. | मध्यम |
| ६०९०७१६१ | बाउन पधेरा लिफ्ट खा.पा.आ. | अत्ति उच्च |
| ६०९०७१६४ | चिसापानी लिफ्ट खानेपानी तथा सरसफाई उ.स. | अत्ति उच्च |

| | | |
|---|---|---|
| ६०९०७१७१ | मदना बडाचौर लिफ्ट खा.पा.आ. | अत्ति उच्च |
| ६०९०७१७३ | बरला टाकुरा खानेपानी तथा सरसफाई उ.स. | उच्च |
| ६०९०७१७४ | किमीरेरूख खा.पा.आ. | अत्ति उच्च |
| ६०९०७१७६ | नया बस्ती सानीगारे धिरुवा खानेपानी तथा सरसफाई उ.स. | निम्न |
| ६०९०७१७९ | जलुके खानेपानी तथा सरसफाई उ.स. | अत्ति उच्च |

- New WSS

| प्रणाली | समुदाय (वार्ड) | प्राथमिकता |
|---|---|---|
| लेखकाफ्ली खानेपानी योजना | Deurali Lekha Kaphale, Ward: 11 | अत्ति उच्च |
| कजेरी सामुदायीक खानेपानी योजना | Kajeri, Ward: 7 | उच्च |
| जर्खु सामुदायीक खानेपानी आयोजना | Madana,Marke,Hiwalcha,khairabang, Simkharka,duldharapokhara,Ranikot Etc, Ward: 10 | अत्ति उच्च |
| रोका टोल खानेपानी योजना | Roka tole, Ward: 4 | अत्ति उच्च |
| स्यालाघारी खानेपानी योजना | Syalaghaari, Ward: 2 | उच्च |

- Ongoing WSS

| प्रणाली | समुदाय (वार्ड) | प्राथमिकता |
|---|---|---|
| शारदा बृहत खानेपानी आयोजना | 12 Word no all, Ward: 12 | अत्ति उच्च |
| शारदा बृहत खानेपानी योजना | 13 no.Ward all, Ward: 13 | उच्च |
| शारदा बृहत खानेपानी योजना | Barala, Ward: 6 | अत्ति उच्च |
| शारदा बृहत खानेपानी आयोजना | Dharkhani, Ward: 1415 | अत्ति उच्च |
| हिवल्चा खानेपानी योजना जर्खुमा मर्ज | Hiwalcha, Ward: 11 | अत्ति उच्च |

## Sanitation System

- Existing Sanitation System

| खानेपानी प्रणाली | समुदाय (वार्ड) | प्राथमिकता |
|---|---|---|
| शारदा नगरपालिका फोहोरमैला व्यवस्थापन कार्य | सुकेखोला , Ward: 3 | अत्ति उच्च |

- New Sanitation System

डाटा उपलब्ध छैनccc

- Ongoing Sanitation System

डाटा उपलब्ध छैन

School

| विद्यालय | समुदाय (वार्ड) | समुदाय (वार्ड) | प्राथमिकता |
|---|---|---|---|
| श्री आधारभूत विद्यालय नयाँबस्ती | नयाँबस्ती , Ward: 9 | आधारभूत | निम्न |
| श्री आर  एस एकेडेमी | जामुनेपाटा , Ward: 8 | आधारभूत | निम्न |
| श्री कालिका आधारभूत विद्यालय | मधाना, Ward: 10 | आधारभूत | उच्च |
| श्री कालिका आधारभूत विद्यालय | ढारखानी, Ward: 14 | आधारभूत | अत्तिउच्च |
| श्री कालिका मा.बि. | कजेरी, Ward: 7 | आधारभूत | अत्तिउच्च |
| श्री कृष्ण आधारभूत विद्यालय | बागचौर , Ward: 9 | आधारभूत | अत्तिउच्च |
| श्री क्रियटिभ एकेडेमी | लालदरबार , Ward: 2 | आधारभूत | निम्न |
| श्री खड्गदेवी आधारभूत बिद्यालय | पौवावारि, Ward: 3 | आधारभूत | निम्न |
| श्री गैरिखर्क आधारभूत विद्यालय | सिलखर्क, Ward: 8 | आधारभूत | उच्च |
| श्री जनकल्यान आधारभूत विद्यालय | तल्लोमार्के , Ward: 5 | आधारभूत | अत्तिउच्च |
| श्री जनबिकास नि.मा.बि. | ओख्रेनी, Ward: 7 | आधारभूत | उच्च |
| श्री जनसेवा नि.मा.बि. | पेदी, Ward: 11 | आधारभूत | मध्यम |
| श्री जनकल्याण आधारभूत विद्यालय | जलुके, Ward: 10 | आधारभूत | अत्तिउच्च |
| श्री जनचेतना आधारभूत बिद्यालय | माथील्लोस्याला , Ward: 11 | आधारभूत | मध्यम |
| श्री जनचेतना आधारभूत बिद्यालय | पैयाँखर्क , Ward: 10 | आधारभूत | उच्च |
| श्री जनजाग्रिति आधारभूत विद्यालय | मेलटाकुरा , Ward: 9 | आधारभूत | अत्तिउच्च |
| श्री जीवनज्योती आधारभूत बिद्यालय | सापमारा, Ward: 6 | आधारभूत | उच्च |
| श्री ज्ञानज्योति आधारभुत बिद्यालय | टाकुरा, Ward: 6 | आधारभूत | निम्न |
| श्री ज्ञानोदय आधारभुत बिध्यालय | साहिलाकम्द, Ward: 4 | आधारभूत | निम्न |
| श्री ज्योतीपूञ्ज एकेडेमी | साहुटोल , Ward: 4 | आधारभूत | मध्यम |
| श्री त्रिभुबन जन मा.बि. | मालनेटा , Ward: 15 | आधारभूत | उच्च |
| श्री त्रिभुबन जनता मा.बि. | मार्के , Ward: 8 | आधारभूत | अत्तिउच्च |
| श्री त्रिभुवन जन मा.बि | लुहापिङ्ग, Ward: 2 | उन्नत | अत्तिउच्च |
| श्री दिपेन्द्र चौतारा आधारभूत विद्यालय | अत्तरकाँडा, Ward: 13 | आधारभूत | मध्यम |
| श्री दुर्गा आधारभूत बिद्यालय | तिमीले, Ward: 12 | आधारभूत | निम्न |

| | | | |
|---|---|---|---|
| श्री दुर्गा आधारभूत विद्यालय | डाँडागाँउ , Ward: 15 | आधारभूत | अत्तिउच्च |
| श्री नवजिवन इङ्गलिस बोर्डीङ्ग स्कुल | ठाँडाढुङ्गा , Ward: 14 | आधारभूत | निम्न |
| श्री पशुपती आधारभूत विद्यालय | हरले , Ward: 15 | आधारभूत | अत्तिउच्च |
| श्री बालकल्याण आधारभूत बिद्यालय | तल्लोस्याला, Ward: 11 | आधारभूत | निम्न |
| श्री बालकल्यान आधारभूत विद्यालय | चलाउनेपानी, Ward: 13 | आधारभूत | निम्न |
| श्री बालशाखा माध्यमिक बिद्यालय | मदमकाँडा, Ward: 6 | आधारभूत | निम्न |
| श्री  बिजय आधारभूत विद्यालय | सानिगारे , Ward: 9 | आधारभूत | निम्न |
| श्री बिध्या ज्ञान आधारभूत विद्यालय | ओरगाँउ , Ward: 8 | आधारभूत | निम्न |
| श्री बुद्ध आधारभूत विद्यालय | सुनटाकुरा , Ward: 4 | आधारभूत | निम्न |
| श्री ब्राट पल एकेडेमी | जोगीदेउखोला, Ward: 2 | आधारभूत | निम्न |
| श्री भगवती आधारभूत बिद्यालय | सल्यानचौर, Ward: 13 | आधारभूत | निम्न |
| श्री भगवती आधारभूत बिद्यालय | भगवतीखोला, Ward: 1 | आधारभूत | निम्न |
| श्री भुबनेश्वरी आधारभुत बिद्यालय | खैराबाङ्ग, Ward: 11 | आधारभूत | निम्न |
| श्री भुवेन्नेश्वरी मा.वि. | सुनचौर, Ward: 9 | आधारभूत | अत्तिउच्च |
| श्री महेन्द्ररत्न मा.बि. | पिपलनेटा, Ward: 4 | आधारभूत | मध्यम |
| श्री महेन्द्ररत्न माध्यमिक बिद्यालय | हिवल्चा, Ward: 11 | आधारभूत | निम्न |
| श्री महेन्द्रोदय अधारभूत बिद्यालय | डाँग्री , Ward: 12 | आधारभूत | निम्न |
| श्री मिडवेस्ट इङ्गलिस बोडिङ्ग स्कुल | निपाने , Ward: 9 | आधारभूत | मध्यम |
| श्री मित्र प्याराडाइज एकेडेमी | श्रीनगर, Ward: 1 | आधारभूत | निम्न |
| श्री मोर्डन तुल्सी एकेडेमी | श्रीनगर, Ward: 1 | उन्नत | निम्न |
| श्री लक्ष्मी आधारभूत बिद्यालय | खत्रीपोखरी, Ward: 6 | आधारभूत | निम्न |
| श्री लक्ष्मी माध्यामिक बिद्यालय | स्यानिखाल , Ward: 13 | आधारभूत | उच्च |
| श्री लक्ष्मी आधारभूत बिद्यालय | पानीखोला, Ward: 14 | आधारभूत | निम्न |
| श्री शारदा आधारभुत बिद्यालय | कुरल, Ward: 7 | आधारभूत | निम्न |
| श्री शारदा आधारभूत बिद्यालय | कौछे, Ward: 6 | आधारभूत | निम्न |
| श्री शारदा आधारभूत बिद्यालय | रारे, Ward: 8 | आधारभूत | निम्न |
| श्री शारदा आधारभूत बिद्यालय | शान्तिनगर, Ward: 1 | आधारभूत | निम्न |
| श्री शारदा आधारभूत विद्यालय | बरलाढार, Ward: 14 | आधारभूत | अत्तिउच्च |
| श्री शारदा इङ्गलिस बोर्डिङ्ग स्कुल | रेशमजिउला , Ward: 12 | आधारभूत | निम्न |
| श्री शिक्षा मन्दिर आधारभूत विद्यालय | दुलधारापोखरा , Ward: 5 | आधारभूत | निम्न |
| श्री शिद्ध आधारभूत विद्यालय | मधाना, Ward: 10 | आधारभूत | उच्च |

| | | | |
|---|---|---|---|
| श्री शिद्धार्थ आधारभूत विद्यालय | जोगीदेउखोला, Ward: 2 | आधारभूत | निम्न |
| श्री शिव आधारभूत विद्यालय | सिमतरा, Ward: 15 | आधारभूत | निम्न |
| श्री शिवजन क्याम्पस | श्रीनगर, Ward: 1 | उन्नत | मध्यम |
| श्री शिवजन मा. बि. | श्रीनगर, Ward: 1 | उन्नत | अत्तिउच्च |
| श्री शिव माध्यमिक विद्यालय | मुलडाँडा, Ward: 12 | आधारभूत | मध्यम |
| श्री समता स्कुल | श्रीनगर, Ward: 1 | आधारभूत | निम्न |
| श्री सरस्वती आधारभुत बिध्यालय भङ्गारचौर | भङ्गारचौर, Ward: 10 | आधारभूत | अत्तिउच्च |
| श्री सरस्वती आधारभूत विद्यालय | गैरागाँउ, Ward: 7 | आधारभूत | निम्न |
| श्री सरस्वती आधारभूत विद्यालय | हात्तिढुङ्गा , Ward: 9 | आधारभूत | निम्न |
| श्री सरस्वती बिध्यामन्दिर आधारभूत विद्यालय | रानिकोट , Ward: 5 | आधारभूत | मध्यम |
| श्री सल्यान मल्टिपल क्यापस | लुहापिङ्ग , Ward: 2 | उन्नत | मध्यम |
| श्री सिर्जनशिल आधारभूत विद्यालय | लेखटाकुरा, Ward: 13 | आधारभूत | निम्न |
| श्री हिमालय आधारभूत विद्यालय | सीउरे, Ward: 9 | आधारभूत | निम्न |
| श्री ह्वाईट वुड आधारभुत इङ्गलिस स्कुल | बरला, Ward: 6 | आधारभूत | निम्न |
| श्री एम.एम.ऐकेडेमी | बडाखोला , Ward: 3 | आधारभूत | निम्न |

## Health Care Facilities

| स्वास्थ्य सेवाको नाम | योजनाको नाम | प्राथमिकता |
|---|---|---|
| आधरभुत स्वास्थ सेवा केन्द्र | डाँग्री, Ward: 12 | उच्च |
| आधारभुत स्वास्थ्य केन्द्र | दोभान, Ward: 9 | अत्ति उच्च |
| आधारभुत स्वास्थ्य केन्द्र | रानिकोट, Ward: 5 | मध्यम |
| आधारभुत स्वास्थ्य सेव केन्द्र | बडाचौर, Ward: 10 | अत्ति उच्च |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र | मदमकाडाँ, Ward: 6 | मध्यम |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र | ठाडाडुङ्गा, Ward: 14 | अत्ति उच्च |
| आधारभूत स्वास्थ्य केन्द्र | बडाखोला, Ward: 3 | निम्न |
| कजेरी स्वास्थ्य चाैकी | कजेरी, Ward: 7 | निम्न |
| कन्तिपुर सामुदायिक अस्पताल प्रा.लि. | श्रीनगर , Ward: 1 | निम्न |
| कलशी मेमोरियल हस्पिटल प्रा.लि. | श्रीनगर, Ward: 1 | उच्च |
| खलंगा स्वस्थ्य चौकी | श्रीनगर, Ward: 1 | निम्न |
| डाँडागाँउ स्वास्थ्य चौकी | मालनेटा, Ward: 15 | अत्ति उच्च |
| परोपकार हस्पिटल प्रा. लि. | श्रीनगर, Ward: 1 | मध्यम |

| | | |
|---|---|---|
| मार्के स्वास्थ्य चौकी | मार्के, Ward: 8 | निम्न |
| याक्सन कुमाख हस्पिटल प्रा. लि. | श्रीनगर , Ward: 1 | निम्न |
| शहरी स्वास्थ्य केन्द्र | पेदी, Ward: 11 | अत्ति उच्च |
| शारदा मेट्रो हस्पिटल प्रा.लि. | श्रीनगर , Ward: 1 | मध्यम |
| सल्यान कर्णाली अस्पताल प्रा.लि. | श्रीनगर , Ward: 1 | निम्न |
| सल्यान जिल्ला अस्पताल | खलंगा , Ward: 2 | अत्ति उच्च |
| सेजवालटाकुरा स्वास्थ्य चौकी | पिपलनेटा, Ward: 4 | अत्ति उच्च |
| स्यानिखाल स्वास्थ्य चौकि | स्यानिखल, Ward: 13 | मध्यम |
| हिवल्चा स्वास्थ्य चौकी | हिवल्चा, Ward: 11 | मध्यम |

**सार्वजनिक शौचालय**

| सार्वजनिक शौचालय | समुदाय (वार्ड) | लक्षित सेवा स्तर | प्राथमिकता |
|---|---|---|---|
| दुलधारा पोखरा | Dhuldhara Pokhara, Ward: 5 | आधारभूत | निम्न |
| श्रीनगर बस पार्क | Bus Park Shreenagar Salyan, Ward: 1 | आधारभूत | अत्ति उच्च |
| अटो भलेज | Reshsm Jiula, Ward: 12 | आधारभूत | अत्ति उच्च |
| शबजन मा.बि. | Sitalpati, Ward: 1 | आधारभूत | अत्ति उच्च |
| खलंगा बस पार्क | खलंगा बजार, Ward: 2 | आधारभूत | निम्न |
| महेन्द्र मा.बि | मार्के, Ward: 8 | आधारभूत | अत्ति उच्च |
| बस पार्क | श्रीनगर, Ward: 1 | आधारभूत | अत्ति उच्च |

# शारदा नगरपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता योजना तर्जुमाका केहि तस्विरहरु





**खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अन्तरक्रिया कार्यक्रममा नगर प्रमुख, उप-प्रमुख, कार्यपालिका सदस्यहरु, शाखा प्रमुखहरु र सरोकार निकायका प्रमुख तथा प्रतिनिधि ज्यूहरु**







**https:// https://nwash.gov.np/WashData मा खानेपानी तथा सरसफा सम्बन्धी डाटा संकलन गर्दै प्राविधिकहरु**




**शारदा नगरपालिकाको २२५० सय घरधुरीलाई पानीको आपूर्ति पुरा गर्दै आईरहेको खलंगा शितलापाटी खानेपानी तथा सरसफाइ उ.स., तेस्रो साना शहरी खानेपानी आयोजना शा.न.पा.,२ सल्यान**




**खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अन्तर्गत खानेपानी तथा सरसफाइ योजनाहरुको प्राथामिकीकरण बैठकमा आफ्ना धारणा राख्दै नगर प्रमुख**









**शारदा नगरपालिकाले २५० घरधुरिलाइ निर्माण गरेको बरला बनघर हलचौर लिफ्ट खानेपानी अयोजना शा.न.पा.,६ सल्यान**



खानेपानी तथा सरसफा सम्बन्धी डाटा संकलनको क्रम्मा लिइएको शा.न.पा.,२ पुरानो बस पार्क खलंगामा बनेको सार्बजनिक शौचालय।



वडा स्तरिय वास पलान प्रमाणिकरण बैठक वडा नं.१०







शारदा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना २०८० पहिलो तस्बिर, वास पलान अध्याबधिक २०८१ घोषणा तथा प्रमाणिकरण कार्यक्रम दास्रो तस्बिर।

Date________
Page________

आज मिति २०८१/०९/१८ गते तद्अनुसार २ जनवरी २०२५ का दिन शारदा खानेपानी सरसफाई तथा स्वच्छता योजना (खासस्व योजना, वास प्लान) २०८० लाई खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग कार्यक्रम तथा MST को प्राविधिक सहयोगमा खासस्व योजना २०८१ घोषणा कार्यक्रम नगर प्रमुख श्री प्रकाश भण्डारीको अध्यक्षतामा तपशिल बमोजिमका सरोकारवाला निकायहरुको उपस्थितिमा वास प्लान घोषणा कार्यक्रम सम्पन्न गरियो।

उपस्थितिहरु

१. श्री प्रकाश भण्डारी (नगर प्रमुख)
२. श्री सरस्वती सापकोटा (नगर उप प्रमुख)
३. श्री ओम प्रकाश देवकोटा (प्रमुख प्रशासकीय अधिकृत)
४. श्री प्रदिप पाण्डे (१ नं. वडा अध्यक्ष)
५. श्री सबीन डुमाल (२ नं. " " )
६. श्री तुलसा भण्डारी (३ नं. " " )
७. श्री किशोर डुमाल (४ नं. " " )
८. श्री प्रदिप शाही (५ नं. " " )
९. श्री नविन राज बुढाथोकी (६ नं. " " )
१०. श्री लिला बहादुर रोका (७ नं. " " )
११. श्री लक्ष्मन बुढाथोकी (८ नं. " " )
१२. श्री हेमेन्द्र ब. बुढाथोकी (९ नं. " " )
१३. श्री कृष्ण ब. बोहोरा (१० नं. " " )
१४. श्री राजेश शर्मा (११ नं. " " )
१५. श्री सुरेन्द्र बुढा (१२ नं. " " )
१६. श्री जंग ब. बुढा (१३ नं. " " )
१७. श्री प्रकाश पुन (१४ नं. " " )
१८. श्री लोकनाथ बुढाथोकी (१५ नं. " " )
१९. श्री पुष्पा नेपाली (कार्यपालिका सदस्य)
२०. श्री भगवती बोहोरा ( " " )
२१. श्री मन्जु परियार ( " " )
२२. श्री रत्ना थापा ( " " )
२३. श्री दिपक विश्वकर्मा ( " " )

Date
Page

२३. श्री गोमा पोखरेल (कार्यपालिका सदस्य)
२४. श्री प्राण कुमार राई (कार्यपालिका सदस्य)
२५. श्री इन्द्रा कुमारी कार्की ( " " " )
२६. श्री लिलाधर बनाल (शिक्षा शाखा)
२७. श्री केशव बुढाथोकी (योजना शाखा)
२८. श्री बिरेन्द्र डुमाल (स्वास्थ्य शाखा)
२९. श्री खगेन्द्र मकल (प्राविधिक शाखा)
३० श्री डा. अनिशा राई (पशु विकास शाखा)
३१ श्री निर्व राज उपाध्याय (कृषि विकास शाखा)
३१ श्री उपाअधि क्रा.वा. वडाध्यक्ष वडा नं. ३
३२. श्री मनिशा गुरुङ (पशु विकास शाखा)
३४. श्री शान्ता बुढाथोकी (रोजगार शाखा)
३५. श्री संगिता बनाल (महिला विकास शाखा)
३६ श्री समिक्षा खनाल (फोहरमैला व्यवस्थापन)
३८. श्री हरिभक्त भण्डारी (राजस्व शाखा)
३९. श्री सरिता थापा (उद्योग शाखा)
४०. श्री हुस्ना बिष्ट (पञ्जीकरण शाखा)
४१. श्री दिपक अधिकारी (PIU manager)
४२. श्री जय शंकर झा (DTL)
४३. श्री मुकुन्द राज अर्याल (SDS)
४४. श्री बिजेन्द्र राम विमली GIS
४५. श्री अदिप गुरुङ (EMS)
४६. श्री रञ्जु ने. वोहरा (न.पा.प्र.)
४७. श्री सलिना कँवर (WASH sub Engineer)
४८. श्री सुनयना राई (MIS operator)
४९. श्री पदम घर्ति (प्रशासन शाखा)
५०. श्री कैलाश चनारा (wash focal person)